# घरेलु महिला विरुद्ध हुने हिंसाका प्रकार र कारणहरू

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजशास्त्र सङ्कायअन्तर्गत

समाजशास्त्र विषयको स्नातकोत्तर तहको आंशिक आवश्यकता

पूरा गर्नको लागि समाजशास्त्र केन्द्रीय विभागमा

प्रस्तुत

## शोध पत्र


शोधार्थी

प्रभा पौडेल

रोल नं. २८३१२२

रजिष्ट्रेशन नं. ६-२-२०३-६७-२००७

कीर्तिपुर, काठमाडौं


२०७३

3/]n' dlxnf lj?4 xg]lx+;fsf k|sf/ / sf/0fx¿

–k|ef kf}8]n

@)&#

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय समाजशास्त्र विभागअन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तह पूरा गर्ने प्रयोजनका लागि मेरो निर्देशन र सुपरिवेक्षणमा छात्रा प्रभा पौडेलले **घरेलु महिला विरुद्ध हुने हिंसाका प्रकार र कारणहरू (दक्षिणकाली नगरपालिका वडा नं. ७ फर्पिङ्गमा गरिएको एक समाजशास्त्रीय अध्ययन**) विषयक शोधपत्र तयार गर्नुभएको हो । म उहाँको कार्यप्रति सन्तुष्ट छु र उहाँको उत्तरोत्तर प्रगतिको कामना गर्दै मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

.................................

**सहप्रा.डा. टिकाराम गौतम**

(शोधनिर्देशक)

समाजशास्त्र केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

मितिः २०७३/०३/०१

# स्वीकृति पत्र

**घरेलु महिला विरुद्ध हुने हिंसाका प्रकार र कारणहरू (दक्षिणकाली नगरपालिका वडा नं. ७ फर्पिङ्गमा गरिएको एक समाजशास्त्रीय अध्ययन**) शीर्षक त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षमा अध्ययन गर्ने प्रभा पौडेलले प्रस्तुत गर्नु भएको शोधपत्रलाई स्वीकृति प्रदान गरिएको छ ।

हस्ताक्षर

प्रा.डा. तुलसी पाण्डे ..........................
(विभागीय प्रमुख)

डा. टीकाराम गौतम ............................
(शोध निर्देशक)

............................
(बाह्य परीक्षक)

मितिः- २०७३। । ।

# कृतज्ञता ज्ञापन

प्रस्तुत **घरेलु महिला विरुद्ध हुने हिंसाका प्रकार र कारणहरू (दक्षिणकाली नगरपालिका वडा नं. ७ फर्पिङ्गमा गरिएको एक समाजशास्त्रीय अध्ययन**) शीर्षकमा शोधपत्र तयार गरेकी छु । प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा सकेसम्म मिहिनेत गरेको भए पनि यो मेरो पहिलो अनुसन्धान कार्य भएकोले केही कुराहरू छुटेको वा नपुग हुन सक्छ जसको लागि क्षमा प्रार्थी छु । यो शोधपत्र तयार गर्नका लागि समयमा नै आवश्यक व्यवस्था मिलाई दिनु हुने समाजशास्त्र तथा मानवशास्त्र केन्द्रीय विभागका विभागीय प्रमुख प्रा.डा. तुल्सीराम पाण्डेज्यूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । मेरो शोध कार्यलाई अगाडी बढाउन आवश्यक सल्लाह सुझाव दिनुहुने शोध निर्देशक सहप्रा. डा. टिकाराम गौतमप्रति आभारी छु साथै यस शोध कार्यलाई सफल बनाउन सहयोग गर्नुहुने मेरो विभागका गुरुहरूप्रति पनि आभार व्यक्त गर्दछु ।

आफ्नो अमूल्य समयको वास्ता नगरी अनुसन्धान कार्यलाई सफल पार्न आफ्ना अनुभव तथा विचारहरू दिएर सहयोग गर्नु हुने यस दक्षिणकाली नगरपालिका वडा नं. ७ फर्पिङङ्गका स्थानीय माहिला उत्तरदाताहरूप्रति आभार व्यक्त गर्दछु । आर्थिक रूपले विषम परिस्थितिमा पनि यहाँसम्मको पढाइमा सहयोग र हौसला प्रदान गरिदिनु हुने मेरो आदरणीय पिता र ममतामयी माताप्रति आभारी छु । यस शोधपत्र लेखन कार्यलाई सहजता प्रदान परिवारका सबै सदस्यप्रति आभार व्यक्त गर्दछु ।

शोधपत्र लेखनको कार्यमा आफ्नो प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग पुऱ्याएर सहयोग गर्ने सहपाठी साथीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछ । यस शोधपत्रलाई शुद्ध र आकर्षक रूपमा टङ्कन गरी सहयोग पुऱ्याउने कीर्तिपुर नयाँ बजार स्थित युनिभर्सल फोटो कपी एण्ड कम्प्युटर सेन्टरका सुभाष खत्रीलाई विशेष धन्यवाद दिन चाहन्छु । यस शोधपत्रका लागि आवश्यक पर्ने पुस्तक, पत्रपत्रिका उपलब्ध गराई सहयोग पुऱ्याउने त्रि.वि. केन्द्रीय पुस्तकालय साथै विभिन्न पत्रपत्रिका उपलब्ध गराई सहयोग पुऱ्याउने राष्ट्रिय महिला आयोग र सिविन कार्यालयलाई पनि सहयोगप्रति आभार व्यक्त गर्दछु । अन्त्यमा मेरो यो सानो प्रयासले महिलाहरूको बारेमा जानकारी हासिल गर्न चाहने महानुभवहरूलाई केही मात्रामा भए पनि सहयोग पुऱ्याउन सक्नेछ भन्ने विश्वास लिएकी छु । अन्त्यमा प्रस्तुत शोधपत्र समाजशास्त्र केन्द्रीय विभाग कीर्तिपुर समक्ष पेश गर्दछु ।

**प्रभा पौडेल**

# विषय सूची


सिफारिस पत्र

स्वीकृति पत्र

कृतज्ञता ज्ञापन

विषय सूची

तालिका सूची

परिच्छेद एक

परिचय

| | |
|---|---|
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ४ |
| १.३ अध्ययनको उद्देश्य | ५ |
| १.४ अध्ययनको महत्त्व/सान्दर्भिकता | ५ |
| १.५ अध्ययनको संगठन | ७ |

परिच्छेद दुई

सन्दर्भ साहित्यको अध्ययन

| | |
|---|---|
| २.१ सन्दर्भ साहित्यको अध्ययन | ८ |
| २.२ विश्व सन्दर्भमा घरेलु हिंसा | ११ |
| २.३ दक्षिण एशियामा घरेलु हिंसा | १२ |
| २.४ नेपालमा घरेलु हिंसा | १३ |
| २.५ लैङ्गिकता र यसमा सामाजिक, सांस्कृतिक प्रभाव | १४ |

परिच्छेद तीन

अनुसन्धान विधिहरू

| | |
|---|---|
| ३.१ अनुसन्धान क्षेत्रको छनोट र यसको औचित्य | २१ |
| ३.२ अनुसन्धान ढाँचा | २२ |
| ३.३ तथ्यहरूको स्रोत तथा प्रकृति | २२ |
| ३.४ समग्र तथा नमुना छनोट प्रक्रिया | २२ |
| ३.५ तथ्याङ्क सङ्कलन विधि | २३ |
| ३.५.१ द्वितीयक स्रोत | २३ |

३.५.२ विभिन्न प्रतिवेदन र सरकारी अभिलेखहरू २३
३.६ तथ्याङ्क विश्लेषण विधि २४
३.७ अध्ययनको सीमा २४

## परिच्छेद चार

## अध्ययन क्षेत्र, महिला हिंसाका प्रकार र कारणहरू

४.१ दक्षिणकाली नगरपालिकाको संक्षिप्त परिचय २६
४.२ अध्ययन क्षेत्रभित्रका महिलाहरूको स्थिति २७
४.३ महिलाप्रति हुने हिंसाका प्रकार तथा कारणहरू २७
४.३.१ महिलाप्रति हुने हिंसाको प्रकार तथा कारण २८
४.३.२ अध्ययन क्षेत्रमा महिला विरुद्वको हिंसा २९
४.३.३ महिलामाथि हुने घरेलु हिंसाको प्रकार र उमेर समुह ३०
४.३.४ महिलामाथि हुने घरेलु हिंसाको कारणहरू ३१
४.३.५ शारीरिक हिंसाका कारण महिलाले भोगेका शारीरिक समस्याहरू ३३
४.४ हिंसा सहनुका कारणहरू ३३
४.५ महिलाको परिवारको किसिम र हिंसाको अवस्था ३५
४.५.१ परिवारको प्रकार ३५
४.५.२ परिवारबाट मानसिक हिंसामा परेका उत्तरदाता महिलाहरू ३६
४.५.३ मानसिक हिंसाबाट मानसिक समस्या भोगेका महिलाहरू ३७
४.६ महिलामाथि गरिने हिंसा र हिंसाकर्ता ३८
४.६.१ महिलाबाट महिलामाथि हुने हिंसा ३९
४.७ उत्तरदाता महिलाप्रति गरिने घरेलु हिंसाको बेलाको जानकारी ४०

## परिच्छेद पाँच

## महिलामा परेको हिंसाको असर

५.१ महिलामा परेको हिंसाको असर ४१
५.२ हिंसाबाट महिलाहरूमा पर्न गएको असर ४२
५.२ महिलामा परेको सामाजिक तथ आर्थिक हिंसाको प्रभाव ४४
५.२.१ अध्ययन क्षेत्रका महिलाको सामाजिक आर्थिक अवस्थाको विवरण ४४
५.२.२ जातिगत आधारमा महिलाहरूको विवरण ४५

५.२.३ महिलाहरूको धार्मिक विवरण ४७

५.२.४ महिलाहरूको शैक्षिक विवरण ४७

५.२.५ महिलाहरूको वैवाहिक विवरण ४९

५.२.६ महिलाहरूको विवाह हुँदाको उमेरको विवरण ५०

५.२.७ महिलाको दाईजो सम्बन्धि विवरण ५१

५.३ महिला अधिकार र नियम कानून ५१

५.३.१ गर्भपतन सम्बन्धि महिला अधिकारको अवस्थाः ५२

५.४ हिंसा सम्बन्धि उजुरीको विवरण ५३

५.४.१ उजुरीमा न्याय पाए नपाएको विवरण ५४

५.४.२ महिलाको कानुनी व्यवस्था सम्बन्धी जानकारी ५५

५.५ उत्तरदाता महिलाले भोगेका हिंसालाई कम गर्ने उपायहरू ५६

**परिच्छेद छ**

**साराशं र निष्कर्ष**

६.१ साराशं ५९

६.२ निष्कर्ष ६२

**सन्दर्भ सामग्री सूची**

**प्रश्नावली**

# तालिका सूची


तालिका नं. १ : हिंसाको प्रकार र उमेर समुह ३०

तालिका नं. २ : हिंसाको कारणहरू र प्रकार ३२

तालिका नं. ३ : शारीरिक हिंसाका कारण महिलाले भोगेका शारीरिक समस्याहरू ३३

तालिका नं. ४ : हिंसा सहनुका कारणहरू ३४

तालिका नं. ५: महिलाको परिवारको किसिम र हिंसाको अवस्था ३५

तालिका नं. ६: परिवारबाट मानसिक हिंसामा परेका उत्तरदाता महिलाहरू ३६

तालिका नं. ७ मानसिक हिंसाबाट मानसिक समस्या भोगेका महिलाहरू ३७

तालिका नं. ८: महिलामाथि गरिने हिंसा र हिंसाकर्ता ३८

तालिका नं. ९: महिलाबाट महिलामा हुने हिंसा ३९

तालिका नं. १०: उत्तरदाता महिला प्रति गरिने घरेलु हिंसाको बेलाको जानकारी ४०

तालिका नं. ११: हिंसाबाट महिलाहरूमा पर्न गएको असर ४३

तालिका नं. १२: पेशाको आधारमा महिलाहरूको कामको विवरण र हिंसाको प्रकार ४५

तालिका नं. १३: उत्तरदाता महिलाहरूको जातिगत विवरण ४६

तालिका नं. १४: उत्तरदाता महिलाहरूको धार्मिक विवरण ४७

तालिका नं. १५: उत्तरदाता महिलाहरूको शैक्षिक विवरण र हिंसाको प्रकार ४८

तालिका नं. १६: उत्तरदाता महिलाहरूको वैवाहिक विवरण ४९

तालिका नं. १७: महिलाहरूको विवाह हुँदाको उमेरको विवरण ५०

तालिका नं. १८: महिलाको दाईजो सम्बन्धि विवरण ५१

तालिका नं. १९: महिला अधिकार र नियम कानून ५२

तालिका नं. २०: महिला र गर्भपतन अधिकार ५२

तालिका नं. २१: हिंसाको उजुरी गरे नगरेको विवरण ५४

तालिका नं. २२: उजुरीमा न्याय पाए नपाएको विवरण ५५

तालिका नं. २३: महिलाको कानुनी व्यवस्था सम्बन्धी जानकारीको विवरण ५६

तालिका नं. २४: उत्तरदाता महिलाले भोगेका हिंसालाई कम गर्ने उपायहरू ५७

# परिच्छेद एक
# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

घरेलु हिंसा भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिइएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना हो । घरेलु हिंसाभित्र गाली गर्ने तथा भावनात्मक चोट पुऱ्याउने पर्दछ  । घरेलु हिंसा आफ्नै घरपरिवारभित्र एक पुरुषले महिला माथि, महिलाले महिलामाथि गर्न दुर्व्यवहार हो, जुन शारीरिक, मानसिक र यौनजन्य हुन सक्छन् वा सवै किसिमका पनि हुन सक्छन् । श्रीमान्ले श्रीमतीलाई पिट्नु, बुहारीले सासूलाई प्रताडना, दुर्व्यवहार गर्ने, खान लाउन नदिनु, घोचपेच गर्नु, धम्की वा डर त्रास दिनु, गाली गलौच गर्नु, छोराले आमालाई घरबाट निकाल्ने, आदर नगर्ने, सद्भाव नराख्ने, सल्लाह नगर्ने, निर्णयमा सहभागी नगराउने, भेदभाव गर्ने आदि घरेलु हिंसामा पर्दछन् । विश्व लगायत नेपाल पनि पितृसत्तात्मक समाजबाट अछुतो हुन सकेको छैन, जुन कुरामा सकेको पनि दुई मत पाउन सकिँदैन । जहाँ महिलाको भन्दा पुरुषको हैसियत हरेक क्षेत्र (सामाजिक-सांस्कृतिक, आर्थिक, राजनैतिक, धार्मिक, वैचारिक, क्षेत्रमा किन नहोस्) मा उच्च स्थान रहेको पाइन्छ । महिला र पुरुष प्राकृतिक रूपमा जन्मदा कुनै भेदभाव रहित तरिकाले जन्मन्छन् । आज समाजमा महिलाहरू आफूले पाउने सम्पूर्ण अधिकारहरूबाट बञ्चित रहेका छन् । विश्वका आधा आकाश र आधा धर्ति ओगटेका महिलाहरू विरुद्ध विभिन्न किसिमका हिंसाहरू भएको पाइन्छ । हाम्रो जस्तो परम्परावादी समाजका अग्रज महिलाहरूबाट नयाँ पिढीँलाई नारी शोषणका कुराहरूलाई प्रथाको रूपमा सिकाइरहेका छन् । जसबाट यी र हिंसाहरूले महिलाको अवस्था निकै दर्दनाक, दुःखप्रद एवम् पीडादायी बन्न पुगिरहने छ (महिला कानुन र विकास मञ्च ९ँधम, द्ण्टट० ।

हाम्रो समाजमा महिलाहरू धेरै किसिमका घरेलु हिंसाबाट पिडित हुने गरेको पाइन्छ जस्तै : यौनजन्य हिंसा (महिलाको इच्छा विपरित गरिने यौन क्रियाकलाप जस्तै बलात्कार गर्नु, संवेदनशिल अंगमा छुनु, देह व्यापार लगाउनु) । मानसिक हिंसा (मानसिक रूपमा असर पर्ने खालका हिंसाहरू जस्तै चियोचर्चा गर्नु, गाली गर्नु, पेच पर्ने गरी भन्नु) । सामाजिक हिंसा (सामुहिक बलात्कार, बोक्सीको आरोप लगाउनु, समुहमा राखि मानिसको

मलमुत्र सेवन गराउनु, दाइजो नल्याएको निहुँमा जिउँदै जलाउनु) । शारीरिक हिंसा (कुटपिट गर्नु, जलाउनु, घाउचोट लगाउनु) । आर्थिक हिंसा (महिलाको घरभित्रको कामको ज्याला नहुनु, घरको आर्थिक स्रोत तथा सम्पत्तिमा प्रतिबन्धित हुनु, घरबाहिर काम गर्न श्रीमान्को अनुमति लिनुपर्ने) आदि रहेको पाइन्छ ।

सामान्यतया कुनै पनि परिवारका एक सदस्यले अर्को सदस्यलाई मानसिक, शारीरिक र भावनात्मक रूपमा पिडा दिइरहेको हुन्छ जुन घरेलु हिंसा हो । घरेलु हिंसा भित्र शारीरिक पिडा (कुटपिट) मानसिक पीडा, (विभिन्न आरोप लगाउनु, डर, धम्की र त्रासमा राख्नु, छोरा छोरीमा भेदभाव गर्नु) आदि हुन् भने दाइजोका कारणबाट गरिने दुर्व्यवहार, यौन व्यवहार अपहेलित शब्दको प्रयोग गरिनु आदि घरेलु हिंसा भित्र पर्दछन् (आचार्य, २०६०) । त्यसैगरी महिलाहरू सामाजिक सत्ता राजनैतिक सत्ता, धार्मिक सत्ता, आदिबाट शोषित छन् (चापागाई, २०५७) ।

द्यचथमयल बलम ऋजबलत ९ज्ञढडढ० का अनुसार लैङ्गिक सम्वन्धलाई घरपरिवारले प्रारम्भिक रूपमा नै संरचित गर्ने गर्दछ र महिलाहरूले त्यसलाई अनुभव गरिरहेका हुन्छन । घरमा हुने विभिन्न कारोवार हरू जस्तै वस्तुभाउ व्यवश्थापन, कृषि कार्य वालबच्चाको संख्या निर्धारण, रेखदेख, पठनपाठन घरमा आवश्यक सामान किनवेच, सरसापट आदिमा कसले के गर्ने ?कसको नेतृत्व हुने ? भन्ने कुरा समाजको सामाजिक मुल्य मान्यता वा चालचलनहरूले निर्धारण गरेको हुन्छ । नेपाली समाजमा पनि घरभित्रका विभिन्न कार्यहरूको निर्णय गर्ने कुरामा पुरुष र महिलाको क्षेत्र फरक फरक रहेको पाइन्छ तर पितृसत्तात्मक समाजमा भने घरपरिवार भित्रको निर्णय गर्ने प्रक्रियामा महिलाको भन्दा पुरुषको हैषियत हरेक क्षेत्रमा उच्च रहेको हुन्छ (द्यजबकष्ल, ज्ञढढघ) ।

नेपाली समाज पनि पितृसत्तात्मक भएको हुँदा घर भित्रका विभिन्न कार्यहरूको निर्णय गर्ने कुरामा पुरुषको हैसियत उच्च रहेको हुन सक्छ र छ पनि । हरेक जात जातिको आआफनै सामाजिक मुल्य मान्यता अनुसार घर परिवारभित्रको निर्णय गर्ने प्रक्रिया पनि फरक फरक हुन्छ । नेपालको सन्दर्भमा भन्ने हो भने उच्च जातिका वाहुन क्षेत्रि भन्दा जनजातिमा निर्णय गर्ने प्रक्रियामा महिलाको उच्चस्थान रहेको पाईन्छ (न्जष्च्चभ, ज्ञढठठ) । यसैगरि निर्णय गर्ने प्रक्रियामा उच्च भनिने जाति जस्तै व्राहमण मा अन्य आदिवासी जनजाति को भन्दा फरक फरक रहेको हुन सक्छ त्यसैले यस अनुसन्धानमा नेपालको

पश्चिमि पहाडि क्षेत्रमा अवस्थित परशुराम नगरपालिका वडा नं. ४ मा वस्ने ब्राहमण जातिका महिलाको घरायसि कामकाजमा गरिने निर्णय मा तिनिहरूको स्थिति र भूमिका लाई अध्ययन गर्न खोजिएको छ यसै गरि उक्त जातका महिलाहरूको सामाजिक तथा आर्थिक अवस्था बुझ्दै छोरी, बुहारि र सासु जस्तो भिन्न भिन्न पदमा रहेका महिलाहरूको घरपरिवार भित्रका निर्णयमा कस्तो र्सथिति छ पुरुष र महिलाले कुन कुन क्षेत्रमा निर्णय गर्दछन भन्ने कुरा अध्ययनको मुख्य विषय बस्तु रहनेछ ।

नेपालको कुल जनसंख्याको आधाधर्ती महिलाले ओगटेतापनि राज्य संरचनाले सबै क्षेत्र तथा तहहरूमा महिलाको प्रतिनिधित्व अत्यन्तै न्यून रहेको छ । पितृसतात्मक सामाजिक संरचनाले गर्दा देशको सामाजिक, आर्थिक क्षेत्रमा उल्लेखनिय योगदानकर्ताको रूपमा रहेका अधिकांश महिलाहरूले विभिन्न सामाजिक, सांस्कृतिक एवं राजनैतिक क्षेत्रमा  असमानता तथा भेदभावको शिकार बन्नु परेको कुरा नेपाली समाजको तितो यथार्थ हो । नेपालको अन्तरिम संविधान २०६३ को धारा २० मा महिला अधिकारका विषयहरूलाई मौलिक हकको रूपमा मान्यता दिएता पनि ती व्यवस्थाहरूको उचित कार्यान्वयनको अभावमा महिला र पुरुष बीच समता र समानताको अवस्था कायम हुन नसकि समस्या यथावतै रहेको यसक्षेत्रमा गरिएका धेरै अनुसन्धानहरूले के देखाउँदछ भने महिला बालिकामा गरिने लगानिले गरिबी निवारण र राष्ट्रको समग्र समृद्धिमा प्रत्यक्ष रूपमा सकारात्मक प्रभाव पार्दछ । वर्ल्डइकोनोमीक फोरमले आफ्नो लैङ्गीक विभिन्नता सम्बन्धी न्भलमभच न्बउ प्रतिवेदनमा विभिन्न देशमा आर्थिक एवं राजनीतिक सहभागिता र शिक्षा तथा स्वास्थ्यमा पहुँचको सन्दर्भमा महिला र पुरुषबीचको विभेद झण्डै समाप्त भैसकेको देशहरू आर्थिक रूपमा अरु भन्दा समृद्ध छन् भन्ने यथार्थलाई उजागर गरिसकेको छ (नेपाल महिला आयोग, २०६८) ।

वर्तमान विश्व एक्काइसौं शताव्दीको संघारमा प्रवेश गरिसक्दा पनि महिलाहरू घरायसी एवम् वाह्य हिंसाबाट पिडीत छन् । यद्यपी महिला विरुद्ध हुने हिंसाहरूका विभिन्न स्वरूपहरू छन् । कतिपय ठाउँमा यस्ता हिंसाहरू निर्दयताको रूपमा देखिन्छ भने कतिपय ठाउँमा शोषण, दमन, र नियन्त्रणका नयाँ नयाँ जटिल अभ्यासभित्र लुकेर अदृश्य रूपमा रहेका हुन्छन् । र यस्ता हिंसाहरू अचानक कुनै समाजमा दृष्टिगोचर हुन आउँछन् । तसर्थ महिला विरुद्ध हुने हिंसा जुनसुकै प्रकारका भए पनि सामान्यतया पुरुषबाट धर्मको आडमा

महिलाहरूको हक अधिकारलाई कुण्ठित पार्ने काम भइरहने छ । केन्द्रीय तथ्याङ्क विभागद्वारा लिइएको जनगणना २०६८ अनुसार महिलाको जनसंख्या कूल जनसंख्याको ५१.५४ प्रतिशत रहो छ भने महिलाको साक्षरता प्रतिशत ३४.६ प्रतिशत मात्रै रहने छ, जबकि पुरुषको साक्षरता प्रतिशत ६२.२ रहने छ । समाजमा महिलाको पछौटेपन, महिला विरुद्धको हिंसा, महिलासँग सम्बन्धित विभिन्न सामाजिक-सांस्कृतिक परम्परा आदि सबैको लैंगिक विश्लेषण गर्दा खेरि नेपाली समाजमा विद्यमान पितृसत्ता ९एबतचष्बचअजथ० लाई केन्द्र विन्दुको रूपमा राख्नु पर्दछ । नेपाली सामाजिक संरचनाले सार्वजनिक परिधिमा महिलाहरूलाई नियन्त्रण र विशेष गरेर उनीहरूलाई निजी परिधिमा कैद गरी लैङ्गिक असमानता र दमनको सिर्जना गरेको छ (केन्द्रीय तथ्याङ्क, २०६८) ।

अध्ययन क्षेत्रको सन्दर्भमा सबै जाति, जनजाति, क्षेत्र, धर्म, समुदाय आदिमा घरेलु हिंसा हुने गर्दछ । नेपालमा बहुविवाह, बालविवाह, देउकी, धामी, झाक्री, वोक्सी आदी प्रथाहरू व्याप्त छ जसले गर्दा प्राचीनकालदेखि हालसम्म महिला माथि निरन्तर हिंसा भइरहेको छ । धरैजसो संस्कृतिले महिलालाई दबाएको छ । महिलाहरूलाई घरयासी निर्णयबाट बञ्चित गरिएको हुन्छ । शिक्षामा उनीहरूले कम अवसर पाउँछन् भने स्रोतहरूमा कमैमात्र पहुँच हुन्छ ।

### १.२ समस्याको कथन

परम्परागत पितृसत्तात्मक हिन्दु दर्शनबाट प्रभावित नेपाली समाजमा लैङ्गीक विभेद र असमानताहरू पाइन्छन् । नेपालको समाजमा महिलाहरूलाई पुरुषभन्दा दोस्रो दर्जामा राखिएको छ । महिला विरुद्ध हिंसा मानव विरुद्धको हिंसा हो । यस्तो हिंसाको विरोध गरौं, दण्डहिनताको अन्त गरौं भनेर आवाज उठाउन थालेको धेरै समय भइसकेको छ, विश्वभरिका महिलाहरूविच हुने विभिन्न हिंसा तथा भेदभावहरू कसरी निर्मूल गर्न सकिन्छ भन्ने सम्बन्धमा विभिन्न समयमा विश्व महिला सम्मेलनहरू भइसकेका छन् । नेपालका विभिन्न धार्मिक संस्कार र परम्पराहरू नै महिला विरुद्धको हिंसाका प्रतिरूप हुन् । समाजमा महिलाहरूलाई शोषण दमन, विभेद कसरी, के कारणले भइरहने छ ? ती समस्या पहिल्याउनु आवश्यक देखिन्छ ।

महिला विरुद्धको हिंसा मानव विरुद्धको हिंसा हो । यस्तो हिंसाको विरोध गरौं, दण्डहीनताको अन्त गरौं भनेर आवाज उठाउन थालेको धेरै समय भईसकेको छ ।

विश्वभरिका महिलहरू बीच हुने विभिन्न हिंसा तथा भेदभावहरू कसरी निर्मूल गर्न सकिन्छ भन्ने सम्बन्धमा विभिन्न समयमा विश्व महिला सम्मेलनहरू भइसकेका छन् । तर पनि यो समस्या कुनै एउटा देशमा र राष्ट्रमा मात्र सीमित नरही विश्वभरी नै मुख्य समस्याको रूपमा देखिएको छ ।  नेपालमा विभिन्न धार्मिक संस्कार र परम्परा नै महिला विरुद्धको हिंसाका प्रतिरूप हुन् । ति समस्यालाई पहिल्याई समस्या निराकरण गर्न नेपालमा महिलाको स्थिति र लैङ्गिक हिंसा विरुद्धका कानुनी व्यवस्थाहरूको अध्ययनको खोज अनुसन्धान गरिनेछ । प्रस्तुत अनुसन्धान निम्न प्रश्नको सेरोफेरोमा केन्द्रित रही गरिएको छ

क. महिलाहरूमा माथि के कस्ता किसिमका घरेलु हिंसा हुने गर्दछन् ?

ख. महिलाहरूले भोगिरहेका हिंसाका मुख्य कारणहरू के के हुन् ?

## १.३ अध्ययनको उद्देश्य

कुनै पनि अध्ययनको पछाडी त्यसका आफ्नै  निर्दिष्ट उद्देश्यहरू रहेका हुन्छन् । कुनै पनि उद्देश्य विना व्यक्ति गन्तव्यमा पुग्न सक्दैन । उद्देश्य विनाको कार्य गर्नु भनेको एउटा गन्तव्य विहिन यात्रीको स्थिति जस्तै हो । यसकारण कुनै पनि कार्यलाई सफलतापूर्वक सम्पन्न गर्नका लागि केही उद्देश्यहरू निर्धारण गर्नुपर्ने हुन्छ । यस अनुसन्धानको मूल उद्देश्य महिलाहरू प्रति हुने गरेको घरेलु हिंसा र सो को कारणहरूको अध्ययन गर्नु रहने छ । घरेलु हिंसा र नेपालमा महिलाको स्थितिको अनुसन्धानको लागि निम्न उद्देश्य राखिएको छ । जुन यसप्रका रहेको छ :

क. महिलाहरूप्रति हुने हिंसाका प्रकार तथा कारणहरू पहिचान गर्ने,

ख. घरेलु हिंसाबाट सिर्जित सामाजिक, आर्थिक समस्याहरूको पहिचान गर्नु,

## १.४ अध्ययनको महत्त्व/सान्दर्भिकता

हाम्रो समाजमा महिलाहरूको अवस्थालाई पुरुषहरूबाट महिला शोषित, पीडित र भेदभावका कारण समाजमा महिलाहरूको स्थान कमजोर छ । समाजमा महिलाहरू असमानता उत्पीडन, हिंसाबाट ग्रसित छन् । वर्तमान समाज विगतको तुलनामा निकै पृथक एवम् परिष्कृत भइसकेको सन्दर्भमा पनि दुःखको कुरा यो छ कि ? महिलालाई हेरिने सामाजिक दृष्टिकोणमा भने परिवर्तन आउन सकेको छैन । यसैले आधा आकाश ओगटेको महिला वर्गको उत्थान विना विकास सम्भव छैन ।

महिलालाई मानसिक एवम् शारीरिक रूपमा कमजोर मानिन्छ । त्यसमाथि पनि धर्म र संस्कार उनीहरूको पक्षमा न्यायसङ्गत छैन । पितृसत्तात्मक मूल्य मान्यता एवम् सामाजिक संरचनाले गर्दा महिला अघि बढ्न सकेका छैनन् । वर्तमान समाज विगतको तुलनामा निकै पृथक एवम् परिस्कृत भइसकेको सन्दर्भमा पनि दुःखको कुरा यो छ कि महिलालाई हेरिने सामाजिक दृष्टिकोणमा भने परिवर्तन आउन सकेको छैन । यसैले आधा आकाश ओगटेका महिला वर्गको उत्थान विना विकास सम्भव छैन । त्यसैले पनि महिला वर्गलाई शिक्षित एवम् जागरूक बनाउनु अति आवश्यक भइसकेको अवस्थामा उनीहरूप्रति गरिने हिंसात्मक व्यवहारका कारण उनीहरूको सामाजिक अवस्थामा परिवर्तन हुन नसकेको देखिन्छ ।

यस अध्ययनको महत्त्वलाई निम्न बुँदामा प्रष्ट्याउन सकिन्छ :

**सैद्धान्तिक महत्त्व** : प्रस्तुत शोधपत्रले मानविकी समाजशास्त्र संकायका विद्यार्थी र यस क्षेत्रमा चासो राख्ने अध्ययनकर्ताहरूलाई समाजमा विद्यमान महिला हिंसा, लैङ्गिक विभेद, लैङ्गिक अभ्यास र असमान लैङ्गिक अवस्थाहरूले हाम्रो समाजमा पारेको प्रभावका बारेमा अध्ययन गर्ने सैद्धान्तिक ढाँचा अनुसन्धानात्मक परिकल्पना गर्न सजिलो पर्न गएको छ । नेपाली समाजमा महिलाहरूको घरेलु हिंसा, सामाजिक, आर्थिक, शैक्षिक, स्वास्थ्य, कानुनी अधिकार, घरेलु हिंसा ऐन आदिका बारेमा प्रयाप्त सूचना प्रदान गरेको छ ।

**व्यवहारिक महत्त्व** : यसले लैङ्गिक अध्ययन ९न्भलमभच क्तगमथ० र महिला अध्ययन ९ध्कभल क्तगमथ० को बारेमा अध्ययन अनुसन्धान गर्नेहरूलाई प्रशस्त सहयोग पुऱ्याउने छ । यस अध्ययनबाट घरेलु हिंसा पीडित महिलाहरूको शारीरिक तथा मानसिक यातना के कस्तो छ जानकारी प्राप्त भएको छ । जसकारण फर्पिङका महिलाहरूले भोगेका हिंसाका प्रकार र त्यसका असरहरूको चित्रण गर्दछ ।

यस अध्ययनले यस पछिका अध्ययनका सम्बन्धमा वा यस्तै प्रकारको अध्ययन गर्न चाहने व्यक्ति वा संस्थालाई सन्दर्भ साहित्यका रूपमा मद्दत पुग्न सक्ने छ । साथै यी बाहेकका पक्षलाई पनि महिलाको वर्तमान अवस्थाबारे जानकारी पुग्न सक्ने छ । महिला सशक्तिकरणमा लागि परेका संघ संस्थाहरू, महिला हिंसा विरुद्ध लाग्ने संघसस्थाका साथै नीति निर्माण तथा योजना कर्ताहरूलाई सानै क्षेत्रकाले भए पनि महिला माथिको हिंसाको अवस्था तथा कारणको जानकारी दिई सोको निवारणका निमित्त मद्दत पुग्न सक्ने अपेक्षा गरिएको छ ।

## १.५ अध्ययनको संगठन

यस शोधपत्रमा जम्मा छ अध्याय रहेका छन् । अध्याय एकमा पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व/सान्दर्भिकता र अध्ययनको संगठन रहेका छन् ।

अध्याय दुईमा सन्दर्भ साहित्यको अध्ययन रहेको छ । यस भित्र विश्वव्यापी सन्दर्भमा, नेपालको सन्दर्भमा, महिला विरूद्धको घरेलु हिंसाको अवधारणात्मक खाका रहेका छन् ।

अध्याय तीनमा अनुसन्धान विधिहरु अनुसन्धान क्षेत्रको छनोट र यसको औचित्य, अनुसन्धान ढाँचा, तथ्यहरूको स्रोत तथा प्रकृति, समग्र तथा नमूना छनोट प्रक्रिया, तथ्याङ्क संकलन विधिहरु र यस अर्न्तगत द्वितिय स्रोत, विभिन्न प्रतिवेदन र सरकारी अभिलेखहरु रहेका छन् । यसैगरी तथ्याङ्क विश्लेषण र अध्ययनको सीमाबारे चर्चा गरिएको छ ।

अध्याय चारमा अध्ययन क्षेत्र, महिला हिंसाका प्रकार र कारणहरु अन्तर्गत विभिन्न शीर्षक र उपशीर्षकमा विभाजन गरी व्याख्या विश्लेषण गरिएको छ । उक्त अध्यायमा जनसंख्या, परिवारको प्रकार, जातिगत विवरण, शैक्षिक अवस्था, आर्थिक अवस्था तथा धर्म शिर्षक माथि चर्चा गरिएको छ । त्यस्तै यसै अध्याय भित्र उत्तरदाता महिला प्रति गरिने घरेलु हिंसाको बेलाको विवरण पनि चर्चा गरिएको छ ।

अध्याय पाँचमा महिलामा परेको हिंसाको असर अन्तर्गत पनि व्याख्या विश्लेषण गरिएको छ । उक्त अध्याय भित्र महिलामा परेको हिंसाको असर, सामाथिक तथा आर्थिक हिंसा, जातिगत, धार्मिक, शैक्षिक, वैवाहिक शैक्षिक विवरण र हिंसा कम गर्ने उपायहरु आदि बारे चर्चा गरिएको छ ।

अध्याय छ मा सांरश र निष्कर्ष रहेका छन् । यसका साथै सम्बन्धित सन्दर्भ सूची र प्रश्नावली सहित समावेश गरिएको छ ।

# परिच्छेद दुई
# सन्दर्भ साहित्यको अध्ययन

## २.१ सन्दर्भ साहित्यको अध्ययन

कुनै पनि अध्ययन अनुसन्धानको लागि पूर्व साहित्यको समीक्षालाई महत्त्वपूर्ण स्रोतको रूपमा मान्न सकिन्छ । समाजमा महिलाहरूलाई पुरुष भन्दा निम्न स्तरमा राख्ने र उनीहरूको सामाजिक आर्थिक स्थितिलाई न्यून राखिरहने काम समाजमा परम्परादेखि भएको हो । जसबाट समाजमा महिलाहरूको विकास पुरुष सरह हुन सकिरहने छैन । समाजमा महिलाहरू शोषण, हिंसा, उत्पीडन र विभेदमा बाँच्न विवस छन् । यस समस्या के कति कारण समाजमा घटित भइरहने छन् । यिनीहरूको समस्या समाधानका लागि के के कुरा गर्न सकिन्छ भन्ने सम्बन्धमा आज संसारमा महिला सम्बन्धी विभिन्न सिद्धान्त निर्माण भइरहेका छन् । महिलाका समस्या, लैङ्गिक हिंसासम्बन्धी अवधारणा, लैङ्गिक हिंसा नियन्त्रण सम्बन्धी संवैधानिक व्यवस्थाहरू गरिएका छन् ।

त्यसैले समाजको महिलाको जीवन स्तरका साथै महिलामा हुने घरेलु हिंसाका बारेमा खोज अनुसन्धान र पूर्व साहित्यको समीक्षा हुनु आवश्यक देखिन्छ । त्यसैले यस अध्ययनमा घरेलु महिला विरुद्ध हुने हिंसाका प्रकार र कारणहरू विषयमा लैङ्गिक हिंसासम्बन्धी अवधारणा, पितृसत्तात्मक प्रभावसँग विभिन्न विद्वान्हरूका प्रकाशित अप्रकाशित पुस्तकहरू, लेखहरू, अनुसन्धान कृतिहरू शोधपत्र तथा पत्रपत्रिकामा प्रकाशित लेख अभिमत समाचारहरू नेपाल सरकारका प्रतिबद्धता आदिलाई स्रोत सामग्रीका रूपमा प्रस्तुत गरिएको छ ।

सामाजिक लिङ्ग भेदको आधारमा गरिने सम्पूर्ण कार्यहरू जसबाट महिलालाई एजथकष्अबा, क्भहगबरिएकथअजययिनष्अबा रूपमा आघात पुग्छ वा डर, धाक, धम्की प्रयोग गरी महिलाको स्वतन्त्रता हनन गरिन्छ भने वा व्यक्तिगत वा सामाजिक जीवनमा त्यसो गरिन्छ भने त्यो महिला विरुद्धको हिंसा हो (बेइजिङ्ग सम्मेलनको घोषणा, २०६०) ।

घरेलु हिंसा भनेको महिला विरुद्धको सबैभन्दा पुरानो रूप हो । हिंसाले घरेलु महिलाको स्वास्थ्यलाई खतरामा पारिरहेको छ र पारिवारिक तथा सार्वजनिक जीवनमा

समानताको आधारमा सहभागी हुने महिलाको क्षमतामा प्रभाव पारिरहेको छ । महिला सम्बन्धी संस्थाका प्रतिनिधि सबैको मुख महिला हितको अवसर र चुनौतीको विषयमा भाषण गरिरहेका हुन्छन् तर सुन्तली धामी जस्ता महिलाको व्यथा भने ज्यूकोत्यू छ । "म डायन होइन मलाई न्याय देऊ" बोक्सीको आरोपमा गाउँलेबाट कुटिएकी गौरीदेवी तुराको दुखेसो २१ औं शताब्दीको मानव जातिमाथि हुने हिंसा एक प्रश्न चिन्ह खडा गर्ने गरी महिलामाथि हुने हिंसा एक गम्भीर रूपमा उभिएको छ । जसमा उनलाई छिमेकीका छोरीलाई भुतप्रेत लगाएको भन्दै कुटपिट गरिएको थियो । यो सबै हुनुको प्रमुख कारण शिक्षाको कमी हो तर शिक्षित मान्छेले पनि यस्तो कार्य गर्नुको पछाडि आधुनिक सञ्चारको दुरूपयोगले गर्दा हो । यदि महिलालाई तथा समाजलाई जागरूक बनाई पुरुष प्रधान समाजमा पुरुषले सकारात्मक सोच राख्न सके पक्कै पनि हिंसाको अन्त्य गर्न सकिन्छ ( कान्तिपुर, २०६८, वैशाख १२ गते)

नेपालो सन्दर्भमा भन्नुपर्दा कुनै पनि महिला जन्मेदेखि मृत्यु नहुँदासम्म व्यक्तिगत रूपमा स्वतन्त्र नभएको अवस्था देखिन्छ । जब बच्चा महिलाको रूपमा जन्मन्छ उसले सुरुमा आफ्नो बाबुको नियन्त्रणमा बस्नुपर्छ त्यसपछि जब उसको विवाह हुन्छ ऊ आफ्नो श्रीमान्को सम्पत्तिको रूपमा दाखिला हुनुपर्छ र श्रीमान्को मृत्यु पश्चात् पनि ऊ आफ्नो छोरा नातीको नियन्त्रणमा बस्नु पर्ने बाध्यता छ । तसर्थ एउटा महिलालाई आफ्नो जीवनभर आफ्नो अधिकारको निर्णय गर्नबाट बञ्चित गराई पिँजडाको घेरा जस्तै चारैतिरबाट नियन्त्रणमा राख्ने प्रवृत्ति देखिन्छ (राष्ट्रिय महिला आयोग, २०५९)

घरेलु हिंसालाई मानव विरुद्धको कार्य पनि भनिन्छ । एउटी महिला श्रीमान् वा केटाको तुलनामा घरेलु हिंसाबाट पिडित भएको पाइन्छ । जस्तै हिर्काउने, कपाल भुत्लाउने, लात हान्ने, जलाउने, जुन पायो त्यही हातहतियारले झटारो हान्ने आदि हिंसाबाट पिडित भएको पाइन्छ । महिला विरुद्ध हुने हिंसा परम्परागत तथा प्रभुत्व हिंसाको रूपमा रहेको छ । जसको प्रभुत्वको कारण समाजमा परम्परागत रूपमा रहेको धर्म, परम्परा तथा कुरीति हो । जसले पितृसत्तालाई प्रश्रय प्रदान गरेको छ । हिंसा सामाजिक समस्या हुनुका साथै महिलाको स्वास्थ्यमा आउने असर पनि हो । तसर्थ विकसित तथा विकासोन्मुख सबै मुलुकमा हिंसा विरुद्धको खोज अनुसन्धान गर्न जरूरी छ (ग्ल्म्एरध्ज्ञ, ज्ञढढड) ।

आचार्य (१९८१) ले नेपाली महिलाको सन्दर्भमा यस्तो लेखेको पाइन्छ । हाम्रो समाजमा के सोचिन्छ भने महिलाको जीवनमा शिक्षाको कुनै प्रयोग छैन । किनकी एउटी महिलाको आफ्नो घर बाहिर अर्थात् बाह्य संसारमा काम गर्न पाउँदैनन् । जसबाट उसले आर्जन गरेको सिप पनि बिर्सदै जानेछन् । शिक्षालाई यहाँ के कुरामा लिइन्छ भने यदी महिला शिक्षित भइयो भने उसले तालिका अनुसार पढेलेखेको केटा पाउँछे अथवा उसको विवाह राम्रो घरमा हुन्छ । महिलाहरूले खेतमा काम गर्दा पैसा आर्जन गर्नुको बदलामा पैसा र समय खर्च गरेर अनुपयोगी कार्य गर्नु बेकारको कुरा हो ।

सिंह (१९८७) ले नेपाली महिलाको शैक्षिक स्थिति नाजुक अवस्थाबाट गुज्रेको उल्लेख गर्दै त्यसको प्रत्यक्ष असर सामाजिक संरचनामा पर्ने कुरा बताएका छन् । अधिकांश अभिभावकहरूको सोचाई छोरीकोा पढाइमा खर्च गर्नु भएको दायित्व सृजना गर्नु हो सम्पत्ति आर्जन कदापि होइन केही अभिभावकहरूको सोचाइ छोरीलाई पढाउने भए तापनि विविध घरायसी कामले उनीहरूलाई स्कुल पढाउन सकेका छैनन् । यसरी नेपाली महिलाको शैक्षिक स्तर न्यून हुन गएको छ । उनको भनाईमा जनसांख्यीकीय तत्त्वहरू ज्स्तै शिशु मृत्युदर, प्रजनन्दर, जनसंख्या बृद्धि आदिमा महिला शिक्षाको सह चेलीबेटी हुन्छ साथै परिवार नियोजनमा साधनको प्रयोग स्वास्थ्य, सरसफाई, खानेपानी, आदि सबैमा महिला शिक्षाको प्रत्यक्ष प्रभाव पर्दछ ।

दिपक लिमिल्सिना (२०५५) ले घरायसी निर्णयमा महिलाको भूमिका चेलीबेटीमा बाटुलेचौर कास्कीका महिलाहरूको अध्ययन निष्कर्षमा घरका महत्त्वपूर्ण निर्णयको अन्तिम निर्णयकर्ता पुरुष वर्ग नै हुनै महिलाको मात्र सल्लाहकारको भूमिका हुने निष्कर्ष निकालेका छन् (२०५५, पेज १०५) ।

संजु (१९९९) ले आफ्नो शोधपत्रमा नेपाली महिलाको आर्थिक हैसियत कमजोर तथा सरकारी क्षेत्रबाट सञ्चालित विभिन्न लाभप्रद योजनामा महिला सहभागिता कम हुनुमा उनीहरूको निरक्षरताको अवस्था जिम्मेवार रहेको जनाउँदै अर्थोपार्जनको काममा संलग्नताको अभाव घरायसी काममा मात्रै जेलीएर बस्नुपर्ने, आय आर्जनको दृष्टिले बाह्य कामको अवसर प्राप्त नभएको दिक्दार लाग्दो घरायसी कामले उनीहरूको सोच्ने शक्तिमा पनि सिमितता नै आत्मविश्वासमा समेत असर पार्ने, साथै सामाजिक काम र निर्णय प्रक्रियामा उनीहरूको संलग्नता ज्यादै न्यून भएको कुरा व्यक्त गरेकी छिन् ।

बुर्लाकोटी (२०६९) द्वारा सालमा तयार पारिएको घरेलु हिंसा र नेपाली महिला अध्ययन नामक शोधमा महिला माथिको हिंसालाई क मगर्न वा रोक्नका लागि शिक्षामा जोड दिनुपर्ने, हिंसाबाट पीडित महिलालाई आवश्यक उद्दार तथा सेवा प्रदान गर्ने, महिलालाई आर्थिक रूपमा सबल र सक्षम बनाई आफ्ना अधिकारप्रति सचेत बनाउने धारणामा जोड दिएर समीक्षाअनुरूप छनोट गरिएको छ

पौडेल तुलसीराम (२०६०) द्वारा सालमा तयार पारिएको नेपाली समाजमा महिला अधीनता र पितृसत्तात्मक पारिवारिक संरचनाबीचको सम्बन्ध अध्ययन नामक शोधमा पितृसत्तात्मक समाजमा सामाजिक संरचनामा नै असमानता घुसेको हुन्छ अर्थात् संरचनागत असमानता विद्यमान रहेको हुन्छ । नेपाली समाज पितृसत्तात्मक प्रकृतिको भएकोले महिला र पुरुषबीच असमान शक्ति सम्बन्ध रहेको हुन्छ भन्ने कुरालाई जोड दिएर महिला हिंसालाई जोड दिएको पाइन्छ ।

## २.२ विश्व सन्दर्भमा घरेलु हिंसा

महिला विरुद्ध हुने घरेलु हिंसा विश्वका सबै देशमा गम्भिर समस्याकारूपमा रहेको छ । विशेषगरी विकासोन्मुख देशका महिलाहरूले गरिबी, शिक्षाको अभाव र वेरोजगारीको समस्याले घरेलु हिंसा सहन बाध्य छन् । यी कुराहरूलाई ध्यानमा राख्दै सरकारी, गैरसरकारी तथा सामाजिक संगठनहरूले महिला विरुद्धको घरेलु हिंसा कम गर्ने विश्व स्तर देखि नै पहल हुँदै आइरहेको छ ।

विश्व स्वास्थ्य संगठनले १० देशको २४ हजार महिलाहरूमा गरेको अध्ययनले प्रत्येक १० जना महिलाहरूमा ६ जना महिलाहरूले आफ्नो जीवनकालमा कुनै न कुनै प्रकारको शारीरिक र यौनजन्य हिंसा अनुभव गरेको तथ्य पत्ता लगाएको छ । यस्तो हिंसा महिलाहरूले आफ्नै श्रीमान् (उबचतलभच) बाट शहरी क्षेत्रमा जापानमा १५ प्रतिशतदेखि ग्रामिण इथोपियामा ७१ प्रतिशत र औषत ३० दखि ६० प्रतिशत हिंसा भएको प्रतिवेदन सार्वजनिक गरेको छ ९ध्ज्इ, ज्ञढढठ० ।

महिला विरुद्ध हिंसाको स्वरूप त्यहाँको सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक सन्दर्भले निर्धारण गर्दछ । कुनै पनि यस्तो धार्मिक र सांस्कृतिक देश छैन जहाँ महिलाहरू हिंसाबाट मुक्त छन् । क्यान्सर, मलेरिया, दुर्घटना र युद्धमा मारिएका महिलाहरूको संख्या

भन्दा बढि १४ देखि ४५ वर्षका महिलाहरू पुरुषबाट हुने हिंसाबाट घाईते र मृत्यु भएको छ ९गल, द्दण्ड० ।

साथीको १९९७ को प्रतिवेदन अनुसार घरेलु हिंसामा पिडित मध्ये ५८ प्रतिशत ले मात्र उजुरी गर्दछन भने बहुविवाहमा ६४ प्रतिशत, यौनजन्य दुव्यवहारमा ४८ प्रतिशत र बलात्कारमा ३० प्रतिशत ले उजुरी गरिएको पाइएको छ (ञ्भएरद्दण्छड०।

संयुक्त राष्ट्र संघ, महिला विरुद्ध भेदभाव उन्मुलन गर्ने सिमित ९ऋभ्म्ब्, ऋइ::क्ष्त्ब्ध्० को सिफारिस नं. १९ ९न्भलभचबी च्भअफक्षभलमबतष्यल ल्य। ज्ञढ० अनुसार घरेलु हिंसा भनेको महिला विरुद्धको हिंसाको सबैभन्दा पुरानो स्वरूप हो । यो सबै किसिमको समाजमा प्रचलित छ । घरेलु महिलाको स्वास्थ्यलाई खतरामा परिरहेको छ र पारिवारिक तथा सार्वजनिक जीवनमा समानताको आधारमा सहभागी हुने महिलाको क्षमतामा प्रभाव पारिरहेको छ । अतः राज्य पक्षले सार्वजनिक वा निजी कुनै पनि क्षेत्रमा लिङ्गको आधारमा हुने हिंसालाई नियन्त्रण गर्न आवश्यक प्रभावकारी उपायहरू अवलम्बन गर्नुपर्छ ९न्धीम, द्दण्छढ० ।

## २.३ दक्षिण एशियामा घरेलु हिंसा

दक्षिण एशियका देशहरू पुरुष प्रधान छन् । यहाँ महिलाहरूले पुरुषको सहयोगीको रूपमा दोश्रो दर्जाको हैसियतमा कार्य गर्नु पर्ने हुन्छ । यी देशहरूमा घरेलु हिंसा जल्दोबल्दोरूपमा रहेको छ । ग्ल्ऋभ ँ ९ज्ञढढट० का अनुसार दक्षिण एसियन संस्कृतिमा महिलाहरूलाई तल्लो स्तरमा राखेको छ । सांस्कृतिक अभ्यासले परिवारमा बुहारीको अवस्था अत्यन्त न्यून छ यति सम्म की बुहारीले गर्भावस्थामा गह्रौं काम गर्नु पर्छ तर खाना भने कम दिइन्छ ।

प्रायजसो यौनजन्य हिंसा भोगेका महिलाले उक्त घटना प्रहरी कहाँ पुर्‍याउदैनन् । किनकी प्राय त्यस्ता मुलुकहरू जहाँ महिलाको कुमारीत्वलाई परिवारको इज्जतसँग जोडिन्छ । त्यहाँ महिलाहरूको आफ्नो बलात्कारको कुरा सार्वजनिक भएमा त्यही बलात्कारीसँग विवाह गर्न दवाव दिइन्छ (ध्ज्इ, ज्ञढढठ) ।

## २.४ नेपालमा घरेलु हिंसा

"महिला विरुद्धको अपराध र नियन्त्रण सम्बन्धि कानूनी पक्ष" सम्बन्धि प्रतिवेदनमा महिला तथा बालवालिका माथि घरभित्र हुने व्यावहार वा अत्याचार नै घरेलु हिंसा हुन् । महिलाहरू आफ्नै घरभित्र पिटिन्छन्, बलात्कृत हुन्छन्, जवरजस्ती देहव्यापारमा लगाइन्छन्, यौन दासको रूपमा राखिन्छन् । इच्छा विपरित गर्भ, बाल विवाह, अनमेलविवाह, वहुविवाह, विधवा प्रतिको दुव्यवहार आदि घरेलु हिंसाहरू हुन् भनि घरेलु हिंसाका बारेमा प्रष्ट्याएकी छिन् (थपलिया, २०५८) ।

विवाह गर्दा वेहुला परिवारले मागे जति दाइजो नल्याए परिवारका सम्पूर्ण सदस्यहरू मिलेर वेहुलीलाई विभिन्न प्रकारका मानसिक पिडा दिने, असहयोग गर्ने, कुटपिट गर्ने र ज्यान सम्म लिएका घटनाहरू दैनिक पत्रपत्रिका मार्फत सार्वजनिक भईरहेका छ । दैनिक रूपमा घर भित्र हुने गरेका शोषण, दमन, र विभेदहरू नै घरेलु हिंसा हुन् । यस्ता प्रकृतिका हिंसाहरू महिला मानव अधिकार विरुद्ध हो । जुन प्रत्येक समाजमा विद्यमान रहेको छ । दिन प्रतिदिन यस्ता घरेलु हिंसाहरू समाजमा बढ्दै गइरहेको छ (आचार्य, १९९७ ) ।

मल्ल (प्रधान) ले "लैङ्गिक समानताको मुलप्रवाहिकरण" कार्यक्रममा प्रस्तुत गरेको "यौनजन्य दुव्यावहार" शीर्षकको प्रतिवेदनमा यौन जन्य दुव्यवहार कुनै व्यक्ति विरुद्ध यौनजन्य मनसायले गरिने अनिच्छित आचरण वा व्यवहार हो । यस्तो यौनजन्य दुव्यवहार शारिरिक, मौखिक, लिखित वा इशाराले जुनसुकै पनि हुन सक्छ । शारीरिक वा यौनजन्य चुट्किलाहरू, अप्रिय कुराकानी वा ठट्टा, लैङ्गिक लक्षित अपमानजनक बाचनहरू, अनिच्छुक यौनजन्य आमन्त्रणहरू, प्रस्तावहरू वा दबाव पर्दछन् । उस्तै लिखित यौजन्य दुव्यावहार भित्र यौन सम्वन्धि सामाग्री प्रर्दशन गर्नु, अश्लिल वा कामुक तस्वीरहरू वा लिखित समाग्री प्रर्दशन गर्नु आदि पर्दछन् भने घुरेर हेर्नु, सुसेली बजाउने,आँखा जुधाउनु, यौनजन्य अश्लिल इशारा गर्ने आचरणहरू, इशाराले गर्ने यौनजन्य आचरण हुन् भनी उल्लेख गरेकी छिन् (प्रधान, २०६०) ।

महिलालाई गरिने गाली बेइज्जती, पारिवारिक भेदभाव, दाईजो नल्याउनाका कारण गरिने भेदभाव, श्रीमान् श्रीमतीको ईच्छा विपरित राख्ने यौन सम्पर्क, छोरा पाउनु पर्ने बाध्यता, घरमा सबै भन्दा पछि खाना खानुपर्ने चलन जस्ता सम्पूर्ण कुराहरू महिला हिंसाका

स्वरूपहरू हुन् । यस्ता सम्पूर्ण खाले हिंसाहरूबाट महिलाहरूको स्वास्थ्यमा प्रत्यक्ष वा अप्रत्यक्ष आसर पर्दछ (राजभण्डारी, २०५५) ।

विवाह गर्दा वेहुला परिवारले मागे जति दाइजो नल्याए परिवारका सम्पूर्ण सदस्यहरू मिलेर वेहुलीलाई विभिन्न प्रकारका मानसिक पिडा दिने, असहयोग गर्ने, कुटपिट गर्ने र ज्यान सम्म लिएका घटनाहरू दैनिक पत्रपत्रिका मार्फत सार्वजनिक भईरहेका छ । दैनिक रूपमा घर भित्र हुने गरेका शोषण, दमन, र विभेदहरू नै घरेलु हिंसा हुन् । यस्ता प्रकृतिका हिंसाहरू महिला मानव अधिकार विरुद्ध हो । जुन प्रत्येक समाजमा विद्यमान रहेको छ । दिन प्रतिदिन यस्ता घरेलु हिंसाहरू समाजमा बढ्दै गईरहेको छ (आचार्य, १९९७) ।

महिला विरुद्ध हुने हिंसा परम्परागत तथा प्रभुत्व हिंसाको रूपमा रहेको छ । महिला विरुद्ध हुने घरेलु हिंसा महिलाको सम्मानपूर्ण जीवन जीउने अधिकार विरुद्धको कार्य पनि हो । यसलाई मानव विरुद्धको कार्य पनि भनिन्छ । जसको प्रमुख कारण समाजमा परम्परागत रूपमा विद्यमान रहेको धर्म, परम्परा तथा कुरिती हो । जसले पितृसतात्मक समाजलाई प्रश्रय प्रदान गरेको छ (न्यायका लागि आवाज, २०५९) ।

## २.५ लैङ्गिकता र यसमा सामाजिक, सांस्कृतिक प्रभाव

समाजमा ८० प्रतिशत भन्दा बढि हिंसा र अपराध महिला कै विरुद्ध हुने गर्दछ र त्यस्ता प्रकारको हिंसामा घरायसी हिंसा, कुटपिट, पिडा, दाइजोको कारण हत्या, बालिका भ्रुण हत्या, मानसिक र शारीरिक यातना आदि रहेका छन् । समाजमा तुलनात्मक रूपमा पुरुष भन्दा बढि महिला नै हिंसाको शिकार बन्दै आएको पाईन्छ (दाहाल, २०५८) ।

प्रसिद्ध समाजशास्त्री द्यभललभतत को सन् १९८३ मा प्रकाशित अनुसन्धान पुस्तक ूम्बलनभचयगक ध्ष्खभक बलम क्बअचभम क्ष्कतभच रु क्यअर्ष्बा बलम क्थदयष्अि च्यभिक या ज्ष्नज ञ्बकतभ ध्कभल ष्ल ल्भउबर्ाू मा समाजिक र धार्मिक रूपले महिलालाई द्वैध तरिकाले हेर्ने कुरा उल्लेख गरेकी छिन् । अविवाहित दिदी बहिनीलाई पवित्रताको रूपमा हेरिन्छ भने आमाको रूपमा महिलालाई सामाजिक सांस्कृतिक रूपले उच्च सम्मान दिएको छ तर श्रीमतीको रूपमा महिला अपमानित भएर रहनु परेको छ । बुहारीको रूपमा महिलाहरूको जीवन कष्टप्रद छ । महिलाले लोग्नेलाई पति परमेश्वर मानेर बस्नु पर्ने धार्मिक सांस्कृतिक मान्यता रहेको छ ।

आचार्यले "ध्कभल बलम तजभ भ्अयलकथर त्जभ प्मथ क्षककगभक" मा वाव् आमाले छोरीको शिक्षा भन्दा छोराको शिक्षालाई बढि ध्यान दिन्छन् किनकी छोरालाई बुढेसकालको साहारा मानिन्छ तर छारीलाई माइती घरको अस्थायी पाहुना मानिन्छ भनेर उल्लेख गर्नुभएको छ (आचार्य, २०५५) ।

महिलाहरू बाल्यकाल देखि नै लिङ्गमा आधारित संस्कृतिमा हुर्किएका हुन्छन् र तिनीहरूले बालक काल देखि नै घरको हेरचाह गर्नु पर्छ भनेर सोचिन्छ । तिनीहरू भावनात्मक र शारीरिकरूपमा कमजोर हुन्छन भने तिनीहरू लज्जालु, कोमल र डराउने हुन्छन् भन्ने आशा गरिन्छ । तिनीहरू खाना बनाउने देखि शिक्षा प्राप्ति गर्ने सम्मका सबै कुरामा कमै मात्र राम्रो गर्छन्, सामान्यतया तिनीहरू केटा साथीमा भर पर्छन् जस्तै दाजुभाइ । यस्तो मान्यता तिनीहरूको बालक काल देखि नै समाहित हुन्छ । यसर्थ उनीहरूको व्यक्तित्वको विकास पूर्णरूपमा सामाजिक अपेक्षाद्वारा निधारित भएको हुन्छ ( प्रधान, २०६६) ।

नेपाली समाजमा छोराको महत्त्व धेरै हुन्छ । अर्को शब्दमा, महिला माथि हिंसा उ जन्मेदखि नै शुरू हुन्छ । महिलाहरूको शिक्षा, स्वास्थ्य, कानुन र सामाजिक उत्तरदायित्वलाई सम्बोधन गर्न श्री ५ को सरकारले लिएको नीतिलाई समाजमा विद्यमान मुख्य तीन कुराहरू क) परम्परागत पितृसत्तावादी दृष्टिकोण, ख) गरिवी र ग) कानुन कार्यान्वयनको कमजोर व्यवस्थाले गर्दा महिलाहरू बन्चित भएका छन् (ःइएभ, द्दण्ण्द्ध) ।

विश्व स्वास्थ्य संगठनले महिला हिंसा सम्वन्धि सन् १९९७ को प्रतिवेदन भनेको छ प्रायः जसो यौनजन्य हिंसा भोगेका महिलाले उक्त घटना प्रहरी समक्ष पुऱ्याउदैनन् किनकी प्राय त्यस्ता मुलुकहरू जहाँ महिलाको कुमारित्वलाई परिवारको इज्जतसँग जोडिन्छ । त्यहाँ महिलाहरूको आफ्नै बलात्कारको कुरा सार्वजनिक भएमा सोहि बलात्कारीसँग विवाह गर्न दबाब दिइन्छ ।

महिला भएकै कारण घरपरिवारभित्र भोग्नुपर्ने विविध खालका असमान व्यावहार तथा विभेदलाई घरेलु हिंसाको परिभाषाभित्र राखिन्छ । ठूला पारिवारिक निर्णयमा पुरुषको बाहुल्य हुनु, श्रीमान् वा परिवारका अन्य सदस्यद्वारा महिलालाई मानसिक तथा शारिरीक यातना दिइनु, इमोसनल व्लयाकमेलिङ गर्नु, परिवारका सदस्यद्वारा महिलालाई यौन तथा मानसिक हिंसाको सिकार बनाउनु आदि घरेलु हिंसाभित्र पर्छन् । वैवाहिक यातना दिनु, हेपेर,

होच्याएर बोल्नु वा सोहीअनुरूपको व्यावहार गर्नु, क्षमता प्रदर्शन गर्ने अवसर नदिनु, पठनपाठन लगाएत बौद्धिक एवं व्यक्तित्व विकासमा बाधा पुऱ्याउनु, अपशव्द प्रहार गरी गाली गर्नु आदि घरेलु हिंसाका रूप हुन् (नारी, २०६८) ।

प्रायजसो यौनजन्य हिंसा भोगेका महिलाले उक्त घटना प्रहरी कहाँ पुर्‍याउदैनन् । किनकी प्राय त्यस्ता मुलुकहरू जहाँ महिलाको कुमारीत्वलाई परिवारको इज्जतसँग जोडिन्छ । त्यहाँ महिलाहरूको आफ्नो बलात्कारको कुरा सार्वजनिक भएमा त्यही बलात्कारीसँग विवाह गर्न दवाव दिइन्छ (ध्ज्इ, ज्ञढढठ) ।

महिलाले माईती र घर दुबै ठाउँबाट सम्पतिको हिस्सेदार बन्न नसक्ने भएकोले गर्दा महिलाहरूको विवाह पश्चात सामाजिक आर्थिक, धार्मिक, निर्णायक भूमिकामा महिलाको स्थिति कमजोर भएको पाइन्छ (वनेट, १९८३) ।

रेग्मी (२०००) का अनुसार, वर्तमान अवस्थामा महिलाको स्थितिबारे प्रकाश पार्ने क्रममा कुल जनसंख्याको आधा भाग ओगट्ने महिला वर्गले महिला भएकै कारणले गर्दा सामाजिक, आर्थिक, राजनैतिक असमानता भोग्नु परेको पाइन्छ । नेपालको सम्बिधानले कुनै पनि नागरिक माथी जाती, भाषा, धर्म, लिंगका आधारमा भेदभाव नगरिने भनिएको भएता पनि महिला माथि भेदभावपूर्ण व्यवहार गर्ने कानूनी व्यवस्था विद्यमान रहेको चर्चा गर्दै अंशवण्डाको महलमा एक भन्दा वढी पत्नीको लोग्नेको अंशमा बराबर हक लाग्ने ब्यवस्था भएबाट बहुविवाहले प्रश्रय पाएको देखिन्छ ।

भट्टचनको ूक्यअष्य(अगतिगचर्बा ब्कउभअत या न्भलमभच भ्त्रगष्तथस् भ्त्रगर्बाथि बलम म्क्ष्यअचबअथ ष्ल ल्भउर्बाू मा लैङ्गिक निष्पक्षता वा लैङ्गिक समानता र प्रजातन्त्रलाई सामाजिक संस्कारको दृष्टिमा हेर्ने हो भने महिलाहरूको निम्ति न त लैङ्गिक निष्पिक्षता, समानता र प्रजातन्त्र पाएको अनुभूति गरेको पाउँछौं, न त महिलालाई जातका आधारमा भाषा, धार्मिक र संस्कारमा समानता पाइन्छ । भट्टचनका यो लेखबाट पनि महिलाहरू लैङ्गिक समानता, निष्पक्षता र प्रजातन्त्र उनीहरूको पहुँच भन्दा टाढा रहेको पाउछौ (भट्टचन, २०५८) ।

मानन्धर र भट्टचनद्वारा सम्पादन गरिएको ून्भलमभच बलम म्क्ष्यअचबअथ ष्ल ल्भउर्बाू मा नेपालमा लैङ्गिक असमानता धेरै रहेको र लैङ्गिक असमानता रहे सम्म सुशासन र प्रजातन्त्र असम्भव हुने उल्लेख गरेका छन् । “न्यायका लागि आवाज” ले महिला विरुद्ध हुने

हिंसा परम्परागत तथा प्रभुत्वपूर्ण हिंसाको रूपमा हेरेको छ । महिला विरुद्ध हुने घरेलु हिंसा महिलाको सम्मान पूर्ण जीवन जिउने अधिकार विरुद्धको कार्य हो यसलाई मानवअधिकार विरुद्धको कार्य भनेको छ । जसको प्रमुख कारण समाजमा परम्परागत रूपमा विद्यमान रहेको धर्म, परम्परा तथा कुरिति हो जसले पितृसतात्मक समाजलाई प्रश्रय प्रदान गरेको छ भनि उल्लेख गरेको छ (भट्टराई र यमी, २०५७) ।

प्रारम्भिक युगदेखि नै महिला विरुद्ध हिंसाका शुरूवात भएको पाइन्छ । महिलाहरूलाई पुरुषको भोग विलासको साधनका रूपमा प्रयोग गरिदैआएको पाइन्छ । महिलामाथि हुने गरेको मुख्य हिंसा भनेको प्रथमतः भ्रुण हत्या हो, जसको कारणले उनिहरूलाई संसारमा आउनु अघिनै हत्या गरिन्छ । महिला माथि हुने घरेलु हिंसा निम्न प्रकारका रहेका छन् भनी “घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६” ले परिभाषित गरेको छ :

१) **शारीरिक हिंसामा** : कुटपिट, बोझीलो काममा लगाउने, हत्या गर्ने, आत्महत्या गर्न बाध्य बनाउने, गर्भवती महिलाले पाउनुपर्ने स्याहार संहारको कमि, पोषिलो खानाको कमि ।

२) **सामाजिक तथा सांस्कृतिक हिंसामा** : छाउपडी प्रथा, देउकी प्रथा, झुमा प्रथा, बोक्सी प्रथा, कमलरी प्रथा, बादी प्रथा, विधवालाई शुभकार्यमा सहभागी हुन नदिनु, छुवाछुत प्रथा, धार्मिक कार्यमा बाँझी महिलालाई सहभागी नगराउनु आदि ।

३) **मानसिक हिंसामा** : शब्द, बोली, वचनबाट गरीने अपमान, डर धम्की, क्षमता अनुसारको काम गर्नमा रोक, कोठामा थुनेर राख्नु पनि पर्दछन् ।

४) **विवाह प्रजनन् तथा यौनजन्य हिंसामा** : वैवाहिक बलत्कार, सामुहिक बलत्कार, यौनशोषण, वेचविखन, जबरजस्ती (मन्जुरी बिना) विवाह गरिदिने, अनमेल विवाह, बहुपति प्रथा, हाडनाता करणी, बच्चा जन्माउनको लागी दिइने दबाव, देहव्यपार गर्न बाध्य बनाइनु, छोरो पाइन भनी गरिने दुर्व्यवहार, गर्भमा छोरी भए महिलालाई दोष दिनु तथा गर्भपतन गर्न दवाब दिनु, सुत्केरी तथा मासिक स्रावमा गरिने भेदभावल, योनित्वचा छेदन आदि ।

५) **आर्थिक हिंसामा** : दाइजो प्रथा, तिलक प्रथा, पैतृक सम्पत्तिमा विभेद, समान कामका लागि समान ज्याला नदिनु, आर्थिक स्रोत साधनमा पहुँच कम हुनु, खानपानमा विभेद, आर्थिक कृयाकलापमा सहभागि नगराउनु, श्रीमतीलाई जागीर खानमा रोक आदि ।

६) **कार्यक्षेत्रमा हुने हिंसा** : यौन शोषण, दुर्व्यवहार, बलात्कार, मानसिक यातना, शारीरिक यातना आदि ।

७) **राजनीतिक हिंसामा** : महिलाको प्रतिनिधित्वलाई कम प्राथमिकता दिनु, महिलाको आवाजलाई कम प्राथमिकता दिनु ।

८) **परम्परागत हिंसा** : देवकी प्रथा, वादी प्रथा, छाउपडी प्रथा, बालविवाह, अन्तरजातीय विवाहमा गरिने अपहेलना, कतिपय पेसामा महिलाको पेसा भन्ने ठानिनु मलामि जाने, घर छाउने, हलो जोत्ने जस्ता कार्यमा विभेद आदि ।

हिंसा भनेको कुनै पनि व्यक्तिलाई दिइने यातना, पीडा, दुःख र अमानवीय व्यवहार हो जुन शारीरिक वा मानसिक दुबै किसिमको हुनसक्छ जुन मानिसमा रहेका अन्धविश्वास, सामाजिक लिङ्गभेद आदिका कारण हिंसाले प्रोत्साहन पाउँदछ । यस्ता प्रकारका हिंसा घरभित्र वा बाहिर दुबै ठाउँमा हुन सक्छ ।

परम्परागत दृष्टिकोणबाट केवल बलात्कार र यौन दुर्व्यवहारलाई महिला विरुद्ध हुने हिंसाको रूपमा लिइन्छ तर हिंसाभित्र धेरै कुराहरू पर्दछन् बालविवाह, बहुविवाह, जवरजस्ती विवाह, जवरजस्ती करणी, चेलिवेटी बेचबिखन, गर्भपतन, अनमेल विवाह, दाइजो प्रथा, छाउपडी प्रथा यी सबै महिला विरुद्ध हुने हिंसाका कारक तत्त्वहरू हुन् ।

सामाजिक लिङ्ग भेदको आधारमा गरिने सम्पूर्ण कार्यहरू जसबाट महिलालाई एजथकष्अबा क्भहगबा र एकथअजययिनष्अबा रूपमा आघात पुग्छ वा डर, धाक, धम्की प्रयोग गरी महिलाको स्वतन्त्रता हनन गरिन्छ भने वा व्यक्तिगत वा सामाजिक जीवनमा त्यसो गरिन्छ भने त्यो महिला विरुद्धको हिंसा हो (बेइजिङ्ग सम्मेलनको घोषणा, २०६०) ।

वरिष्ठ समाजशास्त्री द्यभललभतत ले काठमाडौंदेखि नजिकै रहेको नारीकोट  गाउँका उच्च हिन्दू महिला र प पुरुष बीच रहेको फरकपनलाई  स्पष्ट पारेकी छन् । खासगरी त्यस ठाउँका महिलाहरू प्रत्येक तहमा शोषित  रहेका छन् । सदैव पुरुषको  पुरुषको नियन्त्रणमा रहनुपर्ने, प्रत्येक सामाजिक संस्कारमा पुरुषको अनिवार्य र महत्त्वपूर्ण भूमिका रहने तथा महिलालाई विभिन्न तहमा अशुद्ध तथा जुठो देखाउने, हिन्दू प्रवृत्ति र मान्यताको प्रभाव रहिरहनु जस्ता अवस्थाले महिलाको स्थिति माथि उठ्न नसकेको पाइएको छ ।

पितृप्रधान समाज भएकोले सामुदायिक तथा उत्पादनशील कार्यमा महिलाको संलग्नता अत्यन्तै न्यून रहेको देखाइएको छ । खासगरी त्यो समाजमा विवाहित र अविवाहित महिलाबीच रहेको असमानता वा एउटा महिलाको विवाहअघि र विवाह पछिको दुईवटा भूमिका निर्धारण हुन्छ भन्ने कुरालाई द्यभललभतत ले उल्लेख गरेकी छन् । विवाह अघि एउटा महिलालाई पवित्र वस्तुको रूपमा हेरिन्छ भने विवाहपछि महिला योन क्रियामा संलग्न हुने र बच्चाहरू पैदा गर्ने भएका कारण दूषित (अपवित्र) हुने बताइएको छ । यस प्रकारको भूमिकाले महिलाको विकास उन्नति र समानतामा बाधा थोपरेको छ । नारीकोट मूल रूपमा बाहुन, क्षेत्रीहरू रहेको गाउँ हो जहाँ हिन्दूवादको प्रभाव छ ।

नारीकोट गाउँमा महिलालाई दोसो दर्जामा राखेको र छोरा नभए पुण्य नमिल्ने, वंश परम्पराको लागि छोरा अनिवार्य चाहिने, छोरालाई जीवन पुण्यको प्रतीकको रूपमा लिने र महिलालाई दोस्रो दर्जामा राखेको पाइएको छ । यसरी द्यभललभचतत का अनुसार महिलाहरू रजश्वला भएको अवस्था, सुतक रहेको अवस्था, जातअनुसार विवाहवारी र खानपानको नियम र अधीनमा नरहेको अवस्था, अविवाहित तथा जनैधारण नगरेको पुरुष व्यीक्त आदिलाई अशुद्धताको प्रतीकको रूपमा हेरिन्छ भने पुण्यकर्म, पूजा, जात र धर्म अनुसारका आचरणको प्रयोग, जप, ध्यान, गौवस्तु, वरपिपल, लिपपोत आदिलाई शुद्धताको प्रतीकको रूपमा हेरिएको पाइएको छ ।

यसरी लेखिका द्यभललभतत ले महिला र पुरुष बीच रहेको फरक पन र उच्च ब्राह्मणर क्षेत्री जातका महिलाको स्थिति दोस्रो दर्जामा रहनुका साथै विवाहित र अविवाहित महिलाको अवस्थालाई स्पष्ट उल्लेख गरेकी छन् ९द्यभललभतत, ज्ञढडघ०। ख्ययभिलअभ बनबष्लकत धफभल ष्क उभचजबउक तजभ ^यकत कजकभागर्ाी जगफबल चष्नजतक खष्यबितष्यल। क्ष्त पलयधक लय दयगलमबचष्भक या नभयनचबउजथ, अगतिगचभ यच धभबतिज। ध्भ अबल लयत अबिषन्बपष्लन ब चभबर्ा उचयनचभकक तयधबचमक भत्रगबष्तिथ, मभखभयिऊभलत बलम उभबअभू (कोफी अन्नान संयुक्त राष्ट्रसंघको महिला वर्ष, सन् २०००)।

कानुनी सहयोग तथा केन्द्र ल्याक (२०६४) ले महिलामाथि हुने घरेलु हिंसाका कारक तत्त्वहरू निम्न बुँदामा देखाएको छ :

- पितृसत्तात्मक सामाजिक शक्ति संरचना,

- शक्ति नियन्त्रण,
- आर्थिक नियन्त्रण,
- आर्थिक स्रोत र साधन परिचालनमा पहुँचको कमी,
- रोजगारी सीपमुलक तालिमको अभाव,
- शिक्षामा कमी,
- निर्णायक पदमा पुग्न नसक्नु,
- राजनीतिक नीति निर्माण तहमा पहुँच नहुनु,
- प्रजनन अधिकारमा नियन्त्रण नहुनु ,
- पुरातनवादी सामाजिक मुल्य र मान्यता
- महिलालाई वस्तुको रूपमा ठान्नु आदि

सिराहा बस्ने कमलेस भिन्डवारले दाइजो नदिएको झोकमा आफ्नी श्रीमती संगीताको २०६४ चैत्र १३ गते हत्या गरेका छन् । संगितालाई कुटपिट गरी मारेर छरछिमेक र माइतीलाई समेत थाहा नदिई कमलेस र उसकै बुवा रामप्रसादले सुटुक्क लास जलाएको कुरा संगिताका पिता जोगिन्दर यादवले बताएका छन् । संगिताका ससुराले भने कुटपिट गरी बुहारी मारिसकेपछि पनि झाडापखालाबाट बुहारीको मृत्यु भएको बताएका छन् (नयाँ पत्रिका, २०६४) ।

ताप्लेजुङ्गमा वैशाख २६ गते पश्चिमी साँघु गा.वि.स. ८ निवासी कृष्णप्रसाद गौतमले आफ्नी ५७ वर्षीया श्रीमती विष्णुमाया गौतमलाई घाँटी थिची मारेर जुटको बोरामा पोको पारी स्थानीय नेख्वा खोलाको बगरमा फालेको स्थानीय स्रोतबाट थाहा भएको छ । हाल कृष्णप्रसाद गौतम फरार भएका छन् । उनी एक स्थानीय फाकुम्बा प्राथमिक विद्यालयका प्रधानाध्यापक पनि हुन् । गौतमकी दुई श्रीमतीमध्ये विष्णुमाया गौतम (हत्या गरिएकी) जेठी श्रीमती हुन् । यस्ता हिंसा दिनहुँ घटिरहेका छन् (गोरखापत्र, २०६५) ।

विश्वका जुनसुकै ठाउँलाई नियालेर हेर्दा महिला विभिन्न किसिमका हिंसाका शिकार भएकाछन्। यस्तै मकवानपुरको आमभन्ज्याङ गा.वि.स. की ३४ वर्षीया एक महिलालाई बोक्सीको आरोपमा उनका जेठाजुले शारीरिक यातना दिएको खुल्न आएको छ । उनका जेठाजुले सपनामा बोक्सी पत्ता लागेको भन्दै विभिन्न किसिमले शारीरिक यातना दिएका छन् । यातनाका कारण आँखामा चोट लाग्नुको साथै उनी कान पनि कम सुन्ने भएकी छन् । यसरी महिलाले विभिन्न किसिमका घरेलु सामाजिक, आर्थिक, कानुनी, राजनैतिक हिंसा आदिका शिकार भएका छन् (नेपाल समाचारपत्र, २०६९) ।

# परिच्छेद तीन
# अनुसन्धान विधिहरू

## ३.१ अनुसन्धान क्षेत्रको छनोट र यसको औचित्य

कानुनी रूपमा विभिन्न प्रयासहरू भएतापनि समाजको व्यवहारमा परिवर्तन ल्याउन समय लाग्न सक्छ त्यसैकारणले सरकारका कार्यक्रमहरू, सरकारी एवम् गैरसरकारी संस्थाहरूको काक्रम, नीजि क्षेत्रका कार्यक्रमहरूमा आमूल परिवर्तन आई महिलाहको उच्च स्थानमा पुर्‍याएर मात्र पनि देशको तथा समाजको परिवर्तन हुन सक्दैन । तसर्थ यी कार्यलाई मूर्तरूप दिन वा अध्ययन कार्यलाई क्रमबद्ध रूपमा अगाडि बढाउनका लागि सर्वप्रथम अनुसन्धान गर्नु उपयुक्त हुन जान्छ । अनुसन्धान गर्नको लागि उपयुक्त स्थानको आवश्यकता पर्दछ । त्यसैले यस शोधप्रतिवेदन तयार पार्न नेपालमा घरेलु महिलाको स्थिति र लैङ्गिक हिंसा शीर्षक छनोट गरिएको छ । यस शोधले हिंसा विरुद्ध महिलाको स्थिति र लैंगिक पितृसत्तात्मक शोचमा परिवर्तन गर्नु, महिला जनसक्तिको राम्रो सहयोग र उत्साह उपलब्ध भई समाज परिवर्तनमा ठूलो राहत पुग्नेछ ।

यस शोधपत्रमा नेपालमा महिलाको स्थिति र लैङ्गिक हिंसा विरुद्धका कानुनी व्यवस्थाहरूको अध्ययन शीर्षकमा रहेर शोध गर्नुको पछाडी निम्न कारणहरू रहेका छन् :

- असमान कानून तथा लैङ्गिक विभेदपूर्ण कानूनको खारेजी गरी महिलामन्त्री कानूनको निर्माण प्रभावकारी कार्यान्वयन गर्न,
- पितृसत्तात्मक सोचमा परिवर्तन गर्न,
- महिलाका लागि विशेष नीति तथा कार्यक्रम सञ्चालन गर्न,
- महिला विरुद्धका परम्परागत रीतिस्थिति, अन्धविश्वास तथा मान्यता विरुद्ध जनचेतना अभिबृद्धि गर्न,
- महिलाहरूको प्रतिनिधीमूलक भूमिकाको कदर गर्दै सामाजिक, औचित्य र राजनैतिक क्षेत्रमा महिलाहरूको सक्रिय सहभागितामा अभिबृद्धि गर्न ।

## ३.२ अनुसन्धान ढाँचा

अनुसन्धना ढाँचा भनेको अनुसन्धान कार्य थालनी गर्नुभन्दा पहिले समग्र अनुसन्धान कार्यका सम्बन्धमा अनुसन्धान कर्ताले तयार गरेको रूपरेखा हो । यस अध्ययनलाई वर्णनात्मक र अन्वेषणात्मक शैलीका गुणात्मक ढाँचामा तयार पारिएको छ । यसमा महिलाहरूमाथि हुने गरेका घरेलु हिंसाका प्रकार, प्रकृति र अवस्थाको व्याख्या गरिएको छ भने घरेलु हिंसाको कारणहरूको विश्लेषण पनि गरिएको छ । नेपालमा महिलाको स्थिति र लैङ्गिक हिंसा विरुद्धका कानुनी व्यवस्थाहरूको अध्ययन गरिएको छ यसै क्रममा उनीहरूले भोगेको हिंसा तथा हिंसाका प्रकार स्वरूप, कारण र उपायहरू र बानी, लैङ्गिक हिंसा विरुद्धका कानुनी व्यवस्थाहरूको सामान्य रूपमा वर्णन गरिएको छ

## ३.३ तथ्यहरूको स्रोत तथा प्रकृति

कुनै विषयमा अध्ययन अनुसन्धान गर्नका लागि त्यसँग सम्बन्धित सामग्रीहरूको नितान्त आवश्यक पर्दछ । यस अध्ययनमा द्वितीयक स्रोतको प्रयोग गरिएको छ द्वितीयक स्रोत अन्तर्गत अध्ययनको लागि चाहिने आवश्यक तथ्याङ्क विभागबाट प्राप्त तथ्याङ्क, महिला अधिकार, महिला हिंसा सम्बन्धी बनेका ऐन कानुन, घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६, मानव बेचविखन तथा ओसारप्रसार (नियन्त्रण) ऐन, २०९४, ऐन २०२० मा बनेका र अन्तरिम संविधान २०६३ देखि हाल उल्लेखित संशोधन आदिको वर्णनात्मक र तुलनात्मक अध्ययन गरिएको छ नेपालका कानुन विधि परम्परा प्रथा र मूल्य मान्यताबाट आदिबाट प्रभावित भएकाले परापूर्व कालदेखि चलि आएका अन्धविश्वास सम्बन्धी लेख रचना, यस वर्तमानसम्म आइपुग्दा बनेका ऐन नियमहरूको विश्लेषण गरिएको छ

यसैगरी पुस्तकालयमा राखिएका शोधपत्र आमसञ्चारका माध्यमबाट प्रकाशित तथा प्रसारित सूचनाहरूको विस्तृत रूपले मूल्यांकन गरी आवश्यकीय र विश्वसनीय सूचनाहरूमा उपयोग गरिएको छ नेपाल ल क्याम्पसका प्राध्यापकहरूको लेख आदिका आधारमा तथ्याङ्क सङ्कलन गरिएको छ

## ३.४ अध्ययनको समग्रता तथा नमूना छनोट प्रक्रिया

अध्ययन क्षेत्र काठमाडौं जिल्लाको दक्षिणकाली नगरपालिका वडा नं. ७ मा ३५५ घरधुरी रहेका छन् भने उत्तरदाताका रूपमा यस वडामा रहेका सरकारी कर्मचारी प्राध्यापक र विभिन्न क्याम्पसका विद्यार्थीबाट २५ जना महिला र २५ जना पुरुष गरी ५० जना

लिइएको छ । अध्ययनको लागि सम्भावना रहित नमूना छनोट अन्तर्गतको अंश नमुना छनोट ९त्तगयतब क्कउष्लिन० विधिको प्रयोग गरिएको छ ।

### ३.५ तथ्याङ्क सङ्कलन विधि

यस शोधकार्यमा अनुसन्धानकर्ता स्वयम् आफूले अध्ययन, विश्लेषण गरी तथ्याङ्क सङ्कलन गरिएको छ जस अर्न्तगत घरेलु हिंसामा परेका महिलाहरूको सामाजिक, आर्थिक, राजनैतिक स्थितिको अध्ययन सङ्कलन गर्ने सचित अभिलेख जस्ता कार्यहरू गरी आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ त्यस्तै यौनजन्य हिंसा, जवरजस्ती करणी सम्बन्धी अपराध, वैवाहिक बलात्कार, बालयौन दुराचार, गर्भपतन सम्बन्धी कानुन मानव बेचविखन तथा ओसारप्रसार (नियन्त्रण) ऐन २०६४, घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ लाई नमूनाको रूपमा लिई सामग्री निर्माण तथ्याङ्क सङ्कलन र विश्लेषण जस्ता युक्तिहरूको उपयोग गरिएको छ

### ३.५.१ द्वितीयक स्रोत

यस शोधपत्रमा द्वितीय स्रोतबाट पनि तथ्याङ्क सङ्कलन गरिएको छ द्वितीय स्रोतअन्तर्गत केन्द्रीय तथ्याङ्क विभागबाट प्राप्त तथ्याङ्क महिला कानुन मञ्च, विभिन्न प्रकाशित पत्रपत्रिकाहरू, सिविनद्वारा सङ्कलित पत्रपत्रिका विभिन्न महिला सम्बन्धी प्रकाशित पुस्तक, विभिन्न संघ संस्थाहरू र यस बारेमा प्रकाशित पत्रपत्रिका, राष्ट्रिय महिला आयोगबाट प्रकाशित पुस्तक, विभिन्न शोधपत्रबाट आदिबाट लिइएको छ ।

### ३.५.२ विभिन्न प्रतिवेदन र सरकारी अभिलेखहरू

प्रस्तुत अनुसन्धानमा विभिन्न प्रतिवेदन र सरकारी अभिलेखहरूबाट पनि तथ्यांक तथा सूचनाको सङ्कलन गरिएको छट । राष्ट्रिय महिला आयोग, राष्ट्रिय मानवअधिकार आयोग, महिला सम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका प्रतिवेदनहरू र बुलेटिनबाट समेत आवश्यक जानकारी र सूचना लिइएको छ । त्यसैगरी महिला विरुद्ध हिंसाका उजुरीहरू, बेश्याबृत्ति, चेलीबेटी बेचविखन जस्ता विषयका उजुरी र मुद्दामा सरकारी कार्यालयहरूबाट भएका निर्णय र फैसलाहरूको अभिलेखबाट पनि सरकारी निजामती कर्मचारीको महिलाप्रतिको दृष्टिकोण बुझ्नका लागि धेरै सूचना र जानकारी प्राप्त भएको छ ।

## ३.६ तथ्याङ्कको विश्लेषण विधि

तथ्याङ्कको विश्लेषण एउटा यस्तो विधि हो जसमा संकलित सूचनाहरूलाई व्यवस्थित तथा श्रेणीवद्ध गरी विभिन्न चलहरूका बिचमा सम्बन्ध स्थापित गर्ने काम गरिन्छ । संकलित तथ्याङ्कलाई सुव्यवस्थित ढंगले प्रस्तुत गरी तथ्यहरूकाबीचमा सम्बन्ध स्थापित नगरिकन तथ्याङ्कहरूले आफैमा केही अर्थ नदिने भएकाले पनि तथ्याङ्कको प्रस्तुती एवं विश्लेषण गर्ने कुरा अनुसन्धानको महत्त्वपूर्ण काम हो । प्रस्तुत अध्ययनमा प्राथमिक एवं द्वितिय स्रोतबाट संकलित तथ्याङ्कलाई तालिकीकरण गरी वर्णणात्मक शैलीमा प्रस्तुत गरी तार्किक रूपमा विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा संरचित प्रश्नावलीहरू छनोट गरिएका उत्तरदाताहरूबाट भर्न लगाई सङ्कलन गर्ने कार्य समाप्त भएपछि सङ्कलन गरिएका फारामहरूको अध्ययन गरिएको छ र निचोडमा पुग्नका लागि प्राप्त तथ्याङ्कलाई प्रस्तुतिकरणका लागि कोडिङ गर्दै विभिन्न शीर्षकहरूमा तालिकीकरण गरी तालिका तयार गरिएको छ। घरेलु महिला विरुद्ध हुने हिंसाका प्रकार र कारणहरु सम्बन्धमा देखिएका समस्या समाधानका उपाय पत्ता लगाउन पारिवारिक परिवेश, पारिवारिक निर्णय, घरेलु हिंसाका प्रकार, सोको जानकारी, कार्यान्वयन पछिको प्रभावसँग सम्बन्धित धारणा प्राप्त गरी विश्लेषण गरी प्राप्त तथ्याङ्कको आधारमा औचित्य पुष्टि गरिएको छ। संख्यात्मक भन्दा गुणात्मक तथ्याङ्कलाई जोड दिइएको छ ।

## ३.७ अध्ययनको सीमा

अध्ययनको क्षेत्रको छनोट गर्दा अध्ययन कार्यलाई सरलीकरण गर्न सम्बद्ध गहन विषयलाई प्रभावकारी बनाउन क्षेत्र छनोट गर्नु अपरिहार्य छ । शोधकार्यलाई अन्तिम रूप दिन र सत्य तथ्य र स्तरीय तथ्याङ्क सङ्कलन गरी निचोडमा पुग्नका लागि अध्ययनका लागि आवश्यक पर्ने व्यक्तिहरूको पर्याप्ततालाई ध्यानमा राखी उनीहरूका माझमा गई तथ्याङ्क सङ्कलन गर्ने, प्रश्नावली भर्ने, छलफल गर्ने पत्र पत्रिका सम्बन्धित विषयका प्रतिवेदन अध्ययन गर्ने साधन स्रोत समयावधी जस्ता कारणले अध्ययन क्षेत्र दक्षिणकाली नगरपालिका फर्पिङ्ग स्थिति वडा नं. ७ लाई लिइएको छ । हाम्रो समाज पितृसत्तात्मक पारिवारिक ढाँचामा आधारित भएको कारणले गर्दा महिलाको सम्मानपूर्वक बाँच्न पाउने अधिकार हुँदा पनि घर, समान र पितृसत्तात्मक राज्य व्यवस्थाका कारण कुनै न कुनै रूपमा

हिंसाको सिकार हुनु परिरहेकोले घरेलु हिंसाको क्षेत्र वृहत् भएकोले यस अध्ययनमा विशेष सिमितता रहने छ जसमा नेपालमा महिलाको स्थिति र लैङ्गिक हिंसा विरुद्धका कानुनी व्यवस्थाहरूले अध्ययन रहते छ त्यसैगरी यो सर्वेक्षण नेपालमा बसोबास गर्ने घरेलु हिंसा पीडित महिलासँग मात्र सम्बन्धित रहेको छ । तसर्थ यस अध्ययनले सम्पूर्ण नेपाली महिलाहरूमाथि हुने घरेलु हिंसाको प्रतिनिधित्व गर्न सक्छ भनेर किटान गर्न सकिँदैन ।

# परिच्छेद चार

# अध्ययन क्षेत्र, महिला हिंसाका प्रकार र कारणहरू

## ४.१ दक्षिणकाली नगरपालिकाको संक्षिप्त परिचय

नेपालको राजधानी काठमाडौँ जिल्ला भित्र पर्ने दक्षिणकाली नगरपालिका मध्यमाञ्चल विकासक्षेत्र, वागमती अञ्चलमा अवस्थित छ । राजधानी काठमाडौँबाट २० कि.मी. दूरीमा दक्षिणतिर यो नगरपालिका रहेको छ । समुन्द्र सतहदेखि ६१२ मि. को उचाइमा रहेको यो नगरपालिकाको कुल क्षेत्रफल १०७.२ वर्ग कि.मी. रहेको छ । यो नगरपालिकाको पूर्वतिर ललितपुर जिल्ला, पश्चिममा मकवानपुर, उत्तरमा कीर्तिपुर र दक्षिणमा मकवानपुर जिल्ला पर्दछ । यसको अवस्थिति हेर्ने हो भने देशान्तर ९५°१६'०"ᐟ र अक्षांश २७°३६'०"ᐟ रहेको छ र राजनीतिक एवम् प्रशासनिक हिसावले हेर्ने हो भने दक्षिणकाली नगरपालिकाको निर्वाचन क्षेत्र नं. १० रहेको छ भने इलाका नं. १५ र त्यसैगरी वडा संख्या १५ वटा रहेको छ र संयुक्त वडा कार्यालय छ भने जम्मा घरधुरी ६९२५ र जनसंख्या २४२९७ र जनघनत्व २४.६ वर्ग कि.मी. रहेको छ (ऋद्यक, द्दण्ज्ञज्ञ) ।

सांस्कृतिक विविधताले भरिपूर्ण यो नगरपालिकामा विभिन्न जातजाति सार्की, नेवार, ब्राह्मण क्षेत्री, तामाङ्ग, गुरुङ, मगर आदि रहेका छन् विशेषगरी नेपालभाषा नेपाली तामाङ्ग आदि बोलिने मुख्य भाषा रहेका छन् । यहाँ विभिन्न पर्यटकीय स्थल, मठ, मन्दिर आदि रहेका छन् भने प्रमुख रूपमा दक्षिणकाली मन्दिर प्रसिद्ध धार्मिक स्थलको रूपमा रहेको छ जहाँ वार्षिक लाखौ संख्यामा आन्तरिक तथा बाह्य पर्यटकको अपस्थिति हुन्छ । त्यसैगरी गोपालेश्वर, शेषनारायण, बज्रयोगीनी, दक्षण मनकामना पनि प्रमुख धार्मिक स्थलका रूपमा रहेको छ । त्यसैगरी यहाँ मनाइने प्रमुख चाडपर्वका रूपमा हरिशंकर जात्रा, दशैं, तिहार, गाइजात्रा होली, माघेसंक्रान्ति आदि रहेका छन् (दक्षिणकाली नगरपालिका कार्यालय, २०७१) ।

### ४.२ अध्ययन क्षेत्रभित्रका महिलाहरूको स्थिति

दक्षिणकाली नगरपालिका अर्न्तगतको फर्पिङ्ग वडा नं. ७ यस अध्ययनको लागि छनोट गरिएको क्षेत्र हो । अध्ययन क्षेत्रमा ब्राह्मण, क्षत्री, तामाङ, नेवार, कामी, मगर, दमाई, र जातिको बसोबास रहेको छ । राजधानी नजिकैको ग्रामीण पहाडी भेग भएर पनि यस अध्ययन क्षेत्रमा बसोबास गर्ने महिलाहरू पुरुषको तुलनामा पछाडि परेका भेटिन्छन् । सामाजिक परम्परालाई निरन्तरता दिने क्रममा महिलाहरू आर्थिक, शैक्षिक र सामाजिक हिसावले पछाडि परेका छन् ।

अध्ययन क्षेत्रका अधिकांश महिला विहान बेलुका घरको काम गर्ने र बाँकी समय कृषि पेसामा संलग्न रहने गरेका पाइन्छन् । केही महिलाहरू भने जागिर खाने र व्यापार गर्ने काममा समेत लागेका छन् । यस क्षेत्रका महिला मेहनती र उद्यमी भए तापनि परिवार वा समाजबाट हिंसामा परेका छन् । कतिपय महिलाका श्रीमान् दिनभरी जुवातास खेलेर, बस्ने रक्सी खाने र महिलाहरू घरायसी काममा व्यस्त रहने गरेको पाइन्छ ।

### ४.३ महिलाप्रति हुने हिंसाका प्रकार तथा कारणहरू

एक्काइसौं शताब्दीको युगमा पनि नेपाली समाजमा महिलाविरुद्वको हिंसा जारी नै छ । नीति निमार्ण तथा राजनीतिमा महिलाको कम प्रभावका कारण ती समस्याहरूको प्रभावकारी सम्बोधन हुन सकेको पनि छैन । सामाजिक अन्धविश्वास, विकृतिजन्य मुल्य र मान्यताहरूले महिलामाथिका हिंसाले निरन्तरता पाइरहेको छ । यसको परिणम स्वरूप महिलाहरूले बोक्सीको आरोपमा यातना भोग्नुपरेको छ जस्तै डाम्ने, पोल्ने वा रासायनिक विषालु वा जैविक पदार्थ प्रयोग गरेर वा अन्य कुनै किसिमले यातना दिने गाली गलौज, कुटपिट आदि भन्ने बुझ्दछौ । हिंसा महिला पुरुष बालबालिका बृद्ध जसको विरुद्धमा पनि हुने गर्दछ भने हिंसा महिला पुरुष जुनसुकै बर्गबाट पनि हुने गर्दछ । महिलाहरू घरभित्र होस् या घर बाहिर होस् कुनै न कुनै हिंसाबाट पीडित छन् । महिला विरुद्ध हुने घरेलु हिंसा कतिपय ठाउँमा निर्दयी रूपमा प्रत्यक्ष ढङ्गले भएको छ भने कतिपय ठाउँमा अप्रत्यक्ष ढङ्गले हुने गरेको पाइएको छ । महिलाहरू जो पुरुषबाट शोषित तथा घरेलु हिंसाबाट पीडित छन् ।

नेपालको सन्दर्भमा कुटपीटको महल, लोग्ने स्वास्नीको महल, स्त्री अंशधनको महल, अपहरण गर्ने तथा शरिर वन्धक लिनेको महल, ज्यान सम्वन्धी (लिंग पहिचान गरेर गर्भ पतन, महिलाको इच्छा मा १२ हप्ता सम्मको गर्भ पतनलाई कानुनी मान्यता) आदि जस्ता मुलुकी ऐन २०२० संसोधन सहितको महलमा महिलाका सम्वन्धमा व्यवस्था गरिएको छ भने मुलुकको संविधानमा पनि महिलाको समानताको सम्वन्धमा व्यवस्था भएबाट अन्तराष्ट्रिय जगतको साथै नेपालमै पनि महिला विरुद्धको हिंसाको लागि न्यायिक सक्रियता रहेको अनुभव पाउन सकिन्छ । समष्टिगत रूपमा भन्नु पर्दा महिलाहरू शारीरिक, मानसिक सामाजिक, धार्मिक र कानुनी रूपमा नै हिंसाका शिकार भएका छन् । महिलाहरू माथिको हिंसा बाहिरी पक्षबाट मात्र नभई घरभित्रका व्यक्तिहरूबाट समेत हुने गरेको पाइन्छ । सन् १९९३ को विश्व वैंकको प्रतिवेदनका अनुसार २०% महिलाहरू जुन पुरुषसँग बसेका छन् तिनै पुरुषबाट नै उनीहरू अनुचित व्यवहार र दुर्व्यवहार भएको  पाइएको छ ।  धेरै घरेलु हिंसामा स्वास्नी कुट्ने बढि देखिएको छ । नेपालको सन्दर्भमा महिलाबाटै पनि महिला हिंसाको शिकार भएको पाइएको छ । त्यस्तै महिला विरुद्धको हिंसा गहनतम् प्रश्न वनेको छ ।

यस अध्ययनमा दक्षिणकाली नगरपालिका अर्न्तगतको फर्पिङ्गमा बसोबास गर्ने महिलाहरूसँग उनीहरूको सामाजिक स्थिति जसमा पेसागत, जातिगत, उनीहरूको धार्मिक, शैक्षिक अवस्थाका बारेमा तथ्याङ्क प्रस्तुत गरिएको छ । यसको अलावा उनीहरूको आर्थिक अवस्था, आयआर्जन, उनीहरूमाथि हुने हिंसाका प्रकार तथा कारणहरू र यसले उनीहरूमा पारेको असरको पनि तथ्याङक प्रस्तुत गरिएको छ ।

### ४.३.१ महिलाप्रति हुने हिंसाको प्रकार तथा कारण

“महिलाविरुद्धको हिंसा” भन्नाले सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा हुने हिंसाजन्य कार्य हो, जसले महिलालाई शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुऱ्याउँछ वा पुऱ्याउने सम्भाबना हुन्छ । महिलामा हुने हिंसा समाजमा आन्तरिकरण भैसकेकोले यसलाई सहज रूपमा लिने गरिएको छ (आचार्य, २०६९) । परिणाम स्व हिंसालाई धार्मिक तथा सास्कृतिक आस्थाको आधारमा स्वीकार गर्ने हुनाले महिला माथिरूप घरेलु हिंसाले व्यापकता पाएको छ । लैङ्गिक हिंसामा महिलाहरू िविभिन्न प्रकारका हिंसाजन्य कार्य एवं दुर्व्यवहारको सिकार भएका हुन्छन । महिलामा हुने हिंसामा पिडकका रूपमा

मुख्यतया पुरुषहरूनै हुने गर्दछन । बोलीमा मात्र पुरुष र महिला भनेको राष्ट्र निर्माणका लागि अभिन्न अंग हुन भनिन्छ, तर महिलालाई त्यसको दर्जा र अधिकारबाट बञ्चित गरिएको छ । जसले गर्दा महिलाहरू हिंसात्मक कार्यले पिल्सिएका छन् । छोरीलाई सधैं परिवारको बोझ ठान्ने परम्परालाई नेपाली समाजले अझैपनि छोड्न सकेको छैन भने विधवा वृद्धा, तथा गरीव महिला माथि बोक्सीको आरोप लगाइ मलमुत्र खुवाउने समाचारहरू पत्रपत्रिकामा दिनहुँ जसो आउने गर्दछन । लैङगीक आधारमा हुने हिंसा सबैभन्दा पुरानो हिंसाको स्वरूप घरेलु हिंसालाई लिइन्छ र घरेलु हिंसाका पनि अनेक रूपहरू छन् ।

महिला माथि हुने विभिन्न हिंसा मध्य घरेलु हिंसा एक प्रमुख हिंसाका रूपमा रहेको छ । सामाजिक, आर्थिक, शैक्षिक रूपले महिलाको स्थान उच्च हुन नसक्नुका कारण महिलाले विभिन्न हिंसाका शिकार हुनु परेको छ । त्यसमा पनि व्यापक गरिबि, अशिक्षा र सचेतनाका कमिका कारण महिलाहरूले सहनु परेका घरेलु हिंसाको प्रकारहरू र घटनाका विभिन्न कारणहरू यसका पछाडि रहेका छन् । जसलाई यहाँ प्रस्ट पार्ने प्रयास गरिएको छ ।

### ४.३.२ अध्ययन क्षेत्रमा महिला विरुद्धको हिंसा

महिला विरुद्धहुने हिंसा परम्परागत तथा प्रभुत्त हिंसाको रूपमा रहेको छ । महिला विरुद्ध हुने घरेलु हिंसा महिलाको सम्मान पूर्ण जिवन जिउने अधिकार विरुद्धको कार्य पनि हो । यसलाई मानव विरुद्धको कार्य पनि भनिन्छ । जसको प्रमुख कारण समाजमा परम्परागत रूपमा विद्यमान रहेको धर्म, परम्परा तथा कुरीति हो । अध्ययन क्षेत्र दक्षिणकाली नगरपालिका अर्न्तगतको फर्पिङ्ग वडा नं. ७ मा केन्द्रित छ । उक्त क्षेत्रका महिलाहरू प्राय गरेर संयुक्त परिवारमा बस्दै आएका छन् । यस क्षेत्रमा महिलाहरू बढि मात्रामा श्रीमानबाट कुटिदै आएको तथा मानसिक यातना जस्ता पिडाहरू भोग्दै आएका छन् । श्रीमान शिक्षीत हुदाहुदै पनि रक्सी सेवन गरि पिट्ने तथा स्वास्नीलाई नोकरको दर्जामा हेर्ने घटना अधिक पाइयो । यसैगरि केही महिलाहरू भने महिला भनिने सासुबाट, नन्द, आमाजुबाट गालिगलौच र कुटपिटको शिकार बन्नु परेको घटना छ । त्यस्तै प्रस्तुत अध्ययनमा हिंसाका विभिन्न कारणहरू पत्ता लगाईएको थियो जसअर्न्तगत सबैभन्दा बढि हिंसाहरू २२ प्रतिशत जाँड रक्सी सेवनको कारण, २० प्रतिशत अशिक्षको कारण, १८

प्रतिशत दाईजोको कारण, १४ प्रतिशत गरिबिका कारण, १० प्रतिशत बोक्सीको आरोपका कारण तथा ६ प्रतिशत हिंसाहरू बलात्कार तथा वहुविाहका कारण भएको पाइयो ।

### ४.३.३ महिलामाथि हुने घरेलु हिंसाको प्रकार र उमेर समुह

अध्ययनका कममा महिलाहरू विभिन्न किसिमले विभिन्न प्रकारका हिंसाबाट पीडित भएको पाइयो । प्राय शारीरिक तथा मानसिक रूपले पीडित हुने महिला मध्ये केहिले हिंसा सहेर घरमै बस्छन् भने केही महिलाहरू सहयोगका लागी विभिन्न संस्थामा पुगेको देखियो । अध्ययनका क्रममा देखिएका उत्तरदाता महिलाले भोगेका हिंसाका प्रकार निम्न रहेका छन् ।

**तालिका नं. १ : हिंसाको प्रकार र उमेर समुह**

| उमेर समुह | शारिरीक हिंसा | मानसिक हिंसा | यौनजन्य हिंसा | प्रतिशत |
|---|---|---|---|---|
| १० - २० | २ | २ | १ | १० |
| २० - ३० | ९ | ६ | ४ | ३८ |
| ३० - ४० | ६ | ५ | २ | २६ |
| ४० - ५० | ३ | ४ | २ | १८ |
| ५० - ६० | २ | १ | १ | ८ |
| जम्मा | २२ | १८ | १० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

तालिका नं. १ अनुसार उत्तरदाता महिलाहरूलाई १० - २०, २० - ३०, ३० - ४०, ४० - ५० र ५० - ६० गरि जम्मा पाँच समूहमा विभाजन गरिएको छ । जुन कुन कुन उमेर समुहमा कुन कुन हिंसा परेको छ भनि देखाईएको । जसमा १० दखि २० वर्ष उमेर समूहका १० प्रतिशत, सबैभन्दा धेरै २० दखि ३० वर्ष उमेर समूहका ३८ प्रतिशत, ३० दखि ४० वर्ष उमेर समूहका २६ प्रतिशत, ४० दखि ५० वर्ष उमेर समूहका १८ प्रतिशत, र ५० दखि ६० वर्ष उमेर समूहका ८ प्रतिशत महिलाहरू रहेका छन् । जसमा २० वर्ष नपुग्दै विवाह गरेको र बच्चा जन्माएको पनि पाइयो ।

यसरी महिलाहरू परिवार भित्रै विभिन्न खालका मानसीक हिंसा सहन बाध्य भएको पाइन्छ । जसमा आफ्नै परिवारका सदस्यहरूबाट अपमान जन्य शव्दहरू प्रयोग गर्ने गरेको पाइन्छ । यसको अलावा घर भन्दा बाहिरका मानिसहरूबाट पनि यस्तो खालको हिंसा हुने गरेको छ । त्यसैगरि त्यस क्षेत्रका महिलाहरू कामको सिलसिलामा घरबाट बाहिर जाने क्रममा काम गर्न गएको ठाउँमा पनि मालिक वा अन्य पुरुषहरूबाट मानसिक वा शारिरीक हिंसाको सिकार भएको पाइयो । जसमा उनीहरूलाई चोरीको आरोप लगाउने, राम्रो काम नगरेको भनी गाली गर्ने, घर मालिकबाट यौन दुर्व्यवहार सहनु पर्ने, जिस्काउने, र जवरजस्ती शारीरिक सम्बन्ध राख्न खोजेको समेत पाइयो । यसले गर्दा उनीहरू मानसिक रोगबाट समेत ग्रसित हुँदै गएका छन् तर उनीहरूलाई मानसिक रोगी हुँदै गएको कुरा समेत थाहा भएको छैन । त्यस्तै गरी महिलाहरूले विभिन्न किसिमका शारीरिक, मानसिक तथा यौनजन्य यातना भोगी रहेका छन् । जसमा कुटपिट, आगजनी गर्न खोज्ने, खान नदिने जस्ता हिंसाहरू भोग्न त्यस क्षेत्रका महिलाहरू बाध्य छन् ।

### ४.३.४ महिलामाथि हुने घरेलु हिंसाको कारणहरू

हाम्रो समाजमा जे जति घरेलु हिंसाका घटना हुन्छन तिनीहरूमा प्राय जसो विवाहित वा एकल महिलाहरू परेका हुन्छन् । महिलाहरू महिला भएकै करण बढी मात्रामा हिंसाको शिकार बन्ने गरेको पाइन्छ । महिलाहरू विभिन्न कारणले हिंसाको सिकार बन्ने गरेका छन् जस्तैः आर्थिक करण, सामाजिक कारण, राजनैतिक कारण, शैक्षिक कारण आदि ।

प्रस्तुत अध्ययनमा उत्तरदाता महिलाहरूमाथि हुने हिंसा तथा हिंसाका विभिन्न कारणहरू पत्ता लगाइएको थियो । जसमा अशिक्षाको कारण, गरिबिको कारण, दाईजो नल्याएको वा कम ल्याएको कारण,बोक्सिको आरोप, बलात्कार, जाँड रक्सी सेवनका कारण, तथा वहुविवाह आदिको कारणले महिलाहरू हिंसाको शिकार भएका छन् । जसलाई तलको तलिकाबाट प्रस्तुत गरिएको छ ।

तालिका नं. २ : हिंसाको कारणहरू र प्रकार

| हिंसाको कारण | शारीरिक हिंसा | मनसिक हिंसा | यौनजन्य हिंसा | प्रतिशत |
|---|---|---|---|---|
| अशिक्षा | ५ | ३ | २ | २० |
| गरिबी | ४ | २ | १ | १४ |
| दाइजो | २ | ५ | २ | १८ |
| बोक्सीको आरोप | १ | ३ | १ | १० |
| बलात्कार | १ | १ | १ | ६ |
| जाँड रक्सी सेवन | ७ | १ | ३ | २२ |
| वहुविवाह | ३ | २ | - | १० |
| जम्मा | २३ | १७ | १० | १०० |

स्रोत स्थलगत अध्ययन, २०७२

तालिका नं. २, अनुसार उत्तरदाता महिलाले विभिन्न कारणबाट विभिन्न प्रकारका हिंसा सहनु परेको देखियो । जसमध्ये २२ प्रतिशत जाँड रक्सी सेवनको कारण, २० प्रतिशत अशिक्षको कारण, १८ प्रतिशत दाईजोको कारण, १४ प्रतिशत गरिबिका कारण, १० प्रतिशत बोक्सीको आरोपका कारण तथा ६ प्रतिशत हिंसाहरू बलात्कार तथा १० प्रतिशत वहुविाहका कारण महिलाहरू हिंसाको शिकार भएको पाइयो । अध्ययन क्षेत्रमा धेरै जसो तमाङ र नेवार बस्ति रहेको कारणले उनीहरूले सानै देखि जाँड रक्सी खाने र घर परिवार तथा समाजमा धेरै जसो हिंसात्मक कार्यहरू गरेके पाइयो । अशिक्षाको कारणले गर्दा महिलालाई खालि घरको चार दिवारभित्र सिमित राख्ने, भनेको समयमा खान नपाए तथा काम ढिला भएमा श्रीमतिलाई कुट्ने तथा छोरी बुहारीलाई गालि गर्ने गरेको पाइयो । त्यसैगरि दाइजो नल्याएको वा कम ल्याएको निहुमा घरका सम्पूर्ण सदस्यले मानसिक पिडास्वरूप तथानम भन्ने वा व्यजत गर्ने वा अपशव्दहरू प्रयोग गरेको पाइयो । कतिपय निमुखा तथा विधावा पहिलालाई हुनेखानेहरूले बोक्सिको आरोप लगाउदै पानी थाप्न पनि सबैभन्दा अन्तिममा दिने, अनेकथरी भनाइहरू सुनाउने गरको थाहा भयो । कतिपय महिलाहरू महिला सासु, नन्द, आमाजुहरूबाटै पनि पिडित भएको र समाज तथा घर परिवारको डरले गर्दा कसैलाई केही भन्न नसकि चुप लागेको पाइयो । गरिबिका कारण पढ्न नसकेको वा नपाएको कारण केही नजान्ने भन्दै वहुविवाह गरेको र पहिलो श्रीमतीलाई

हेला गरेको, तथा विभिन्न लान्छना लगाइ घर बाट निस्कन बाध्य गराइएको कुराहरू अध्ययनको क्रममा थाहा हुन आयो ।

### ४.३.५ शारीरिक हिंसाका कारण महिलाले भोगेका शारीरिक समस्याहरू

शारीरिक हिंसामा कुटपिट, तथा अंग भंग गर्ने तथा शरिर जलाउने, यौन शोषण तथा बलात्कार, देहव्यापारमा लाग्न वाध्य बनाउने, बालविवाह, श्रमशोषण गर्ने तथा बिरामी पर्दा औषधी उपचार नपाउनु, प्रजनन स्वास्थ्य सम्वन्धी अधिकार नहुनु जस्ता हिंसा पर्दछन् । अध्ययन क्षेत्रमा अध्ययनको क्रममा काटेको, मर्केको, पोल्ने, दाँतभाचिएको आदि जस्ता समस्याहरू पाइयो जसलाई निम्न तालिकाबाट देखाइएको छ ।

**तालिका नं. ३ : शारीरिक हिंसाका कारण महिलाले भोगेका शारीरिक समस्याहरू**

| शारीरिक समस्या | संख्या | प्रतिशत |
|---|---|---|
| काटेको | १५ | ३० |
| मर्केको | १२ | २४ |
| पोल्ने (डढाएको) | ७ | १४ |
| हड्डि भाँचिएको | ५ | १० |
| दाँत भाँचिएको | ३ | ६ |
| अन्य | ८ | १६ |
| जम्मा | ५० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

तालिका नं. ३ अनुसार शारीरिक हिंसाका कारण शारीरिक समस्या भोगेका महिलाहरू मध्ये काटेको ३०%, मर्केको २४%, पोल्ने (डढाएको) १४%, हड्डि भाँचिएको १०%, दाँत भाँचिएको ६% रहेको पाइयो भने अन्य तर्फ १६% रहेको थिए । अन्यमा समस्या भोग्नेमा धेरै कुटपिट गरेका कारण खुट्टा सुनिएको, शरिर सुनिएको, अनुहारमा निलडाम भएको, फुलेको र भातले पोलेको भन्ने बताएको पाइयो ।

### ४.४ हिंसा सहनुका कारणहरू

महिलाहरूमा हुने विभिन्न प्रकारका हिंसाहरू सहन नसकिने खालका भएता पनि अध्ययन क्षेत्रका महिलाले विभिन्न कारणले गर्दा हिंसा सहेर बसेको पाइयो । जब हिंसाले उग्र रूप लिन थालेपछि मात्रै कसैकसै विभिन्न संस्था वा निकायमा उजुरी गरेको बताए ।

महिलाहरू हिंसा सहनुका कारणहरूमा श्रीमानले अर्को विवाह गर्ने वा छोड्ने डरले, घरपरिवारको डरले, समाजले केही भन्लाकि भन्ने डरले, आफ्नो आयआर्जनको स्रोत नभएको कारणले, बच्चाहरूको भविष्य बिग्रने डर आदि कारणले गर्दा हो भन्ने पाइयो । जसलाई तलको तालिकाबाट देखाइएको छ ।

**तालिका नं. ४ : हिंसा सहनुका कारणहरू**

| हिंसा सहनुका कारणहरू | संख्या | प्रतिशत |
|---|---|---|
| बच्चाहरूको भविष्य | १३ | २६ |
| श्रीमान, घर परिवारको डरले | २१ | ४२ |
| महिलाको आयको स्रोत नभएर | ७ | १४ |
| समाजको डरले | ९ | १८ |
| जम्मा | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

तालिका नं. ४ अनुसार हिंसा सहनुका कारणहरूमध्ये सबैभन्दा बढि श्रीमानको डर (छोड्ला वा अर्को विवाह गर्ला) ले ४२%, महिलाहरूले हिंसा सहेर बसेको भेटियो । त्यसैगरि २६% ले आफ्नो बच्चाहरूको भविष्य राम्रो हुन्छ भन्ने आशाले तथा छोराछोरीको भविष्य अन्धकार नहोस् भन्ने कारणले जस्तै समस्या परेपनि सहेको बताए । १८% ले समाजको डरले चुपचाप हिंसा सहेको, १४% महिलाले आफ्नो आयस्रोतको बाटो नभएका कारण विभिन्न हिंसा सहेको पाइयो । महिलाहरूको आफ्नो बलियो आम्दानिको स्रोत नभएका कारण सानो सानो कुराको लागि पनि पुरुषसँग हात फैलाउन बाध्य भएका कारण उनीहरूप्रति हिंस्रीत व्यवहार देखाएको पाइयो । जसको कारणले महिलाहरू शारीरिक तथा मानसिक हिंसा सहनु परेको छ । अन्ततः अध्ययन क्षेत्रका महिलाले विभिन्न बाध्यात्मक कारणले गर्दा हिंसा सहेको पाइयो ।

### ४.५ महिलाको परिवारको किसिम र हिंसाको अवस्था

सम्बन्धित अध्ययन क्षेत्रका महिलाहरू एकल तथा संयुक्त परिवारमा बसेको पाइयो ।

#### ४.५.१ परिवारको प्रकार

हाम्रो समाजमा तीन किसिमका परिवार पाइन्छन्: एकल परिवार, संयुक्त परिवार र वृहत । ती मध्ये यस अध्ययनमा एकल र संयुक्त गरी २ प्रकारका परिवार मात्र पाइयो ।

**एकल परिवार**

आमा, बाबु र तिनका अविवाहित छोराछोरीहरू मिलेर बनेको परिवारलाई एकल परिवार भनिन्छ । समाज आधुनिकता तर्फ उन्मुख हुँदै जाँदा नेपालमा यस किसिमको परिवारको संख्या बढ्दै गएको छ ।

**संयुक्त परिवार**

यस किसिमको परिवारमा एकल परिवारमा हुने सदस्यका आतिरिक्त हजुरबा, हजुरआमा, काका, काकी, अविवाहित दिदी, फुपू, नाति, नातिनी समेत रहेका हुन्छन् । यस्तो परिवार जेष्ठ सदस्य वा जेष्ठ पुरुष सदस्यको नियन्त्रण र निर्देशनमा चल्छ ।

प्रस्तुत अध्ययनमा उत्तरदाताको परिवारको किसिमलाई पनि हेरिएको छ । अध्ययनमा संलग्न उत्तरदाता महिलाको परिवारको किसिम अनुसार उनीहरूले भोग्नु परेको हिंसाको विवरणलाई तालिका  मा देखाइएको छ ।

**तालिका नं. ५: महिलाको परिवारको किसिम र हिंसाको अवस्था**

| परिवारको किसिम | संख्या | हिंसा पीडित | प्रतिशत |
|---|---|---|---|
| एकल परिवार | १३ | १७ | ३४ |
| संयुक्त परिवार | ३७ | ३३ | ६६ |
| **जम्मा** | ५० | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

तालिका नं. ५ अनुसार अध्ययन क्षेत्रमा एकल परिवारमा जम्मा ३४ प्रतिशत हिंसा पीडित भेटियो भने संयुक्त परिवारमा ६६ प्रतिशत हिंसा पीडित भेटियो । तसर्थ यी दुई

किसिमको परिवारमा महिला हिंसाको अवस्थालाई हेर्दा एकल परिवारमा बस्नेले भन्दा संयुक्त परिवारमा बस्नेले बढी हिंसा भोग्नु परेको देखिन्छ । संयुक्त परिवारमा घर चलाउनेदेखि लिएर खाने लाउने कुरामा समेत सबै सदस्यहरूको चित्त बुझाउन नसकिने र ती सदस्यहरू वीच मनमुटाव भइरहने कारणले गर्दा एकल परिवारको तुलनामा संयुक्त परिवारका महिलाहरू बढी हिंसाको सिकार भएको पाइयो ।

### ४.५.२ परिवारबाट मानसिक हिंसामा परेका उत्तरदाता महिलाहरू

अध्ययन क्षेत्रमा रहेका महिलाहरूप्रति घर परिवारबाट मानसिक रूपमा पिडा दिएको पाइयो जसमा माइती घरको सदस्यालाई गाली गरेर, महिलाको चरित्र माथि दाग लगाएर, सौता ल्याउछु भनी डर, त्रास, धम्की देखाएर, दाइजो नल्याएको भनी गाली गरेको भेटियो । जसलाई तलको तालिकाबाट प्रस्तुत गर्न सकिन्छ ।

**तालिका नं. ६: परिवारबाट मानसिक हिंसामा परेका उत्तरदाता महिलाहरू**

| मानिसक हिंसा (परिवारवाट) | संख्या | प्रतिशत |
|---|---|---|
| तपाइको माइती घरको सदस्यलाई गाली गरेर | ११ | २२ |
| तपाइको चरित्रमाथि दाग लगाएर | ८ | १६ |
| सौता ल्याउछु भनी डर, त्रास धम्की देखाएर | ७ | १४ |
| दाइजो नल्याएको भनी गाली गरेर | ६ | १२ |
| अनपढ, अशिक्षित, बाझी आइमाई भनेर | ९ | १८ |
| अन्य | ९ | १८ |
| जम्मा | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

तालिका नं. ५ अनुसार उत्तरदाता महिलाहरू मध्ये ११ जना अर्थात २२ प्रतिशतलाई माइती घरको सदस्यलाई गाली गरेर, चरित्र माथि दाग लगाएर १६ प्रतिशत महिला रहेका थिए । सौता ल्याउँछु भनी डर, त्रास धम्की दिन्छन भन्ने महिला १४ प्रतिशत रहेका थिए । १२ प्रतिशत महिलालाई दाईजो नल्याएको भनी मानसिक हिंसा दिन्छन् भन्ने महिला रहेका थिए । अनपढ, अशिक्षित, बाझी आइमाई भनेर मानसिक यातना पाउने महिला १८ प्रतिशत

रहेका थिए । १८ प्रतिशतले अन्यमा उत्तर दिएका थिए अन्यमा श्रीमती बिरामी भएर बस्दा रक्सी खाएर आउँदा चिन्ता पर्छ । धनीकी छोरी गरीबसँग प्रेम विवाह गरेका तर श्रीमान् सज्जन नपरेकोले माइतीको अगाडि देखाउन सानो बन्नु परेकोले मानसिक चिन्ता हुन्छ । पैसा पुऱ्याउन सकिनस् व्यवहार मलाई भनीन्स भनी कराउदा चिन्ता लाग्छ भन्नले अन्यमा जबाफ दिएका थिए ।

### ४.५.३ मानसिक हिंसाबाट मानसिक समस्या भोगेका महिलाहरू

छनोटमा परेका उत्तरदाता महिलाहरूलाई तपाइको श्रीमानले दिएको मानसिक हिंसाबाट समस्या भोग्नु परेको छ भनी प्रश्न गरीएको थियो जसमा मानसिक समस्या भोग्नु परेको महिलाहरूलाई तथ्यलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ७ मानसिक हिंसाबाट मानसिक समस्या भोगेका महिलाहरू :**

| मानसिक समस्या भोगेका महिलाहरू | संख्या | प्रतिशत |
|---|---|---|
| डर | १८ | ३६ |
| तनाव | १३ | २६ |
| आत्महत्याको सोचाइ | ७ | १४ |
| उदासिनता | १० | २० |
| आत्महत्याको प्रयास | २ | ४ |
| जम्मा | ५० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

तालिका नं. ७ अनुसार मानसिक हिंसाबाट मानसिक समस्या भोगेको उत्तरदाता महिलाहरूमा डर लाग्छ भन्ने ३६%, तनाव हुन्छ भन्ने २६%, उदासिनता हुने महिला १०%, रहेका थिए । त्यस्तै श्रीमानबाट रक्सी सेवन गर्ने, जुवातास खेली घरमा आएर मार्छु भन्ने धम्की दिंदा अब म बाँचेर के हुन्छ भनी आत्महत्याको सोचाइमा पर्ने महिलाहरू १४% रहेका थिए भने आत्महत्याको प्रयास गरी बाँच्न सफल भएका महिलाहरू ४% रहेका थिए । श्रीमानबाट सधै धम्की, पीडा दिएपछि अब बाँच्नको अर्थ नै छैन भनी विष सेवन गर्ने र घरमा झुन्डिन लाग्दा परिवारका सदस्य र छिमेकीले थाहा पाई बाँच्न सफल भएका महिलाहरू २ जना अर्थात ४% रहेका पाइयो ।

## ४.६ महिलामाथि गरिने हिंसा र हिंसाकर्ता

अध्ययनका क्रममा उत्तरदाता महिलाहरू माथि आफ्नै घर परिवारका सदस्यहरूबाट विभिन्न हिंसात्मक कार्यहरू गरिएको पाइयो । जसमा कुटपिट, गालीगलौच तथा धम्की दिने गरेको भेटियो । उत्तरदाता महिलाहरू श्रीमानबाट, सासु, ससुरा, नन्द, जेठाजु, देवर, आमाजुबाट हिंसाको शिकार भएको पाइयो । जसलाई तलको तालिकाबाट देखाइएको छ ।

**तालिका नं. ८: महिलामाथि गरिने हिंसा र हिंसाकर्ता**

| हिंसाको प्रकार | हिंसा कर्ता | संख्या | प्रतिशत |
|---|---|---|---|
| कुटपिट, गालिगलौच | श्रीमान | २१ | ४२ |
| कुटपिट, गालिगलौच | सासु | १४ | २८ |
| गालिगलौच | ससुरा, नन्द | ६ | १२ |
| कुटपिट, गालिगलौच | सौता | ४ | ८ |
| गालिगलौच, धम्की | जेठाजु, जेठानी | ३ | ६ |
| गालिगलौच, धम्की | देवर | २ | ४ |
| जम्मा | | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

तालिका नं. ८ अनुसार उत्तरदाता माथि हिंसाका पीडक पक्षको रूपमा श्रीमान, सासु, नन्द, सौता, देवर रहेका छन् । जसमध्ये लोग्नेबाट पीडित भएका महिलाहरू ४२% रहेका थिए । सासुबाट पीडित २८% रहेका थिए । ससुरा, नन्दबाट १२% रहेका थिए । सौताबाट पीडित ८% रहेका थिए । जेठाजु, जेठानीबाट पीडित भएका महिला ६% र देवरबाट पीडित ४% महिलाहरू रहेका थिए । समग्रमा हेर्दा अधिक महिलाहरू श्रीमानबाट हिंसा पीडित बनेका थिए भने सासु, ससुरा लगायत परिवारका सदस्यबाट घरको कामको विषयलाई लिएर हिंसा गरेको तथा श्रीमानलाई कुरा लगाई पिट्न लगाएको पनि बताएका थिए । श्रीमानले छोरी, छोरी पाएको भनी सौता ल्याएको र कान्छी श्रीमतीलाई आफ्नो सबै सम्पती नाममा गरिदिएको र अर्को जेठी श्रीमतीलाई सम्पती नदिएपछि सौता र श्रीमानबाट पीडित बन्नु परेको रमीला लामिछानेले बताउनु भएको थियो ।

### ४.६.१ महिलाबाट महिलामाथि हुने हिंसा

महिला र पुरुष बिच मात्र नभइ महिला महिला विच समेत भेदभाव रहेको छ । महिला महिला विचको मतभेदकै कारण लैङ्गिक समानता कायम गर्नमा समेत कठिनाई हुने कुरामा दुईमत हुन सक्दैन । त्यसैले गर्दा यस क्षेत्रमा रहेको लैङ्गिक विभेद तथा महिलाबाट नै अर्को महिलामाथि हुने हिंसालाई तलको तालिकामा देखाउन सकिन्छ ।

**तालिका नं. ९: महिलाबाट महिलामा हुने हिंसा**

| पिडक | पिडित | पिडित संख्या | प्रतिशत |
|---|---|---|---|
| सासु | बुहारी | २५ | ५० |
| नन्द-अमाजु | भाउजु बुहारी | १४ | २८ |
| सौता | सौता | ४ | ८ |
| छिमेकी | छिमेकी | ७ | १४ |
| जम्मा | | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

तालिका नं. ९ अनुसार महिलाहरू पुरुषबाट मात्र नभई महिला सदस्यबाट पनि पिडित भएको पाइयो । जसमा सासुबाट हिँसा पिडित हुनेहरूमा ५०% महिलाहरू छन् । त्यस्तै दोस्रोमा नन्द आमाजुबाट २८% महिलाहरू पिडित भइरहेका छन् । १४% महिलाहरू आफ्नै छिमेकी महिलाहरूवाट पिडित भइरहेका छन् भने ८% महिलाहरू आफ्नै सौताबाट पिडित भएको पाइन्छ ।

महिला-महिलाविचको हिंसा पुरुषहरूले गर्ने हिँसा भन्दा विकराल रूपमा लिएको पाइन्छ । परिवारमा सासु नै घरभित्रका क्रियाकलापमा सर्वेसर्वा हुने भएकोले सासुबाट बुहारीमा यस्ता हिँसा बढि हुने गरेको पाइन्छ । अध्ययन क्षेत्रमा घरको सवैकाम बुहारीलेनै गर्नुपर्ने, बुहारीको स्थान परिवारका अन्य सदस्यको तुलनामा तल्लो स्थानमा हुनुपर्ने, तथा विवाहमा प्रसस्त मात्रामा दाइजो ल्याउनु पर्ने जस्ता पुरातनवादी सोचका कारणले गर्दा सासु-बुहारी बिचको हिँसा बढी मात्रामा हुने गरेको पाइयो। भने नन्द तथा आमाजुहरूले चाँही भाउजु बुहारीको विस्वाश नगर्ने, हेला गर्ने तथा भएनभएका कुराहरू आमा तथा दाजु-भाइलाई सुनाउने गर्दछन् जसले वुहारीमाथि हिंसा उत्पन्न हुने दुखेसो शर्मिला थापाले बताउनुभयो ।

### ४.७ उत्तरदाता महिलाप्रति गरिने घरेलु हिंसाको बेलाको जानकारी

कुनै व्यक्तिलाई घर परिवार वा समाजले दिने यातना पीडा, दुःख र अमानविय व्यहारलाई घरेलु हिंसा भनिन्छ । जुन शारिरीक वा मानसिक दुवै किसिमको हुन्छ । अध्ययनको क्रममा उत्तरदाता महिलालाई तपाई प्रति गरिने घरेलु हिंसा कुन बेला देखान्छ ? भनी प्रश्न गर्दा निम्नानुसार उत्तर दिएका छन् । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १०: उत्तरदाता महिला प्रति गरिने घरेलु हिंसाको बेलाको जानकारी :**

| घरेलु हिंसाको बेलाको विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| रक्सी सेवन गरेपछि | २४ | ४८ |
| जुवातास खेलेपछि | ११ | २२ |
| लागुपदार्थ लिएपछि | ७ | १४ |
| अन्य | ८ | १६ |
| जम्मा | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

तालिका नं. १० अनुसार उत्तरदाता महिलालाई तपाई प्रति गरिने घरेलु हिंसा कुन बेला गरिन्छ भनी प्रश्न गर्दा रक्सी सेवन गरेपछि भन्ने महिला २४ जना अर्थात ४८ प्रतिशत, जुवातास खेलेपछि भन्ने महिला ११ जना अर्थात २२ प्रतिशत, लागुपदार्थ (गाजा) लिएपछि भन्ने महिला ७ जना अर्थात् १४ प्रतिशत र अन्यमा (सामान्य अवस्थामा पनि खाना मिठो नभएको निहुँमा, आमाको कुरा सुनेर, कामबाट फर्केपछि ढिलो भयो भन्ने विषयलाई लिएर झगडा गर्ने) गरेका पाइयो ।

# परिच्छेद पाँच

# महिलामा परेको हिंसाको असर

## ५.१ महिलामा परेको हिंसाको असर

महिला विरुद्धको हिंसा एउटा मुख्य सामाजिक समस्या हो भनेर पहिचान भई सकेको अवस्था छ । तथापि यस्ता अपराध विरुद्ध स्पष्ट र कार्यान्वयन गर्न सकिने किसिमको ऐन कानूनको अभाव यथावत नै छ । आजसम्म पनि महिलाहरूले आफुलाई परेको अन्यायमा पनि उचित न्याय पाउन सकेका छैनन् । सम्बन्धित निकायले अझै उचित ध्यान दिन सकेको अवस्था छैन । अध्ययन क्षेत्रका महिलाहरूले आफुलाई कसैले यौनदुर्व्यवहार गर्न खोज्यो र त्यसको प्रतिकार गर्न खोजे पनि समाजमा राम्रो प्रतिक्रिया नआउने महिलामाथि हुने हिंसात्मक घटनाहरू वस्तीकै मानिसहरू मिलेर मिलेमतो गराउने गरेको पाइयो ।

अर्कोतिर आफु काम गर्न जाने ठाउँमा विभिन्न किसिमका शारीरिक र मानसिक हिँसा हुने भएता पनि काम खोसिने डरले तथा समाजबाट वहिष्कृत समेत हुनु पर्ने डरले कुनै पनि किसिमको उजुरी दिन नचाहेको देखियो । उनीहरू अशिक्षित भएको कारणले र सल्लाह सुझाव दिने पनि कोही नभएकोले महिला सम्बन्धि कुनै पनि ऐन-कानून बारेमा थाहा नभएको पाइयो । यति सम्म कि उनीहरूमा हिंसा भइरहेको छ भन्ने कुरा समेत थाहा नभएको पनि यस अध्ययनबाट पत्ता लाग्यो । यस्तो किसिमको व्यवहारले गर्दा अध्ययन क्षेत्रका महिलाहरूमा विभिन्न किसिमका मानसिक प्रभाव परेको पाइन्छ जसले गर्दा उनीहरूमा नकारात्मक सोचाई आइ आत्मा हत्या समेत गर्न खोजेको पाइयो भने अति भएर सहन नसकेपछि कोहि अर्को विवाह गरि गएको पनि पाइएको छ ।

### १. सामाजिक असर

घरभित्रको शारीरिक, मानसिक यातनाका कारण महिलाहरू सामाजिक गतिविधिहरूमा अगाडी नसर्ने, पछौटेपन र परनिर्भरताको विकास भएको छ । आफुमाथि भएका हिंसा अन्याय पनि चुपचाप सहने वानीको विकास भएको छ । पुरातनवादी सोच, कुरीतिहरू विरुद्ध महिलाहरूमा सचेतनाको विकास हुन नसकेका कारण समाजीक विकासमा बाधा पुगेको छ ।

## २. मानसिक असर

परिवारबाटै आफुमाथि गालि वेइज्यति हुनु, अपमानित र अपहेलित हुनु पर्दा उनिहरूको मनोवल र आत्मविश्वास कमजोर हुन पुगेको, सार्वजनिक गतिविधिमा भाग नलिने गरेका साथै मानसिक रोगी वन्न पुगेको पाइयो ।

## ३. आर्थिक असर

आर्थिक विपन्नताका कारण त्यहाँका महिला हिसा पिडित हुनु परेको तथा सम्पत्तीमा महिलाको कुनै पनि अधिकार नरहेको, योग्यता,र क्षमता विकास हुन नसक्दा रातदिन ज्याला मजुरी गरेपनि आर्थिक अवस्था खासै प्रगति हुन नसकेको देखिन्छ ।

## ४.पारिवारिक असर

घरेलु हिंसाको असर हिंसापीडित महिलाको अतिरिक्त समय परिवारकै स्वास्थ्य र खुशीमा बिताएको । जसको कारण घरेलु हिंसाको भुक्तभोगी र प्रत्यक्षदर्शी बालबालिकामा दीर्घकालीन मनोबैज्ञानिक असर पर्ने, उनीहरू नै पछि घरेलु हिंसाका कारक बन्ने प्रबल सम्भावना रहेको । दुर्व्यवहार भोगेका महिलाहरू विभिन्न शारीरिक र मानसिक रोगको शिकार समेत हुने गरेको पाइयो । महिलाप्रतिको हिंसात्मक व्यवहारले गर्दा उनीहरूमा नकारात्मक सोच आइ आत्महत्या समेत गर्ने सोच आएको पाइयो ।

## ५.२ हिंसाबाट महिलाहरूमा पर्न गएको असर

अध्ययनका क्रममा हिंसाबाट महिलाहरूमा शारीरिक, मानसिक, असरहरू पर्न गएको देखिन्छ । हाम्रो समाजमा महिलाहरूले आफुलाई कसैले यौन दूर्व्यवहार गर्न खोज्यो र त्यसको प्रतिकार गर्न खोजे पनि समाजमा राम्रो प्रतिक्रिया नआउने , महिलामाथि हुने हिंसात्मक घटनाहरू स्थानिय तवरमा नै मानिसहरू मिलेर मिलेमतो गराउने गरेको कारण महिलाहरूमा घरेलु हिंसाले नकरात्मक असर पारेको पाइयो । महिलाले हिंसा विरुद्ध आवाज उठाउदा घरबाट नै निकालिएको अवस्था छ जसले गर्दा उनीहरू घरपरिवार त्यागि छुट्टै बस्नु परेको अवस्था छ । कतिपय अवस्थामात उनीहरूले मानसिकता समेत गुमाउनु पर्ने स्थिति आएको पाइन्छ । हिंसाबाट महिलाहरूमा पर्न गएको असरलाई तलको तालिकाबाट देखाउन सकिन्छ ।

तालिका नं. ११: हिंसाबाट महिलाहरूमा पर्न गएको असर

| हिंसाको प्रकार | हिंसाबाट पर्न गएको असर | संख्या | प्रतिशत |
|---|---|---|---|
| बलात्कार | शारीरिक | ३ | ६ |
| ज्यान मार्ने धम्की | मानसिक | ४ | ८ |
| कुटपिट, गालि | शारीरिक, मानसिक | ४१ | ८२ |
| गर्भपतन | शारीरिक, मानसिक | २ | ४ |
| जम्मा | | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

तालिका नं. ११ अनुसार उत्तरदाता महिलाहरूमा बलात्कारका कारण शारीरिक पिडा सहेका महिलाहरू ६ प्रतिशत रहेका छन् । ज्यान मार्ने धम्कीका कारण मानसिक पीडा पाएका महिलाहरू ८ प्रतिशत छन् भने कुटपिट, गालिका कारण शारीरिक, मानसिक पीडा पाएका महिलाहरू ८२ प्रतिशत रहेको पाइयो । त्यस्तै गर्भपतनका कारण शारीरिक, मानसिक पिडा पाएका महिलाहरू जम्मा ४ प्रतिशत रहेको पाइयो । यसरी अध्ययनका क्रममा उक्त अध्ययन क्षेत्रका अधिकांश महिलाहरूमा रातमा निन्द्रा नपर्ने, टोलाउने, डराउने जस्ता असरहरू परेको भेटियो ।

उक्त क्षेत्रका महिलाहरू अशिक्षीत भएका कारण र आफुसँग कुनैपनि आयस्रोतका बाटो नभएकाले हिंसात्मक कार्यहरूप्रति उजुरी दिन नचाहेको, तथा दिएता पनि आफ्नै घरपरिवारको बारेमा बोल्दा समाजबाट हेलित हुने डरले नदिएको बताए । हिंसा विरुद्ध आवाज उठाउने कार्य हिंसा सहनु भन्दा पनि कठिन हुने भनाइ उनीहरूको भेटियो भने कतिपयले हिंसात्मक घटना भएको बेला रोएर बस्ने तथा अति भएपछि आत्महत्या गर्ने प्रयाससमेत गरेको पाइयो ।

## ५.२ महिलामा परेको सामाजिक तथ आर्थिक हिंसाको प्रभाव

एक्काइसौं सताब्दिको युगमा पनि नेपाली समाजमा महिला विरुद्धको हिंसा जारी नै छ । निति निर्माण तथा राननितीमा महिलाको कम प्रभावका कारण ती समस्याहरूको प्रभावकारी सम्वोधन हुन भने सकेको छैन । अनेकौ खालका अन्धविश्वास, गरिबी, अशिक्षा र पछौटेपनले गर्दा नेपाली समाजमा छोरीहरूलाई देविका रूपमा पुजा गर्ने र बुहारीलाई दासिका रूपमा व्यवहार गर्ने मानसिकता विद्यमान छ । समाजमा रहेका परम्परावादि सोच, चिन्तन तथा दृष्टिकोणले समेत महिला अगाडि बढ्न सकिरहेका छैनन् । नेपाली समाजमा महिलाहरू दबिएर पिल्सीएर पिडित भएर बस्न बाध्य छन् । महिलाहरू समाजमा मात्र नभएर आफ्नै घर तथा परिवारबाट नै हिंसाको सिकार भएका छन् ।

हरेक समाजमा रहेको व्यक्तिको सामाजिक प्रतिष्ठा उसको आर्थिक स्थितिले औल्याउने गरेको पाइन्छ । भने यहि आर्थिक अवस्थानै महिलाको कमजोर भएका करणले गर्दा उनीहरू घर परिवारका श्रीमान, सासु ससुरा, नन्द, आमाजु, देवर, सौता आदिबाट विभिन्न प्रकारका हिंसाहरू जस्तै : कुटपिट, बलात्कार, गालि, जर्वजस्ती यौन दूर्व्यवहार गर्ने, चारी र झुठा आरोप लगाउने जस्ता शारीरिक र मानसिक यातनहरू दिने गरेको पाइन्छ । यस्ता व्यवहारले गर्दा महिलाको सामाजिक, आर्थिक, शैक्षीक अवस्था हराएर गएको छ ।

### ५.२.१ अध्ययन क्षेत्रका महिलाको सामाजिक आर्थिक अवस्थाको विवरण

महिलाहरू आर्थिक रूपले कमजोर भएकोले आफ्नो दैनीक गुजारा गर्न विभिन्न खालका पेशा अपनाएको पाइयो । त्यसैले यहाँको महिलाहरूको मुख्य आम्दानीको स्रोतको रूपमा कृषिलाई लिएका छन् भने अन्य पेशाका रूपमा जागिर, ब्यापार, व्यवसाय गर्दै आएका छन् । उनीहरूको मुख्य पेशाको रूपमा ज्याला मजदुरी तथा अन्य काममा अरुको घरमा गएर काम गर्नु, सिलाई कटाई गर्ने, सानातिना पसल गर्ने, र सहायक काममा कुखुरा पालन, बंगुरपालन पनि गर्ने गरेका पाइन्छ । प्रस्तुत अध्ययनमा उत्तरदाताहरूको आर्थिक अवस्था जान्नको लागी उत्तरदाताको परिवारको आम्दानीको मुख्य स्रोतलाई तलको तालिका प्रस्तुत गरिएको छ ।

तालिका नं. १२: पेशाको आधारमा महिलाहरूको कामको विवरण र हिंसाको प्रकार

| महिलाहरूको कामको विवरण | शारिरीक हिंसा | मानसिक हिंसा | यौनजन्य हिंसा | प्रतिशत |
|---|---|---|---|---|
| कृषि | ५ | ९ | ३ | ३४ |
| ज्यालादारी | ३ | २ | ४ | १८ |
| ब्यापार | २ | ४ | १ | १४ |
| ब्यवसाय | २ | २ | २ | १२ |
| जागिर | २ | १ | १ | ८ |
| गृहणी | २ | ४ | १ | १४ |
| जम्मा | १६ | २२ | १२ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

तालिका नं. १२ अनुसार उत्तरदाता महिला मध्ये कृषि पेशामा लागेको महिला अधिक पाइयो । जसमा १७ जना अर्थात ३४ प्रतिशत रहको छन् यसमा पनि उनीहरू काम गर्न जाँदा यौन दूर्व्यवहार सहनु परेको कुरा अध्ययन क्षेत्रका महिलाहरूले बताए । साहुको मेलामा गई ज्यालादारीको रूपमा काम गर्ने महिलाहरू ९ जना अर्थात १८ प्रतिशत छन् । किराना पसल, कपडा पसल चलाउने जस्ता ब्यापार गर्दै आएका महिला ७ जना अर्थात १४ प्रतिशत रहेका छन् । त्यस्तै होटलमा चिया, नास्ता, खाना बनाएरू व्यवसाय चलाईने महिला ६ जना अर्थात १२ प्रतिशत रहेका छन् यहि व्यवसायका कारणले गर्दा उनीहरूलाई साउनी, तथा होटलवालि भन्ने विभिन्न नाम तथा उपनाम दिएर जिस्काउने गरेको बताए । यस अध्ययन क्षेत्रमा महिलाहरू कम शिक्षीत भएका कारण जागिर गर्ने महिला ५ जना अर्थात १० प्रतिशत रहेको पाइयो । त्यस्तै घरको काम गृहणीको रूपमा बस्ने ७ जना अर्थात १४ प्रतिशत रहेको पाइयो । जसमा पेसाको रूपमा विभिन्न ठाउँमा गई काम गर्दा विभिन्न प्रकारका हिंसात्मक व्याहार सहनु परेको जानकारी भयो ।

## ५.२.२ जातिगत आधारमा महिलाहरूको विवरण

यस अध्ययनमा अध्ययन क्षेत्रका रूपमा दक्षिणकाली नगरपालिका वडा नं. ७ को फर्पिङ्ग गाउँमा  कुन-कुन जातिका मानिसहरू छन् र कुन जातिहरूको वर्चस्व बढि मात्रामा

छ भनेर यस अध्ययन गर्न खोजिएको छ यस अध्ययनमा जातजातिगत आधारमा उत्तरदाता महिलाहरूको अध्ययन गर्न खोजिएको छ जसलाई तलको तालिका प्रस्तुत गरिएको छ ।

**तालिका नं. १३ः उत्तरदाता महिलाहरूको जातिगत विवरण**

| जातजाति | संख्या | प्रतिशत |
|---|---|---|
| ब्राम्हण | ११ | २२ |
| गुरुङ | ७ | १४ |
| दमाई | २ | ४ |
| सार्की | २ | ४ |
| नेवार | ९ | १८ |
| क्षेत्री | ३ | ६ |
| तामाङ | १० | २० |
| मगर | ६ | १२ |
| जम्मा | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

तालिका नं. १३ अनुसार उत्तरदाता महिलाहरूमा ब्राम्हण, गुरुङ्ग, नेवार, क्षेत्री, दमाई, सार्की, तामाङ, मगर जातजाति अर्न्तगतका महिला रहेका छन । जसमा ब्राम्हण जाति अर्न्तगत महिलाहरूको संख्या ११ जना अर्थात २२ प्रतिशत रहेका छन् । गुरुङ जाति अर्न्तगतका महिला ७ जना अर्थात १४ प्रतिशत, दमाई जाति अर्न्तगत २ जना अर्थात ४ प्रतिशत रहेका छन् । सार्की जाति अर्न्तगत २ जना अर्थात ४ प्रतिशत रहेका छन् । त्यस्तै गरी नेवार जाति अर्न्तगत ९ अर्थात जना गरी १८ प्रतिशत रहेका छन् भने तमाङ जाति अर्न्तगत १० जना अर्थात २० प्रतिशत र मगर जाति अर्न्तगत ६ जना अर्थात १२ प्रतिशत रहेका छन् ।

यस अध्ययन अनुसार सबैभन्दा बढि हिंसा भोग्नेमा दलित जातहरू रहेको पाइयो । जसमा दिनभर अरुको काम गर्ने र साँझ रक्सी सेवन गरि सानो तिनो कुरामा झगडा गर्ने, ब्राम्हणजातिमा भने महिलालाई घरको चार दिवारभित्र मात्र सिमित गर्ने, केही बोलेमा पोथि

बासेको ठिक हुन्न भन्ने तथा सानो कुरामा पनि महिलालाई दोष लगाइ पिट्ने गरेको पाइयो ।

### ५.२.३ महिलाहरूको धार्मिक विवरण

अध्ययनका क्रममा महिलाहरूको धार्मिक विवरणलाई हेरिएको थियो । नेपालमा विभिन्न धर्म मान्ने मानिसहरूको बाहुल्यता रहेको पाइन्छ । यसै क्रममा प्रस्तुत अध्ययन क्षेत्रमा पनि हिन्दु, वौद्ध, क्रिश्चियन आदि धर्म मान्ने महिला छनोटमा परेका छन् । जसलाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १४: उत्तरदाता महिलाहरूको धार्मिक विवरण**

| धर्म | संख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | २८ | ५६ |
| बौद्ध | १७ | ३४ |
| क्रिश्चियन | ५ | १० |
| जम्मा | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

तालिका नं.१४ अनुसार उत्तरदाता महिलामा हिन्दु, बौद्ध, क्रिश्चियन धर्म मान्ने रहेका छन् । जसमा सबैभन्दा धेरै हिन्दु धर्म मान्ने महिलाहरू ५६ प्रतिशत छन । त्यसपछि बौद्ध धर्म मान्ने महिलाहरू ३४ प्रतिशत र क्रिश्चियन धर्म मान्ने महिला १० प्रतिशत रहेका छन् । नेपाल हिन्दु धर्ममा आधारित भएकाले नै महिलाहरू पुरुषको अधिनमा बस्नुपरेको तथा हिंसात्मक व्यवहार सहनुपरेको पाइयो । पिडित महिलाहरू हिन्दु धर्म मान्ने मात्र नभएता पनि अरु धर्ममा पनि पुरुषलाईनै बढि मान्यता दिएका कारण हिंसाको अवस्था उस्तै नै भेटियो ।

### ५.२.४ महिलाहरूको शैक्षिक विवरण

शिक्षाले नै मानिसको भविष्य उज्जवल अप्ठयारा परिस्थितीसँग जुध्न सक्ने एउटा बलियो हतियार हो । त्यसैले एउटा उन्नत सभ्य समाज स्थापनाको लागी महिला शिक्षाको

पनि त्यतिनै आवश्यकता पर्दछ । विगतको तुलनामा हाल आएर शिक्षाको महत्त्व प्रति नेपाली समाज सचेत हुन थालेको छ तर पनि अझै ग्रामिण क्षेत्रमा शिक्षाको अवसरबाट बन्चित हुनु परेका स्थिती देखिन्छ । जसमा पनि विशेष गरि महिलानै पछि परेको देखिन्छ । प्रस्तुत अध्ययनमा उत्तरदाता महिलाहरूको शैक्षिक अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १५: उत्तरदाता महिलाहरूको शैक्षिक विवरण र हिंसाको प्रकार**

| शैक्षिक विवरण | शारिरीक हिंसा | मानसिक हिंसा | यौनजन्य हिंसा | प्रतिशत |
|---|---|---|---|---|
| अशिक्षित | ९ | ५ | ४ | ३६ |
| सामान्य शिक्षित (साक्षर) | ४ | ३ | २ | १८ |
| प्रा.वि. तह (१-५) | ३ | २ | १ | १२ |
| नि.मा.वि तह (६-८) | ४ | ३ | १ | १६ |
| माध्यमिक तह (९-१०) | १ | ३ | १ | १० |
| उच्च मा.वि तह | १ | १ | १ | ६ |
| स्नातक तह | - | १ | - | २ |
| जम्मा | २२ | १८ | १० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

तालिका नं. १५ अनुसार उत्तरदाता महिलाहरूको शैक्षिक अवस्थालाई हेर्दा शिक्षाको पहुँचबाट अझै टाढा रहेको पाईन्छ । जसमा सबैभन्दा धैरै अशिक्षीत नै रहेको छ जुन ३६ प्रतिशत रहेको छ । अशिक्षीत भएकै कारणबाट उनीहरूले विभिन्न प्रकारका शारिरीक, मानसिक तथा यौनजन्य हिंसा सहनु परेको पाइयो । सामान्य शिक्षीत वा आफ्नो नाम लेख्न र अलि अलि अक्षर चिनेका महिलाहरू १८ प्रतिशत रहेका छन् । त्यस्तै प्रा.वि. तहसम्म पढ्ने १२ प्रतिशत, नि.मा.वि तहसम्ममा पढ्ने १६ प्रतिशत र माध्यमिक तहसम्ममा पढ्ने महिलाहरू जम्मा १० प्रतिशत रहेका छन् । भने उच्च मा.वि तहमा ६ प्रतिशत महिलाहरूले अध्ययन गरेको भेटियो । त्यसैगरि सबैभन्दा कम २ प्रतिशत महिलाले मात्र स्नातक तह पुरा गरेको पाइयो । जसमा पनि अध्ययन क्षेत्रमा शिक्षीत महिलाको तुलनामा अशिक्षीत महिलानै

विभिन्न प्रकारका हिंसाबाट पिडित भएको देखियो । अध्ययन क्षेत्रमा अवस्थित सविता खत्री (नाम परिवर्तन) घरको आर्थिक कारण र छोरीले पढ्नु हुन्न भन्ने मान्यताले आफु पढ्न नपाएको बताउदै आफु नपढेपनि आफ्नो छोराछारीलाई चाहेअनुरूपको पढाउने गुनासो सुनाउनु भयो ।

### ५.२.५ महिलाहरूको वैवाहिक विवरण

अध्ययनका क्रममा उक्त क्षेत्रमा विवाहिता महिलालाई नै उत्तरदाताको रूपमा लिइएको थियो । उनीहरूको वैवाहिक स्थितिलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. १६: उत्तरदाता महिलाहरूको वैवाहिक विवरण**

| वैवाहिक स्थिति | संख्या | प्रतिशत |
|---|---|---|
| एकल | ६ | १२ |
| विवाहित | ४३ | ८६ |
| सम्बन्ध विच्छेद | १ | २ |
| जम्मा | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

तालिका नं. १६ अनुसार उत्तरदाता महिलाहरूमा एकल रूपमा बस्दै आएका महिलाहरू १२ प्रतिशत रहेको छ । विवाहित महिलाहरू ८६ प्रतिशत रहेका छन् भने श्रीमानले रक्सी सेवन गरि हिंसात्मक व्यवहार गरेका कारण सम्बन्ध विच्छेद गरेर छुट्टै बस्दै आएको महिला २ प्रतिशत पाइयो । सानै उमेरमा विवाह गरेर बालबच्चा पाइसक्दा सम्ममा पनि उनीहरूले घरपरिवार तथा श्रीमानबाट अपहेलना सहनुपरेको विवरण प्राप्त भयो । यसरी आफ्नो आमा बाबुको घर छोडेर श्रीमानको घरमा बस्नुपर्ने बाध्यताले गर्दा हाम्रो समाजमा महिलाहरूको सामाजिक, आर्थिक अवस्थामा सुधार आउन नसकेको तथा त्यस्ता क्रियाकलापले महिलाहरूमा मानसिक असर परेको पाइन्छ ।

### ५.२.६ महिलाहरूको विवाह हुँदाको उमेरको विवरण

अध्ययनका क्रममा उत्तरदाता महिलाहरूको वैवाहिक उमेरका बारेमा पनि अध्ययन गरिएको थियो । उत्तरदाता महिलाहरूले कति कति वर्षको उमेरमा विवाह गरेको रहेछ भनि जानकारी लिएको थियो । जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. १७: महिलाहरूको विवाह हुँदाको उमेरको विवरण**

| विवाह हुँदाको उमेरका | संख्या | प्रतिशत |
|---|---|---|
| १०-१५ | ५ | १० |
| १५-२० | २३ | ४६ |
| २०-२५ | ११ | २२ |
| २५-३० | ९ | १८ |
| ३०-३५ | २ | ४ |
| जम्मा | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

तालिका नं. १७ अनुसार उत्तरदाता महिलाहरूमा १०-१५ वर्षको उमेरमा विवाह गर्ने महिलाहरू १० प्रतिशत रहेका छन् । १५-२० वर्षको उमेरमा विवाह गर्ने महिलाहरू ४६ प्रतिशत रहेका छन् जुन सबैभन्दा धेरै रहेको छ । त्यस्तै २०-२५ वर्षको उमेरमा विवाह गर्ने महिलाहरू २२ प्रतिशत, २५-३० वर्षको उमेरमा विवाह गर्ने महिलाहरू १८ प्रतिशत रहेका छन् ।

अशिक्षा तथा रुढिबादी हाम्रो समाजमा अझैपनि छोरीहरूलाई अर्काको घर जाने जातको रूपमा लिइ चाडैनै विवाह गरेर पठाइन्छ । जसको कारणले गर्दा महिलाहरूमा शिक्षाको कमि हुन गइ आफ्नै घर परिवार, श्रीमानबाट अपहेलित हुन बाध्य भएको पाइन्छ । जसमा पनि सानै उमेरमा आमा बन्नु, आर्थिक रूपमा कमजोर हुनु आदि कारणले महिलाहरू बढि मात्रामा घरेलु हिंसाको सिकार हुन पुगेको पाइन्छ ।

### ५.२.७ महिलाको दाईजो सम्बन्धि विवरण

हाम्रो नेपाली समाजमा दिन प्रतिदिन दाईजो सम्बन्धि विभिन्न घटनाहरू घट्ने क्रम बढ्दो छ जसमा दाइजो नल्याएको भनि पिट्ने कुट्ने जलाउने आदि जस्ता हिंसात्मक कार्य महिलामाथि हुने गरेको पाइन्छ । आफ्नो इच्छा नभएपनि अरुको लागि देखाउन भने पनि दइजो ल्याएको पाइयो । अध्ययनका क्रममा महिलाहरूलाई उनीहरूले विवाह गर्दा दाईजो लिए नलिएको बारेमा सोधिएको थियो । जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. १८: महिलाको दाईजो सम्बन्धि विवरण**

| दाईजो लिए नलिएको विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| दाईजो नलिएका | ७ | १४ |
| दाईजो लिएको | ४३ | ८६ |
| जम्मा | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

तालिका नं. १८ अनुसार उत्तरदाता महिलाहरू मध्ये जम्मा १४ प्रतिशतले दाइजो नल्याएको पाइन्छ । जसमा उनीहरूको आर्थिक अवस्था कमजोरका कारण भएको पाइयो भने दाइजो नल्याएको निहुमा दिनरात सासुको गालि खानु परेको कुरा उत्तरदाता सीता परियार (नाम परिवर्तन) ले बताउनुभयो । विवाह गरि आउदा जाइजो लिएर आएकोमा सबैभन्दा धेरै ८६ प्रतिशत पाइयो । जसमा कति महिलाले आफ्नो ईच्छाले ल्याएको बताए भने कतिले रितीअनुसार तथा कतिले समाजको डरले ल्याएको पाइयो । यति हुँदा हुदै पनि अझै महिलाहरू घरपरिवारको हिंसात्मक व्यवहारबाट टाढा रहन नसकेको पाइयो ।

### ५.३ महिला अधिकार र नियम कानून

हाम्रो नेपाली समाजमा महिला हक हितको निम्ति बनाइएका कानुनको वारेमा पिडक तथा पीडित दुवै पक्षलाई जानकारी नहुदा यस अध्ययन क्षेत्रका महिलामाथि घरेलु हिंसाका घटना वढी रहेको देखिन्छ । महिला सम्वन्धी व्यवस्था गरिएका कानुनी व्यवस्थाका

बारेमा उत्तरदाता महिलाहरूमा गरिएको जानकारीको अवस्थाका सम्वन्धमा गरिएको स्थलगत अध्ययनबाट प्राप्त विवरणलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. १९ : महिला अधिकार र नियम कानून**

| शीर्षक | संख्या | प्रतिशत |
|---|---|---|
| महिला अधिकार र कानून सम्बन्धि थाहा छ | २ | ४ |
| महिला अधिकार र कानून सम्बन्धि अलि अलि मात्र  थाहा छ | ९ | १८ |
| महिला अधिकार र कानून सम्बन्धि थाहा छैन | ३९ | ७८ |
| जम्मा | ५० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

तालिका नं. १९ अनुसार अधिकांश उत्तरदाता महिलाहरू अशिक्षित भएका कारण ७८ प्रतिशत महिलालाई कुनै पनि महिला अधिकार र कानून सम्बन्धि कुनै पनि व्यवस्था थाहा नभएको पाइयो १८ प्रतिशत महिलाहरूलाई अलि अलि जानकारी भएको पाइयो । यसरी उत्तरदाता महिलाहरूबाट तथ्याङ्क संकलन गर्दा कानून सम्बन्धि सामान्य ज्ञान मात्र जानकारी भएको र उक्त कुरा पनि टि.भि. तथा रेडियोबाट मात्र सुनेको पाइयो । उनीहरू गरिव तथा अशिक्षित र कुनै पनि ठाउँमा आफ्नो पहुँच नपुगेको कारणले गर्दा महिलाहरूको लागि पनि कानून बनाउनु पर्छ भन्ने कुनै पनि किसिमको ज्ञान नभएको पाइयो

### ५.३.१ गर्भपतन सम्बन्धि महिला अधिकारको अवस्था

अध्ययन क्षेत्रका महिलाहरूको गर्भपतनमा उनीहरूको निर्णयको वारेमा प्रश्न गर्दा गर्भ पतनको अधिकार दिनु हुन्छ वा हुन्न भन्दा उनीहरूवाट प्राप्त विवरणलाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका नं. २० : महिला र गर्भपतन अधिकार**

| शीर्षक | संख्या | प्रतिशत |
|---|---|---|
| गर्भ पतनको अधिकार दिनु हुन्छ | १९ | ३८.०० |
| गर्भ पतनको अधिकार दिनु हुन्न | १० | २०.०० |
| पश्चिमी छाडा संस्कृति भित्रिन्छ | ८ | १६.०० |
| उत्तर नदिने /थाहा नभएको | १३ | २६.०० |
| जम्मा | ५० | १००.०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

तालिका नं. २० अनुसार महिलाहरूलाई गर्भपतन गर्न दिनु हुन्छ अथवा हुँदैन भनी जानकारी लिन खोज्दा अधिकार दिन हुन्छ भन्नेहरू ३८% महिलाहरू रहेका छन् भने अधिकार दिनु हुन्न भन्नेमा २०% महिलाहरू रहेका छन् । त्यसैगरी यहि प्रश्न सोध्दा गर्भ पतनबारे थाहा नभएको र उत्तर नदिने महिलाहरू २६% र महिलाहरूलाई यस्तो अधिकार दिएमा समाजमा नकारात्मक र पश्चिमी छाडा संस्कृति भित्रिन्छ भन्नेहरू १६% रहेको पाइयो । यसबाट के कुरा प्रष्ट हुन्छ भने केही शिक्षित वा देखे-सुनेका महिलाहरू गर्भपतन गराउन पाउनुपर्छ भन्ने विचार व्यक्त गर्दछन् भने अन्यले चाँहि यो पाप हो र यसो गरेमा मरेपछि नरकमा पुगिन्छ साथै समाजमा छाडा संस्कृति भित्रिन्छ भन्ने मान्यता रहेको पाइयो ।

हाल आएर विश्वमा नै गर्भपतन वा भ्रुण हत्या गर्ने प्रचलन दिन प्रतिदिन बढिरहेको छ । पितृसत्तात्मक समाज भएका कारणले हरेक पुरुषले छोराको चाहना गरेका हुन्छन् जसको मूख्य कारण आफ्नो वंशलाई अगाडि बढाउनु हो । त्यसले गर्दा पनि समाजमा गर्भपतन भन्ने शब्द दिन प्रतिदिन लोकप्रिय हुँदै गइरहेको छ । यसले गर्दा अहिले हरेक परिवारमा पारिवारिक कलह एवं हिंसाहरू वृद्धि हुँदै गएका छन् । छोराको चाहनामा हरेक दिन महिलाहरूले घरेलु हिंसा, शारिरिकहिंसा वा मानसीक हिंसाका शिकार हुन पुगेका छन् । यसले समाजमा विकृति पनि भित्राएको छ । अहिले समाजमा विवाह नगरीकन नै गर्भवती भएमा गर्भपतन गराउने र विवाहितहरूमा पनि छोरा-छोरीको लिङ्ग पहिचान गरी छोरी भएमा गर्भपतन गराउने र छोरा भएमा गर्भ राख्ने चलन बढेको पाईन्छ ।

### ५.४ हिंसा सम्बन्धि उजुरीको विवरण

अध्ययनका कममा उत्तरदाता महिलाहरूसँग आफुले पाएको हिंसाको विरुद्ध उजुरी गर्नु भयो कि भएन भनि प्रश्न गर्दा उत्तरदाता महिलाहरूबाट आएको उत्तरलाई लिइएको छ । जसमा धेरै महिलाहरू हिंसाको सिकार भएको तर उजुरी भने नगरेको पाइयो । जसको कारण घर, परिवार र छोराछोरीको भविष्य तथा आफ्नो आयस्रतको कुनै बाटो नभएको कारणले गर्दा आफुमाथि जस्तोसुकै हिंसा भएता पनि कसैलाई नभनि बसेको पाइयो । जसलाई तलको तालिकामा देखाइएको छ ।

तालिका नं. २१ : हिंसाको उजुरी गरे नगरेको विवरण

| हिंसाको उजुर | संख्या | प्रतिशत |
|---|---|---|
| गरेका | ११ | २२ |
| नगरेका | ३९ | ७८ |
| जम्मा | ५० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

तालिका नं. २१ अनुसार उत्तरदाता महिलाहरू मध्ये ७८ प्रतिशत महिलाहरूले आफुमाथि भएको हिंसा कसैलाई नभनेको वा कतै उजुरी नगरेको बताएका थिए । हिंसाको उजुरी गर्नेमा २२ प्रतिशत पाइयो जसमा उनीहरू अलि शिक्षीत तथा हिंसा सहदा झन हिंसा बढ्ने डरले उजुरी गरेको बताए । महिलाहरूले हिंसाको उजुरी गर्ने क्रममा कतिपय अवस्थामा आफ्नो ज्यानको परवाह नगरी गरेका थिए ।

आजको जस्तो युगमा पनि महिलाहरू परिवार छरछिमेक तथा समाजबाट पिडित भइ बाच्नुपर्ने अवस्था रहेको छ । समाज तथा देशमा महिलाको हक अधिकार को बारेमा विभिन्न कार्यक्रम हुदा समेत त्यसमा सहभागि हुन नपाउने अवस्था हाम्रो समाजमा अझै रहेको छ । श्रीमान तथा घरपरिवारबाट छुट्टिएर रहनु महिलाको लागि उनीहरूले दिएको हिंसाभन्दा बढि सहन गाह्रो हुने हुनाले विभिन्न हिंसालाई घर परिवार भित्रै राखिने गरेको पाइयो ।

### ५.४.१ उजुरीमा न्याय पाए नपाएको विवरण

महिलाको विकासका लागि उनीहरूको सामाजिक, आर्थिक विकासमा सहभागि गराउन नसकेकै कारणले समाजमा विभिन्न किसिमको विभेद रहेको पाइन्छ । हिंसा विरुद्ध श्रीमानको विपक्षमा उजुरी गर्ने तर भोलिपल्ट देखि उसैको सरणमा बस्नुपर्ने भएकोले गर्दा उजुरी गर्नुको कुनै अर्थ छैन । त्यसैले समाजमा रहेका सामाजिक, आर्थिक, शैक्षिक असमानतालाई नहटाएसम्म समाजमा महिलाहरू पितृसत्तात्मक संरचनाबाट सधै भरी नै पीडित भइरहने देखिन्छ ।

उक्त अध्ययनका क्रममा उत्तरदाता महिलाहरूले आफुमाथि भएको हिंसाप्रति उजुरी गर्दा न्याय पाए नपाएको विवरणलाई तलको तालिकामा देखाइएको छ ।क

**तालिका नं. २२ : उजुरीमा न्याय पाए नपाएको विवरण**

| उजुरीमा न्याय पाए नपाएको विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| न्याय नपाएका | २ | १८.१८ |
| न्याय पाएका | ८ | ७२.७२ |
| प्रक्रियामा रहेका | ३ | २७.२७ |
| जम्मा | १३ | १००.०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

तालिका नं. २२ अनुसार उत्तरदाता महिलाहरू मध्ये ७२.७२ प्रतिशत महिलाले आफुले दिएको उजुरी माथि न्याय पाएको देखियो जसमा महिलालाई बोक्सीको आरोप लगाई कुटपिट गर्ने हिंसकले पिडित पक्षलाई क्षतिपूर्ति दिई अब आइन्दा यस्तो आरोप नलगाउने सहमति गराइयो । भने न्याय नपाएका १८.१८ प्रतिशत महिलाले आफुले दिएको उजूरी माथि न्याय नपाएको पाइयो । २७.२७ प्रतिशत महिलाहरूले आफुले दिएको उजुरीमाथि छानविन हुदै गरेको बताएका थिए । यसमा न्याय नपाउनुको प्रमुख कारण महिलाहरू आर्थिक रूपले कमजोर हुनु, अशिक्षीत हुनु, गरीबी आदि कारणले पाउन नसकेको बताए ।

हाम्रो जस्तो पुरुष प्रधान समाजमा एउटी चेली विवाह पूर्व दाजु, भाई, बाबुको थिचोमिचोमा बस्न बाध्य पारीन्छ भने विवाह पश्चात श्रीमान् वा श्रीमान्का आफ्ना मानिसहरूको थिचोमिचोमा बस्न बाध्य पारीन्छ । तथा उनीहरूको आफ्ना विचार तथा इच्छाहरू लुकाउन बाध्य हुन्छन् र जति हिसात्मक कार्य पुरुषले गरेपनि सहेर जिवनयापन गरिरहन्छन् ।

### ५.४.२ महिलाको कानुनी व्यवस्था सम्बन्धी जानकारी

महिला प्रति हुने हिंसालाई कम गर्न वा रोक्नका लागि सबैभन्दा पहिला शिक्षामा जोड दिनुपर्ने धारणा रहेको छ । महिलाहरूलाई शिपमुलक तालिमहरू प्रदान गरेर

आत्मनिर्भर बनाउनु जरूरी रहेको जसले गर्दा पुरुष माथिको आर्थिक निर्भरतामा कमि आउछ साथै त्यस्ता  शिपमुलक तालिमले आय आर्जनको बाटो खोलिदिने हुँदा महिलामा आत्मविश्वारस जगाउन सक्ने हुन्छ । उक्त अध्ययनमा हिंसा सम्बन्धि महिलाहरूको सचेतनाका बारेमा कुरा गर्दा कतिपय महिलाहरूलाई हिंसा भनेको के हो भन्ने कुरा नै थाहा नभएको जानकारी पाइयो भने अधिकाशं महिलाहरू प्राय घरभन्दा र कृषि कार्यमा संलग्न हुने हुदा विरुद्ध कानुनी उपचार हुन्छ भन्ने कुराको जानकारी नभएको पाइयो । जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. २३ : महिलाको कानुनी व्यवस्था सम्बन्धी जानकारीको विवरण**

| कानुनी व्यवस्थाको जानकारी | संख्या | प्रतिशत |
|---|---|---|
| भएको | १७ | ३४ |
| नभएको | ३३ | ६६ |
| जम्मा | ५० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

तालिका नं. २३ अनुसार उत्तरदाता महिलाहरू मध्ये ३४ प्रतिशत महिलालाई महिला विरुद्धको हिंसा सम्बन्धमा भएको कानुनी व्यवस्था सम्बन्धि प्रावधानको जानकारी भएको पाइयो । भने ६६ प्रतिशत महिलाहरूमा सो सम्बन्धी जानकारी नभएको पाइयो जसको कारण महिलाहरू घरको बाहिर नजानु तथासदस्यबाट हुने हिंसा समबन्धमा छुट्टै कानुन बन्न नसकेको तथा आफु माथि भएका हिंसाका प्रमाण पुर्‍याईरहन कठिन हुने कारणले न्याय पाउन कठिन भएको पाइयो ।

### ५.५ उत्तरदाता महिलाले भोगेका हिंसालाई कम गर्ने उपायहरू

अध्ययन क्षेत्रमा रहेका महिलाले भोगेका हिंसालाई कसरी कम गर्न सकिन्छ भन्ने सन्दर्भमा सबै उत्तरदाता महिलाहरूलाई प्रश्न गर्दा ती महिलाहरूले व्यक्त गरेको विचार तालिका मा प्रस्तुत गरिएको छ ।

तालिका नं. २४ : उत्तरदाता महिलाले भोगेका हिंसालाई कम गर्ने उपायहरू

| शीर्षक | संख्या | प्रतिशत |
|---|---|---|
| महिलालाई सीपमूलक तालिम प्रदान गरी आत्मनिर्भर बनाउने | १९ | ३८ |
| महिला शिक्षामा जोड दिने | ११ | २२ |
| महिला सशक्तीकरणको माध्यमबाट आफूलाई कमजोर ठान्ने मानसिकता हटाउने | ८ | १६ |
| जनचेतनामूलक कार्यक्रम संचालन गर्ने | ५ | १० |
| छोराछोरीमा हुने भेदभाव हटाउने | ७ | १४ |
| जम्मा | ५० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

तालिका नं. २४ अनुसार उत्तरदाता महिलाले अहिले भैरहेको महिला हिंसा कम गर्न सुझाएका जम्मा पाँचवटा उपायहरूलाई तालिकामा प्रस्तुत गरिएको छ । यस तालिका अनुसार सबैभन्दा बढी उत्तरदाताले महिलालाई सीपमूलक तालिम प्रदान गरी आत्मनिर्भर बनाउन सकिएको खण्डमा महिला हिंसा कम हुने मत राखे । जसम उत्तरदाता मध्ये ३८ प्रतिशत महिलाले यस्तो मत राखे । त्यसै गरी, हिंसा कम गर्न महिला शिक्षामा जोड दिनु पर्छ भन्ने मत राख्नेमा २२ प्रतिशत महिला रहेका पाइए । हिंसा कम गर्न छोराछोरीमा हुने भेदभाव हटाउनु पर्दछ भन्नेमा १४ प्रतिशत, महिला सशक्तीकरणको माध्यमबाट आफूलाई कमजोर ठान्ने मानसिकता हटाउनु पर्नेमा १६ प्रतिशत, र जनचेतनामूलक कार्यक्रम संचालन गर्नु पर्छ भन्नेमा १० प्रतिशत उत्तरदाता रहेका थिए ।

यस क्षेत्रका महिलाहरूमा भैराखेको हिंसाको प्रकृति, हिंसाका कारण, र हिंसा सहेरै बस्नु पर्ने वाध्यता श्रृजना गर्ने कारक तत्वहरूको विश्लेषण गरी तिनको नतिजा माथि उल्लेख गरिएको छ । यस क्षेत्रका महिलाहरूले शारीरिक र मानसिक दुवै प्रकृतिका हिंसा भोग्नु परेको अध्ययनको नतिजाले प्रष्ट पारेको छ । यी दुई मध्ये मानसिक हिंसा भोग्नेको संख्या शारीरिक हिंसा भोग्नेको तुलनामा बढी देखियो । शारीरकि हिंसा आफ्नै श्रीमान्‌बाट र मानसिक हिंसा सासू, ससुरा, देवर, जेठाजु, नन्द, र बुहारीबाट हुने गरेको महिलाहरूले

जानकारी गराएका छन् । हिंसाको प्रकृतिसँगै यस अध्ययनमा तिनका कारणहरू पनि खोतल्ने प्रयास गरिएको थियो । उत्तरदाताले महिलाले उनीहरूमाथि हिंसा हुने कारणहरूमा जाँड रक्सीको सेवन, गर्भपतन, बहुविवाह, सम्पत्ति सम्बन्धी विवाद एवम् गरिबी, अशिक्षित बुहारी, छोरा र छोरीका विचमा हुने भेदभाव, छोरी र बुहारी विचको भेदभाव, दाइजो, तथा सासू र बुहारी विचको बेमेल रहेको जानकारी दिए । ती मध्ये बहुविवाह र सम्पत्ति सम्बन्धी विवाद एवम् गरिबी महिलामाथि हुने हिंसाका प्रमुख कारण भएको जानकारी पनि उनीहरूले दिए । यी विविध कारणहरूले हिंसाका घटनाहरू हुने गरेको भए तापनि अधिकांश महिलाहरूले आफूले भोग्नु परेको हिंसाको जानकारी अरुलाई नदिई सकेसम्म सहेरै बस्ने गरेको पाइयो । आफ्नो छुट्टै आर्जन केही नभएकाले हिंसाको जानकारी अरुलाई गराउँदा भोलि झन दुःख पाइएला कि भन्ने मानसिकता व्याप्त परम्परागत र धार्मिक मान्यता यी महिलाहरूले हिंसा सहेर बस्नुका प्रमुख कारण भएको नतिजा विश्लेषणबाट निस्कियो । यी महिलाहरूबाट हिंसा कम गर्ने उपायहरूका बारेमा समेत जानकारी लिइएको थियो । महिलालाई सीपमूलक तालिम प्रदान गरी आत्मनिर्भर बनाइएको खण्डमा हिंसाका घटनामा कमी आउनेमा अधिकांश महिलाहरूको मत रहेको देखियो ।

# परिच्छेद छ
# साराशं र निष्कर्ष

## ६.१ साराशं

महिलामाथिको घरेलु हिंसा एक अमानविय व्यावहार हो । यो मानव अधिकार विरुद्धको अपराध पनि हो । शारीरिक, मानसिक, सामाजिक धार्मिक रूपमा महिलामाथि दिइने यातनालाई महिला विरुद्धको हिंसाका रूपमा लिन सकिन्छ । मानिसहरूको सचेतनाको स्तर, सामाजिक मूल्य मान्यता, प्रथा परम्परा, धर्म संस्कार आदिका नाममा महिलालाई विभेद गरिदा महिला विरुद्धका घरेलु हिंसाका घटनामा कमि हुन सकेको छैन । महिलामाथि हुने शारीरिक यातनालाई मात्र नभई मानसिक, धार्मिक, कानुनी रूपमा यातनालाई पनि महिला विरुद्धको हिंसा मान्नुपर्ने हुन्छ । वास्तवमा महिलाहरू कस्ता प्रकारका हिंसाबाट पीडित हुने गरेका छन् । अध्ययनका क्रममा छनोट गरिएका महिलाले भोगेका हिंसाको प्रकार हिंसाप्रतिको उनीहरूको धारणा, समाधानका उपायहरू पत्ता लगाउने उद्देश्य अधययनका क्रममा थियो । अध्ययनसँगै सम्बन्धित विभिन्न पत्रपत्रिका, प्रकाशित लेख, रचना प्रतिवेदन, विद्धानहरूको भनाईबारे अध्ययनका क्रममा समिक्षा गरिएको थियो ।

यस अध्ययनका लागि आवश्यक सूचनाहरू संकलन गर्न अन्तर्रवार्ताबाट प्राथमिक तथ्याङ्क संकलन गरिएको छ । जसमा अवलोकन, प्रश्नावली/अर्न्तरर्वाता, व्यक्तिगत अध्ययन र द्वितिय तथ्याङ्क अन्तर्गत सरकारी तथा गैर सरकारी संस्थाका प्रकासित तथा अप्रकासित तथ्याङ्कहरू प्रयोग गरिएको छ । अध्ययनका लागि दक्षिणकाली नगरपालिका अर्न्तगतको वडा नं. ७ फर्पिङ्ग लाई लिइएको छ । वर्णनात्मक अनुसन्धान ढाँचाको अध्ययनका क्रममा अवलम्बन गरिनुका साथै आवश्यक तथ्य संकलनका लागी प्राथमिक तथा द्वितीय तथ्याङ्कको प्रयोग गरिएको थियो । प्रस्तुत अध्ययनमा समय अर्थको सीमा जस्ता कारणले गर्दा पनि सिमित क्षेत्र भित्र पनि सबै महिलालाई समेट्न सकिएको छैन ।

छनोटमा परेका महिलाहरूमा उमेर अनुसार अध्ययन गर्दा २० देखि ३० वर्ष समुहका महिलाहरू बढि हिंसा पीडित भएको देखियो त्यसपछि ३० देखी ४० वर्ष समुहका महिलाहरू हिंसा पीडित भएको देखियो । त्यस्तै अध्ययनको क्रममा सबैभन्दा कम ५० वर्षदेखी ६० वर्ष उमेरका रहेका थिए । दक्षिणकाली नगरपालिका अर्न्तगतको वडा नं. ७

फर्पिङ्गमा छनोटका महिलाहरू एकल र सयुक्त गरी दुई प्रकारका परिवारमा बस्दै आएका देखियो । जसमध्ये एकल परिवारमा ३४ प्रतिशत उत्तरदाता महिलाहरू बस्दै आएको पाइयो भने सयुक्त परिवारमा ६६ प्रतिशत महिला बस्दै आएको देखियो । उक्त अध्ययनबाट संयुक्त परिवारमा बस्दै आउने महिलाको संख्या धेरै देखियो जहाँ उनीहरू आफ्नो श्रीमान र छोरा छोरीका तथा परिवारका साथ बस्दै आएका छन् । त्यसैले संयुक्त परिवारमा नै घरेलु हिंसा बढि भएको देखियो । जहाँ श्रीमानले जाँड रक्सी सेवन गरी विभिन्न प्रकारले गाली गलौज गरी श्रीमतीलाई मानसिक तथा शारीरिक पीडा दिइएको पाइयो भने सयुक्त परिवारमा बस्ने महिलामाथि पनि घरका सदस्यहरू श्रीमान, सासु, नन्द, देवर, जेठाजु, जेठानी, सौता जस्ताले दाँइजोको कारण आफ्नो चरित्र माथि लान्छना लाएर माइतीलाई दोष लगाएर नपढेका कारण, छोराछोरी जन्माएका कारण र बच्चा नभएका कारण जस्ता विविध कारणहरू देखाएर महिला माथि शारीरिक तथा मानसिक हिंसा हुने गरेको पाइयो ।

दक्षिणकाली नगरपालिका अर्न्तगतको वडा नं. ७ फर्पिङ्गमा रहेका उत्तरदाता महिलाहरूका रूपमा ५० जना महिलाहरू लिइएकोमा विवाहित र श्रीमानहरू भएका महिलाको अध्ययन गरिएको थियो भने छनैाटमा परेका महिलाहरूको जातिगत विवरण पनि यहाँ प्रस्तुत गरिएको छ जसमा ब्राम्हण जाति अर्न्तगत महिलाहरूको संख्या ११ जना अर्थात २२ प्रतिशत रहेका छन् । गुरुङ जाति अर्न्तगतका महिला ७ जना अर्थात १४ प्रतिशत, दमाई जाति अर्न्तगत २ जना अर्थात ४ प्रतिशत रहेका छन् । सार्की जाति अर्न्तगत २ जना अर्थात ४ प्रतिशत रहेका छन् । त्यस्तै गरी नेवार जाति अर्न्तगत ९ अर्थात जना गरी १८ प्रतिशत रहेका छन् भने तमाङ जाति अर्न्तगत १० जना अर्थात २० प्रतिशत र मगर जाति अर्न्तगत ६ जना अर्थात १२ प्रतिशत रहेका छन् ।

प्रस्तुत अध्ययनको क्रममा महिलाको पेशाको पनि अध्ययन गरिएकोमा अधिक प्रतिशत महिलाहरू कृषि र ज्यालादारी पेशा अवलम्बन गरेको पाइएको थियो भने केही ब्यापार, व्यवसाय गरेको पाइयो साथै प्राइभेट जागिर गरेका १० प्रतिशत महिला संलग्न रहेको पाइयो भने घरमै चुलो चौको गरी गृहणीको रूपमा रहेका महिलाहरू १६ प्रतिशत नै पाइयो ।

प्रस्तुत अध्ययनको क्रममा उत्तरदाता महिलाले विभिन्न प्रकारका हिंसाहरू भोगेको पाइयो । उत्तरदाता महिलालाई शारीरिक, मानसिक, यौनजन्य हिंसाका छुट्टाछुट्टै प्रश्नहरू सोधेको थिए । मानसिक हिंसा पनि श्रीमान र परिवारका अन्य सदस्यबाट हुने गरेको पाइयो ।

शारीरिक हिंसा अन्तर्गत श्रीमानबाट हिंसा भएको पाइयो । श्रीमानले अत्याधिक रक्सी सेवन गरेर आएपछि श्रीमती पिट्ने वा घरको सदस्यबाट कुरा लगाई श्रीमतीलाई पिट्ने गरेको पाइयो । जसमा श्रीमानबाट थप्पड हान्ने, घरेलु सामानले हान्ने, भुताल्ने, ठेल्ने, धकेल्ने जस्ता श्रीमानबाट पीडित महिलामा  रहेको पाइयो । लातले हान्ने, घिसार्ने वा कुट्ने २४ प्रतिशत रहेका थिए । केही कारणलाई निहु बनाएर डढाउने वा आगो लगाउने प्रयास गरी हिंसा भोगेका महिला ३६ प्रतिशत र हतियार वा चक्कु देखाएर तर्साउने श्रीमानबाट पीडित महिलामा छ भन्ने ६५ प्रतिशत छैन भन्ने ३५ प्रतिशत रहेको पाइयो । समग्रमा छैन भन्ने भन्दा छ वा हिंसा भोगेका महिला अधिक मात्रमा रहेको पाइयो ।

दक्षिणकाली नगरपालिका अर्न्तगतको वडा नं. ७ फर्पिङ्गमा बस्ने उत्तरदाता महिलाले शारिरीक, मानसिक र यौनजन्य हिंसाबाट शारीरिक समस्या मानसिक समस्या र स्वास्थ्य समस्या भोगेका बताएका थिए । जसमा शारीरिक हिंसाबाट शारीरिक समस्या भोग्ने समग्र उत्तरदाता महिलामध्ये काटेको ३०%, मर्केको २४%, पोल्ने (डढाएको) १४%, हड्डि भाँचिएको १०%, दाँत भाँचिएको ६% रहेको पाइयो भने अन्य तर्फ १६% रहेको थिए । अन्यमा समस्या भोग्नेमा धेरै कुटपिट गरेका कारण खुट्टा सुनिएको, शरिर सुनिएको, अनुहारमा निलडाम भएको, फुलेको र भातले पोलेको भन्ने पाइयो । त्सस्तै समग्र महिलामध्ये श्रीमानबाट शारीरिक समस्या भोग्ने अधिक रहेका थिए त्यस्तै मानसिक हिंसाबाट मानसिक समस्या भोगेको उत्तरदाता महिलाहरूमा डर लाग्छ भन्ने ३६%, तनाव हुन्छ भन्ने २६%, उदासिनता हुने महिला १०%, रहेका थिए । त्यस्तै श्रीमानबाट रक्सी सेवन गर्ने, जुवातास खेली घरमा आएर मार्छु भन्ने धम्की दिंदा अब म बाँचेर के हुन्छ भनी आत्महत्याको सोचाइमा पर्ने महिलाहरू १४% रहेका थिए भने आत्महत्याको प्रयास गरी बाँच्न सफल भएका महिलाहरू ४% रहेका थिए । श्रीमानबाट सधै धम्की, पीडा दिएपछि अब बाँच्नको अर्थ नै छैन भनी विष सेवन गर्ने र घरमा झुन्डिन लाग्दा परिवारका सदस्य र छिमेकीले थाहा पाई बाँच्न सफल भएका महिलाहरू २ जना अर्थात ४% रहेका पाइयो ।

समग्र उत्तरदाता माथि जाँड, रक्सी सेवनका कारण हिंसा हुने गरेको त्यस्तै गरिवी तथा आर्थिक कारण, अशिक्षा, दाइजो , बहुविवाहका कारण हिंसा पीडित बनेका थिए । यसरी महिलाहरू माथि भएको हिंसाका कारण शारिरीक, मानसीक दुवै किसिमको असर पर्न गएको पाइएको छ । अधिक महिलाहरू शारीरिक हिंसाका कारण, शरिरका अंगहरूमा काटेको, मर्केको, हड्डि भाँचिएको अनुहारमा निलडामका साथै सुनिएको शारिरमा मुक्का हानिएको खुट्टा सुनिएका जस्ता असर पर्न गएको पाइएको छ ।

हाम्रो नेपाली समाजमा महिला हक हितको निम्ति बनाइएका कानुनको वारेमा पिडक तथा पीडित दुवै पक्षलाई जानकारी नहुदा यस अध्ययन क्षेत्रका महिलामाथि घरेल ुहिंसाका घटना वढी रहेको देखिन्छ । उत्तरदाता महिलाहरू मध्ये ३४ प्रतिशत महिलालाई महिला विरुद्धको हिंसा सम्बन्धमा भएको कानुनी व्यवस्था सम्बन्धि प्रावधानको जानकारी भएको पाइयो । भने ६६ प्रतिशत महिलाहरूमा सो सम्बन्धी जानकारी नभएको पाइयो जसको कारण महिलाहरू घरको बाहिर नजानु तथा शिक्षाको कमि हुनु, श्रीमानको भरमा बस्नु आदि कारणले गर्दा जानकारी नभएको पाइयो । घर परिवारका सदस्यबाट हुने हिंसा समबन्धमा छुट्टै कानुन बन्न नसकेको तथा आफु माथि भएका हिंसाका प्रमाण पुर्याईरहन कठिन हुने कारणले न्याय पाउन कठिन भएको पाइयो । । हिंसा पीडित महिला जहाँ भन्न गएका छन् उनीहरूले रक्सी सेवन कम गर्ने, श्रीमान, श्रीमती मिलेर बस्ने, परिवारको रेखदेख गर्ने, छोरी पनि छोरा सरह हुन् उनीहरूलाई राम्रोसँग पढाई आफ्नो खुट्टामा आफै उभिनु पर्ने वातावरण सृजना गराइदिनुपर्दछ भन्ने धारण व्यक्त गरेका छन् तसर्थ अध्ययनका क्रममा उत्तरदाता महिलाहरूले धेरै प्रकारका हिंसाहरू भोग्दै आएका छन् । तर पनि कतिपय महिलाहरूले यस्ता हिंसालाई सामान्य रूपमा लिएको पाइयो । कतिपय महिलाहरूले घरपरिवार, श्रीमान, तथा समाजमा अस्तित्व गुम्ला भन्ने डरले तथा छोरा छोरीको भविष्यका लागि यस्ता हिंसाहरू दबाएर राखेको पाइयो ।

## ६.२ निष्कर्ष

अध्ययन क्षेत्रमा छनोटका अधिकाश महिलाहरू अशिक्षित मात्रै रहेको पाइयो भने रूढिवादी सामाजिक मानसिकतामा हुर्केका कारण आफ्नो अधिकार प्रति अनभिज्ञ रहेको पाइयो । छनोटको अधिकाश महिलाको स्पष्ट आयआर्जको वाटो नभएका कारण ज्याला मजदुरी गर्ने गरेका, आर्थिक रूपमा श्रीमान् तथा परिवार प्रति निर्भर रहँदै आएको तर

हालको अवस्थामा आएर भने सिलाई, वुनाई, पशुपंक्षी पालन जस्ता सीपमुलक कार्यमा संलग्न हुन थालेको पाइन्छ । र पहिलाको तुलनामा केही मात्रामा आर्थिक अवस्थामा पनि सुधार आएको पाइयो ।

अध्ययन क्षेत्रका महिलाले शारीरिक तथा मानसिक हिंसाको शिकार हुँदै आएको देखिन्छ । उत्तरदाता महिलाले आफु माथिका श्रीमान तथा परिवारका अन्य सदस्यबाट भएका हिंसाका घटनालाई ठुलो रूपमा नलिएता पनि शारीरिक, मानसिक, यातना बढ्दै गएपछि मात्र असह्य भई कानुनी उपचारका लागी जानु परेको जानकारी दिएका छन् । छनोटका महिलाबाट आफूले घरको काम सकेर जागिरमा पुग्ने गरेको अवस्थामा पनि समयमा घरमा नपुग्दा श्रीमान तथा घरका सदस्यबाट सतित्वमाथी लाञ्छना लगाइने ज्यालादारीको रूपमा काम गर्न श्रीमान श्रीमती सँगै काममा जाँदा श्रीमतीले अन्य ब्यक्तिलाई हेर्दा चरित्रमाथि दाग लगाउने, आर्थिक स्थिती कमजोर भएर छोराछोरीलाई पढाउने कुरामा श्रीमानलाई भन्दा रक्सी खाएर आई पैसा दिनुस् भनी झगडा गर्ने विवाहपछि बच्चा नभएको कारण श्रीमान र सौताबाट अपमानित बन्नुपरेको, अशिक्षा र पुरुषत्वका कारण रक्सी सेवन गरी श्रीमतीलाई दुर्व्यवहार गर्ने दाइजो नल्याएको जस्ता कारणले गर्दा लोग्ने तथा परिवारका अन्य सदस्यबाट मानसिक र शारीरिक रूपमा हिंसापीडित बन्नु परिरहेको पाइयो ।

यस अध्ययन क्षेत्रको मुख्य पेसा व्यवसाय कृषि रहेको छ । कृषि पेसाबाट गरेको उपार्जन नै  परिवार चलाउने आम्दानीको मुख्य स्रोत भएको पाइयो । यहाँका महिलाहरूसँग अन्तरवार्ता लिने क्रममा कतिपयले आफूले भोगेको हिंसात्मक गतिविधिको जानकारी दिन हिच्किचाएको पाइयो । यसले उनीहरूमा परिवारका सदस्य र समाजले भोलि के भन्ला भन्ने डर रहेको तथ्य प्रष्टैसँग झल्किन्थ्यो । यस क्षेत्रका महिलाले परनिर्भरता, अशिक्षा, सामाजिक लान्छनाको डर, र परम्परागत/धार्मिक मान्यताका कारण हिंसा सहेर बसेको पाइएको छ । यसरी महिलाहरू आफूमाथि परेको अन्याय सहेर घरमै बस्दा महिला हिंसा अझ व्यापक हुँदै गएको छ । साथै यी महिलाहरूले आफ्नो श्रीमान्बाट भएको सामान्य कुटपिट तथा गालिगलौजका घटनाहरूलाई हिंसाको रूपमा लिन नहुने बताए । यसरी हिंसा सहेर बस्नेमा शिक्षित तथा अशिक्षीत दुवै महिलाहरू पनि पाइए ।

छोरी र बुहारीलाई समान व्याहार नगर्ने बुहारीलाई हेप्ने, कामको बोझ थुपार्ने, घरको महत्त्वपूर्ण निर्णयमा सहभागि नगराउने, दाईजोको लागि प्रसय दिने, आदि जस्ता घटनाले गर्दा महिला हिंसा बढि भएको पाइयो । यसरी समग्र अध्ययनका आधारमा के भन्न सकिन्छ भने सामाजिक विकृतिका रूपमा रहेको जाँड रक्सी सेवन गर्ने, श्रीमतीलाई पिट्ने, अनैतिक कार्य गर्ने, महिला बेचविखन गर्ने सम्बन्धमा कडा भन्दा कडा कारबाहि गर्ने र जाँड रक्सी वितरण गर्नेलाई नियन्त्रण गनुपर्ने देखिन्छ ।

# सन्दर्भ सामग्री सूची


अर्याल भोजेन्द्र (२०६३), **बेइजिङ्ग सम्मेलनको घोषणा**, काठमाडौ :  लैङ्गिक अपराध ।

अर्याल, भोजेन्द्र (२०६८). **लैङ्गिक तथा महिलावादी अध्ययन**, काठमाडौं : ज्ञानकुञ्ज प्रकाशन ।

आचार्य, बलराम (२०६०), **लैङ्गिक अध्ययन**, काठमाडौं : नेशनल बुक सेन्टर, भोटाहिटी ।

आचार्य, मीना, (२०५५), ध्कभल बलम भअयलक्ष्थस्जभ प्मथ ष्ककगभ, दृण्छछ।

अम्बिका, गोकर्ण (२००७), महिलामाथिको हिंसा एच.आइ.भी. को महिला करण प्रारम्भ कम्प्युटर सेवा ८ मार्च २००७ ।

उपाध्याय, विद्यानाथ, (२०५३), **शोध प्रस्ताव र सामग्री सङ्कलन**, ऋतुम्भरा (अर्धवार्षिक पत्रिका), वर्ष १, अङ्क १, काठमाडौं, अनुसन्धान केन्द्र, म.सं.वि. वसन्तपुर, (पृ. ६२-७०) ।

ओझा, घनश्याम, (२०६७) **नेपालमा महिला**, काठमाडौं : पैरवी बुक हाउस ।

खनाल, नारायणप्रसाद, (२०६६), **नेपाली स्नातकोत्तर तहमा शोध प्रतिवेदन लेखनको संक्षिप्त रूपरेखा, विवेक**, वर्ष २५, अंक ८, चितवन : वि.वि. प्रा.सं. वी. व. क्या.प्रा.सं. एकाइ समिति, पृ. ७-१४ ।

खनाल, पेशल, (२०६०) **शैक्षिक अनुसन्धान पद्धति**, काठमाडौं स्टुडेन्ड बुक्स पब्लिसर्स एन्ड डिस्ट्रिव्युटर्स ।

चौलागाई तिलकप्रसाद, सापकोटा केशवराज, (२०६६), **लैङ्गिक अध्ययन**, कीर्तिपुर : एकेडेमिक बुक सेन्टर ।

चौधरी, रूपा (२०६६), **“महिला आन्दोलन पुरूष विरोधी होइन”**, काठमाडौं : राष्ट्रिय महिला आयोग  भद्धकाली प्लाजा ।

नेपाल सरकार, (२०७१), राष्ट्रिय योजना आयोगको सचिवालय, केन्द्रिय तथ्याङ्क विभाग, काठमाडौं ।

पहाडी, राजेन्द्र (२०६६), **महिला विरुद्ध हिंसा एक सामाजिक विवेचना**, ललितपुर : समसामयिक अध्ययन केन्द्र ।

पौडेल, तुलसीराम (२०६०) **नेपाली समाजमा महिला अधीनता र पितृसत्तात्मक पारिवारिक संरचना बीचको सम्बन्ध**, स्नातकोत्तर तह शोधपत्र त्रि.वि. ।

बन्धु, चूडामणि (२०३४), **अनुसन्धान प्रबन्धको रूप र शैली**, कीर्तिपुर : पाठ्यक्रम विकास केन्द्र, त्रिभुवन विश्वविद्यालय ।

बुर्लाकोटी, बिना (२०६९), **घरेलु हिंसा र नेपाली महिला**, स्नातकोत्तर तह शोधपत्र त्रि.वि. ।

मल्ल, सपना (२०६०), **यौनजन्य दुरव्यवहार, प्रतिवेदन**, लैङ्गिक समानताको मूलप्रवाहिकरण कार्यक्रम, लेखक ।

महिला कानुन र विकास मञ्च (२०६७), **सत्य निरूपण तथा मेलमिलाप आयोग विधेयक**, २०६८ र महिलाका सरोकारहरू ।

महिला कसुर र विकास मञ्च (२०६७, पृ. १६४), **लैङ्गिक हिंसा विरुका कानुनी व्यवस्थाको जानकारी पत्र** ।

महिला कानुन र विकाश मञ्च ९ँधम्० द्दण्छढ, महिला विरूद्धको सबै प्रकारको भेदभाव उन्मुलन गर्ने महासन्धी ऋभम्बध्, धारा - छ ।

मार्क्स, कार्ल र फेडरिक एङ्गेल्स (१९८४), **मार्क्स एङ्गेल्स रचना संग्रह**, काठमाडौं एरावति प्रकाशन ।

“महिला तथा बालबालिका हिंसा बढ्दोक्रममा”, (२०६८), **कान्तिपुर**, राष्ट्रिय दैनिक ।

थपलिया, शान्ता (२०५८), **महिला विरुद्धको अपराध र नियन्त्रण सम्बन्धि कानूनी पक्ष, प्रतिवेदन**, न्याय सेवा आयोग सचिवालय, (परिशिष्ट) ।

यमी, हिसिला र भट्टराई, बाबुराम, (२०५५), **मार्क्सवाद र महिला मुक्ति**, काठमाडौं : उत्प्रेरक प्रकाशन ।

राष्ट्रिय महिला आयोग, (२०५९) **न्यायका लागि आवाज**, लेखक ।

राष्ट्रिय महिला आयोग, (आ.व. २०७०/२०७१), **वार्षिक प्रतिवेदन**, लेखक ।

राजभण्डारी, रेणु, (२०५५), “पारिवारिक हिंसा र महिला स्वास्थ्य”, सयपत्री, वर्ष २ पौष ।

वि.स्वा.स., (१९९७), **महिला हिंसा सम्बन्धी प्रतिवेदन**, जेनेभा : विश्व स्वास्थ्य संगठन ।

भट्टराई, ज्ञानेश्वर (२००८), **महिला विकास अधिकृत परीक्षा दिग्दर्शन**, काठमाडौं : आशिष बुक्स हाउस प्रा.लि. ।

भण्डारी, ऋतुराज (२०६६), **महिला अधिकार**, काठमाडौं : राष्ट्रिय महिला आयोग भद्रकाली प्लाजा ।

श्रेष्ठ, श्याम, (२०५०), **मुलुकी ऐन एक टिप्पणी**, काठमाडौं : पैरवी प्रकाशन ।

सं.रा.सं (२००२), **महिला विरूद्धको सबै प्रकारको भेदभाव उन्मुलन गर्ने महासन्धी** ९ऋभम्ब्ध०
२०५९ धारा -६, न्यूयोर्क : संयुक्त राष्ट्रसंघ ।

ब्अजबचथब, :। ९ज्ञढढठ०। **न्भलमभच भत्रगबष्तिथ बलम झउयधभचकभलत या धफभल**, एबचष्कस ग्लँएब

ब्अजबचथब, ग्कजब ९ज्ञढढड० **त्चबाास्अपष्लन ष्ल ऋजषमिचभल बलम तजभष्च भ्हउयिष्तबतष्यल ष्ल एचयकतष्तगतष्यल बलम यतजभच क्ष्लतयभिचबदभि ायचकक या अजषमि बिदयच।०** ऋयगलतचथ च्भउयचत ल्भउबर्ा, ज्ञढढड।

द्यभललभत, ी। ९ज्ञढडघ०। **म्बलनभचयगक ध्ष्खभक बलम क्बअचभम क्ष्कतभचकस क्यअर्षा बलम क्ष्फदयषि्अ च्यभिक या ज्ष्नज(ऋबकतभ ध्फभल ष्ल ल्भउबा।** ल्भध थ्यचप, ऋयफिदष्ब ग्लष्खभचकष्तथ एचभकक।

द्यजबमचब, ऋ। ९ज्ञढढढ०। **म्भखभयिऊभलत उबिललष्लन बलम धफभल/** प्वतजक्रबलमगस :न्भ्ए।

द्यजबकष्ल, प ९ज्ञढढघ०। **ध्जबत ष्क एबतचष्बचअजथरु** ल्भध म्भजिष प्बषि ायच धफभल।

ँधिम ९द्दण्ण्०। **म्ष्कअचष्लबतयचथ बिधक ष्ल ल्भउर्बा बलम तजभष्च ष्उबअत यल धफभलस ब चभखष्भध या तजभ अगचचभलत कष्तगबतष्यल बलम उचयउयकबकि ायच अजबलनभ।** प्वतजक्रबलमगस ँधिम

:र्बाबि, क् ९द्दण्टट०। **क्ष्लजभष्तलअभ चष्नजतक या ल्भउबषि धफभलस व्यगलभचथ तयधबचमक भत्रगबष्तिथ।** प्वतजक्रबलमगस ँयचग्फ ायच ध्फभल, ीबध बलम म्भखभयिऊभलत।

:इएभ ९द्दण्ड्ढ०। **ल्भउर्बा उयउगबितष्यल चभउयचत।** प्वतजक्रबलमगस :ष्लष्कतचथ या एयउगबितष्यल बलम भ्लखष्चयल्कभलत।

च्भन्क्ष, क् ९द्दण्ण्०। ूक्तबतगक या ध्फभल ग्लमभच तजभ एचभकभलत ीभनर्बा क्थकतभ्ू **ब्ललगर्बा क्गाचखभथ या ल्भउबभिकभ ीबध/** प्वतजक्रबलमगस ल्भउर्बा द्यबच ऋयगलअषी एए। घटज्ञ(घडछ।

क्ब्त्ज्क्ष ९ज्ञढढठ०। **ब क्ष्तगबतष्यलर्बा ब्लबथिकष्क या ख्ष्यभिलअभ बनबष्लकत ध्फभल बलम न्ष्चकि ष्ल ल्भउबा।** क्ब्त्ज्क्ष प्वतजक्रबलमग।

क्ब्त्ज्क्ष ९द्दण्ज्ञ०। **ब क्तगमथ यल तजभ एकथअजय(क्यअर्षा क्ष्उबअतक या ख्ष्यभिलअभ ब्नबष्लकत ध्फभल बलम न्ष्चकि धष्तज क्उभअर्षा ायअगक यल च्बउभ, क्ष्लअभकत, बलम एयथिनकथ।** प्वतजक्रबलमगस क्ब्त्ज्क्ष

ग्ल ९द्दण्ड०। **ख्ष्यभिलअभ बनबष्लकत धफभलस ब उचबअतष्अर्बा नगष्मभ ायच चभकभबचअजभचक बलम बअतष्खष्तष्भक/** ल्भध थ्यचपस ग्ल

ग्ल्क्ष्ऋभँ ९ज्ञढढट०। **ऋजषमिचभल बलम धफभल या ल्भउबसि ब कष्तगबतष्यलर्बा बलबथिकष्क।** प्वतजक्रबलमगस ग्ल्क्ष्ऋभँ

ग्ल्क्ष्ऋभँ ९द्दण्ज्ञ०। **ब चभाभचभलअभ पष्त यल खष्यभिलअभ बनबष्लकत धफभल बलम नष्चकि ष्ल क्यगतज ब्कष्ब।** प्वतजक्रबलमगस ग्ल्क्ष्ऋभँ

ग्लष्तभम ल्बतष्यल म्भखभयिऊभलत एचयनचबकभ ९ग्ल्म्ए०, ९ज्ञढढड०। **ज्फबल म्भखभयिऊभलत च्भउयचत**, ल्भध म्भजिष्स इहायचम ग्लष्खभचकष्तथ।

## प्रश्नावली

## दक्षिणकाली नगरपालिका वडा नं. ७ मा बसोबास गर्ने महिला विरुद्ध हिंसाका प्रकार र कारणहरु

१) उत्तरदाताको नाम :-.................................................

२) तपाईको उमेर :- ................वर्ष

३) घरधूरी सख्या :- ..................

४) तपाई कुन धर्म मान्नुहुन्छ ?

क) हिन्दु ख) बौद्ध ग) मुस्लिम घ) क्रिस्चीयन ङ) अन्य

४) तपाईको विवाह भएको छ कि छैन ?

क) छ ख) छैन

५) यदि भएको छ भने कुन उमेरमा विवाह गर्नु भएको थियो ?

.......................................................................

६) तपाईले पढ्नु भएको छ कि छैन ?

क) छ ख) छैन

७) यदि नपढ्नु भएको भए नपढ्नाको कारण के होला ?

.........................................................................................

८) तपाईंका छोरी छन् कि छैनन् ?

क) छन् ख) छैनन्

९) तपाईले छोरीलाई पढाउन आवश्यक ठान्नु हुन्छ कि ठान्नु हुन्न ?

क) ठान्छु ख) ठान्दिन

१०) यदि ठान्नु हुन्छ भने तपाईंले आफ्नी छोरीलाई कति सम्म पढाउने बिचार गर्नु भएको छ ?

क) प्राथमिक शिक्षा ख) माध्यमिक शिक्षा ग) उच्च शिक्षा

११) तपाईंको छरछिमेकमा छोरीलाई पढ्न नपठाएका पनि होलान् । तपाईंलाई यसरी छोरीलाई पढ्न नपठाउनुको कारण के होला जस्तो लाग्छ ?

क) आर्थिक अभाव भएकोले

ख) घरमा काम गर्ने मानिसको अभाव भएकोले

ग) विवाह गरी अर्काको घर जाने भएकोले

घ) अन्य

१२) तपाईको परिवारको प्रकार कस्तो छ ?

क) एकल ख) संयुक्त

१३) तपाईले आफ्नो विवाहमा दाइजो ल्याउनु भएको थियो ?

क) ल्याएकी थिए ख) ल्याएकी थिइन

ग) अन्य .............................................

१४) ल्याउनु भएको थियो भने किन ल्याउनु भएको थियो ?

....................................................................

१५) तपाईको पेसा व्यवसाय के होला ?

क) कृषि ख) ब्यापार

ग) ज्याला मजदुरी घं) सेवा ङ) अन्य

१६) तपाईको श्रीमान्ले के काम गर्नु हुन्छ ?

.........................................................................................................

१७) तपाईको आम्दानीको मुख्य स्रोत के हो ?

.........................................................................................................

१८) तपाईको समुदायका महिलाहरू बढी जसो कुन पेसामा संलग्न छन् ?

.........................................................................................................

१९) तपाईको श्रीमान्ले तपाई प्रति गर्ने व्यवहार तपाईलाई कस्तो लाग्छ ?

क) राम्रो ख) नराम्रो ग ) ठिकै

२०) तपाईको घर र समुदायमा महिलालाई लाञ्छित गर्ने, कुटपिट गर्ने, राम्रोसँग खान लाउन नदिई हेला गर्ने या अन्य यस्तै खाले हिंसा वा दुर्व्यवहार हुने गरेको सुन्नु भएको छ ?

क) छ ख) छैन

२१) यदि छ भने कस्ता खालका हिंसा बढी हुने गरेका छन् ?

क) बोक्सी या यस्तै कुनै आरोप लगाउने ख) कुटपिट गर्ने

ग) राम्रोसँग खान लाउन नदिई हेला गर्ने घ) बच्चा धेरै जन्माउन बाध्य पार्ने

ङ) सौता हाल्ने

२२) तपाई आफू पनि हिंसा वा दुर्व्यवहारको सिकार हुनु हुन्छ कि ?

क) छु ख) छैन

२३) तपाई प्रति गरिने घरेलु हिंसा कुन बेला देखाइन्छ ?

क) रक्सी सेवन गरेपछि ख) लागुपदार्थ लिएपछि

ग) जुवा/तास खेलेपछि घ) अन्य कुनै

२४) तपाईंलाई परिवारका कुन कुन सदस्यबाट हिंसा वा दुर्व्यवहार गरिन्छ ?

क) पति ख) सासु

ग) नन्द अमाजू घ) देउरानी जेठानी

ङ) पति बाहेक परिवारका अन्य पुरुष सदस्य

च) परिवारका अन्य महिला सदस्य

२५) तपाई प्रति भएको हिंसा सम्बन्धमा तपाईले कुनै निकायलाई जानकारी दिनु भएको छ ?

क) छ ख) छैन

२६) यदि छैन भने किन ?

क) आफ्नो इज्जत जाने डर ख) समाजबाट निकालिने डर

ग) घरबाट निकालिने डर घ) अन्य

२७) तपाईले हिंसा सहनु भएको छ भने कस्तो प्रकारको हिंसा सहनु भएको छ ?

क) शारीरिक यातना (कुटपिट) ख) मानसिक यातना (गालिगलौज)

ग) दाइजोको कारणबाट घर निकाला घ) अन्य कारण

२८) तपाईले कस्तो प्रकारको शारीरिक समस्या भोग्नु पेरेको छ ?

क) काटेको ख) मर्केको ग) पोल्ने/डढाएको

घ) हड्डि भाचिएक्को ङ) दाँत भाचिएको च) अन्य

२९) यस सम्बन्धमा सहयोग लिन खोज्दा उ/उनीसँग साँचो कारण बताउनु भएको छ ?

क) बताएको छु ख) बताएको छैन ।

३०) यदि बताउनु भएको छ भने उ/उनले के सल्लाह सुझाव दिनु भयो ?

.............................................................................................................

३१) तपाईको विचारमा घरेलु हिंसाबाट पीडित भएको महिलालाई कस्तो किसिमको सहायता चाहिन्छ ?

क) सल्लाह र सुझाव ख) परिवारले हेरविचार गर्नुपर्छ ।

ग) पीडकलाई कानुनी कारबाही घ) खुला कानुनी सहयोग

ङ) औषधी उपचारमा सहयोग च) आर्थिक सहयोग

छ) पीडितलाई सहायता कार्यक्रम ज) अन्य

३२) घरेलु हिंसा सम्बन्धी घटनाहरूको विवरण दिन महिलाहरूलाई के कुराले रोकेको छ ?

क) शिक्षाको कमी र अस्विकार ख) सामाजिक दवाव

ग) आर्थिक कारण घ) पुरुष दवाव

ङ) संस्कृति र परम्परा

च) अधिकार प्रति नकारात्मक अवधारणा छ) अन्य कारण

३३) महिला प्रति गरिएका हिंसात्मक घटना हटाउन कुन कुन पक्षमा सुधार गर्नुपर्ला ?

क) .............................. ख) ....................

ग) ............................. घ) .......................

३४) तपाईको बिचारमा घर वा समुदायमा महिलामाथि हुने हिंसा वा दुर्व्यवहार लाई नियन्त्रण गर्न सकिन्छ कि सकिंदैन ?

..........................................................................

*सहयोगका लागि धन्यवाद !*